का.जि.का.द.नं. ५६८/०६८/०६९

*“प्रेरणा र आशीर्वाद नै जीवनमार्ग हो”*

# हुमागाईं दर्पण

*(हुमागाईं बंशावलीको प्रारम्भिक नमुनासहित महत्त्वपूर्ण दस्तावेज)*

वर्ष–१ अङ्क–१ २०७२

प्रकाशक

**हुमागाईं समाज नेपाल**

*काठमाडौं, नेपाल*

# हुमागाईं दर्पण

*(हुमागाईं बंशावलीको प्रारम्भिक नमुनासहित महत्त्वपूर्ण दस्तावेज)*


| | | |
|---|---|---|
| सम्पादन | : | हुमागाईं दर्पणका लागि रामचन्द्र हुमागाईंद्वारा सम्पादित । |
| प्रकाशक | : | हुमागाईं समाज नेपाल, काठमाडौँ ।<br>सम्पर्क नं.- ९८४१-३७२७०७/९८५१०३२०० <br>इमेल–nepalbhoomee@yahoo.com |
| प्रकाशन | : | प्रथम, २०७२ |
| सर्वाधिकार | : | प्रकाशकमा |
| प्रति | : | १००० प्रति |
| सहयोग स्वरुप मूल्य | : | रू. ५००।- |
| कम्प्युटर डिजाइन | : | रामसुन्दर हुमागाईं<br>नूर डेस्कटप सर्भिस, पुतलीसडक, काठमाडौं ।<br>सम्पर्क नं.- ९८५१०-७४५२०, ०१-४२५७८२७ |
| टाइपिङ सहयोगी | : | प्रशन्न हुमागाईं<br>चावहिल, काठमाडौं । |
| मुद्रक | : | नेपालमा मुद्रित |

# हुमागाईं दर्पण प्रकाशन समिति



**भीष्म हुमागाईं**
**संयोजक**



**किशोर हुमागाईं**
**सदस्य**



**निशान हुमागाईं**
**सदस्य**



**मदन हुमागाईं**
**सदस्य**



**विदुर हुमागाईं**
**सदस्य**



**रामसुन्दर हुमागाईं**
**सदस्य**



**शालिकराम हुमागाईं**
**सदस्य**



**चन्द्र हुमागाईं**
**सदस्य**



**भानुभक्त हुमागाईं**
**सदस्य**

**सल्लाहकारहरू:**

● *सोमप्रसाद हुमागाईं,* ● *डण्डप्रसाद हुमागाईं,* ● *उत्तम हुमागाईं,* ● *रामप्रसाद हुमागाईं*

## प्रारम्भिक हुमागाईं बंशावली सङ्कलनकर्ताको नामावली

१. सोमप्रसाद हुमागाईं, कुशादेवी, काभ्रे ।

२. उत्तम हुमागाईं, काठमाडौं ।

३. वासुदेव हुमागाईं, पानीट्याङ्की, काभ्रे ।

४. कुलचन्द्र हुमागाईंका साथमा सहयोगीहरूः बलराम हुमागाईं, हरिशरण हुमागाईं, सीताराम हुमागाईं, रामचन्द्र हुमागाईं, रुद्रप्रसाद हुमागाईं, रामशरण हुमागाईं, हरि हुमागाईं, दिपक हुमागाई तथा गणेशप्रसाद हुमागाईं, भेंडाबारी, बाँसखर्क, दाप्चा, भूकण्डे, काभ्रे ।

५. कृष्णप्रसाद उपाध्याय हुमागाईंका साथमा सहयोगीहरूः भक्ते खत्री हुमागाईं, पं. तिलकप्रसाद हुमागाई तथा घनश्याम हुमागाईं, दैलेख ।

६. इन्द्रप्रसाद हुमागाईं, शारदा बतासे ।

७. राजेन्द्रप्रसाद हुमागाईं, विराटनगर ।

८. भूषण हुमागाईं, आसाम, हालः काठमाडौं ।

९. केशव हुमागाईं/डा. पुष्पलाल हुमागाईं, आसाम (भारत) हालः भक्तपुर ।

१०. विनोद (गोविन्द) हुमागाईं, बल्थली, काभ्रे ।

११. शम्भु हुमागाईं, चन्द्रनिगाहापुर, रौतहट ।

१२. वेदनाथ हुमागाईं, मकवानपुर ।

१३. गोकूल हुमागाईं, धुलाबारी, झापा ।

१४. रामचन्द्र हुमागाईं, चितवन ।

१५. विष्णुप्रसाद हुमागाईं, ललितपुर ।

१६. शालिकराम हुमागाईं, पात्लेखेत, काभ्रे ।

१७. भीमप्रसाद हुमागाईं, ललितपुर ।

१८. वसुन्धरा हुमागाईं/मदन हुमागाईं, कलाँती, भूमिडाँडा, काभ्रे ।

१९. विदुर हुमागाईं, पनौती-१०, सुन्थान, काभ्रे ।

२०. रामसुन्दर हुमागाईं, कुशादेवी-६, काभ्रे, हालः कालिमाटी, काठमाडौं ।

# हुमागाईं समाज नेपालका केन्द्रीय पदाधिकारीहरू


सोमप्रसाद हुमागाई
अध्यक्ष


रामचन्द्र हुमागाई
उपाध्यक्ष


रामप्रसाद हुमागाई
महासचिव


लक्ष्मण हुमागाई
सचिव


डण्डप्रसाद हुमागाई
कोषाध्यक्ष


सुश्री गंगा हुमागाई
सदस्य


गीता हुमागाई
सदस्य


डा. पुष्पलाल हुमागाई
सदस्य


श्रीकृष्ण हुमागाई
सदस्य


गंगाप्रसाद हुमागाई
सदस्य


अच्युत हुमागाई
सदस्य


विनोद (गोविन्द) हुमागाई
सदस्य


कृष्णहरी हुमागाई
सदस्य


ध्रुवप्रसाद हुमागाई
सदस्य


नितु हुमागाई
सदस्य


किशोर हुमागाई
सदस्य


बालकृष्ण हुमागाई
सदस्य


निशान हुमागाई
सदस्य


वासुदेव हुमागाई
सदस्य


रमेश हुमागाई
सदस्य


मोहनकृष्ण हुमागाई
सल्लाहकार


शिवप्रसाद हुमागाई
सल्लाहकार


उत्तम हुमागाई
सल्लाहकार


भूषण हुमागाई
सल्लाहकार

# xd'fufO{ aGw'x¿sf nflu

## विशेष सूचना

o; xd'fufO{ bk{0fdf xfdLn] ; s]; Dd j+zfjnLdf ; d6]gkg[ s'/fx¿ ; d6]g]kbf ; u/]sf 5f}+ xfdLn] xd'fufO{x¿sf] j+z -k': tf_ vf]hL ug{ qmddf sltko lhNnf / 7fpF¿ 56'g uPsf klg x'g ; S5g\. s[kof To: tf 56'g uPsf xd'fufO{ ; DaGwL cfkm"; Fu ePsf dxŒjk"0f{ hfgsf/L tyf cf^gf kl/jf/x¿sf] gfdfjnL oyfzLl3|k|sflzt x'g uO/x]sf] **बृहत् हुमागाई वंशावली** df k|sfzgsf ug{sf nflu lgDg JolQm tyf kmf]g gDa/x¿df ; Dks{ u/L k': tsdf kl/lDes ¿kdf k|sfzg ul/Psf] j+zfjnLsf] km/d[6 cg'; f/ gfdfjnL ; dfj]z u/L oyfzLl3| pknAw u/fOlbg'x'g aGw'x¿ nfO{ xflb{s cg'/f]w ub{5f}+

## सम्पर्क व्यक्ति तथा फोन नम्बर


१. **रामचन्द्र हुमागाई, फोन नं. ९८४१-३७२७०७**
**E-mail:** nepalbhoomee@yahoo.com

२. **कुलचन्द्र हुमागाई, फोन नं. ९८४१-३६२७२४, ०१-४४६९५६३, ०१६२०५२६५**
**E-mail:** kasp641@gmail.com

३. **रामप्रसाद हुमागाई, फोन नं. ९८५१०-५८१४३**
**E-mail:** rhumagai@gmail.com

४. **रामसुन्दर हुमागाई, फोन नं. ९८५१०-७४५२०, ०१-४२५७८२७**
**E-mail:** ramsundarjee@gmail.com / noordesktop@gmail.com

५. **भीष्म हुमागाई, फोन नं. ९८५१०-३६८८९**
**E-mail:** b.humagain2014@gmail.com

६. **निशान हुमागाई, फोन नं. ९८५१०-५०४४७, ०१-४१८१४८**

– बृहत् हुमागाई वंशावली प्रकाशन समिति

# मन्तव्य



**– सोम प्रसाद हुमागाई,**
*अध्यक्ष, केन्द्रिय समिति, हुमागाई समाज, नेपाल*

हुमागाई समाज नेपालको दोश्रो राष्ट्रिय भेला तथा संस्था दर्तापछिको प्रथम साधारण सभाका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, केन्द्रीय समिति, उपत्यका उपसमिति, महिला उपसमिति, प्रकाशन समिति, उपकेन्द्रका बन्धुहरू, प्रतिनिधि बन्धुहरू तथा शुभेच्छुकहरूमा केन्द्रिय समितिको तर्फबाट न्यानो अभिवादन तथा स्वागत गर्दछु ।

हामी को हौं, कहाँबाट आयौं । हाम्रा पुर्खाहरू कहाँ थिए । हामी सबैको मनमा उठेका कुरा हुन । हाम्रो वंशको बारेमा हामीलाई खुल्दुली लागेको थियो । कुरा कहाँबाट उठाउने, कसलाई भन्ने, कसले गरिदिने भन्ने कुरामा हामी अलमलमा थियौं । जन्ती मलामीमा कुरा उठ्ने गर्दथ्यो तर कहिल्यै टुङ्गोमा पुग्न सकिएन । बुढापाकालाई हामी को हौं ? कहाँबाट आयौं ? हाम्रो वंश के हो ? तपाईंलाई के थाहा छ ? भनी प्रश्न गर्दा उहाँहरूबाट उत्तर आउने गर्दथ्यो- हामी काभ्रेबाट आएका रे, हामी नित्युपाध्यका सन्तान रे । तर, हाम्रो पूर्खाका बारेमा सोधनी हुँदा बुढापाकाले श्राद्धमा तपर्ण दिने तीन पुस्ताको नाम बाहेक अरु बताउन सक्नुहुन्नथ्यो । हुनपनि कसरी बताउने कहीं लेखपढ छैन, पढे लेखेको होइन । हाम्रो वंशको नामावली कसैले काभ्रेमा होला, कसैले बल्थली, कसैले कुशादेवी, कसैले दाप्चामा होला, सबै ठाँउमा बुढापाकाहरूको भनाई यस्तै-यस्तै कही कतै पनि भेटिदैन ।

२०५४ साल तिरको कुरा हो । काभ्रेका शिव हुमागाईं र काभ्रेकै मोहनकृष्ण हुमागाईंको काठमाडौंमा भेट भएछ । उहाँहरू दुवैजनाले वंशजको कुरा गर्नुभएछ । यो कुरा कसले उठाउने, कहाँ जम्मा हुने बारेमा छलफल भएछ र मोहनकृष्ण हुमागाईं कै पहलमा काठमाडौंको मिनभवन क्याम्पसको प्राङ्गणमा जम्मा हुने तय गरी काभ्रे जिल्लामा बसोवास गर्ने केही हुमागाईं र ललितपुरमा बस्ने केही हुमागाईं सहित सम्भव भएसम्म काठमाडौंमा बसोबास गर्ने अन्य जिल्लाका हुमागाईं समेत तीस-पैतीस जनाको भेला भयो । भेलामा हुमागाईंहरूको बंशावली संकलन गर्नुपर्ने आवश्यकता महसुस गरियो र अर्को दिन फेरि जम्मा हुने निष्कर्ष गरी भेला समापन गरियो ।

२०५४ साल फागुन तिर फेरी दोस्रो भेलाको आयोजना गरियो । त्यस बेला टेलिफोनको सुविधा सामान्य थियो । सम्भव भएसम्म टेलिफोनबाट आमन्त्रण गरियो र मिनभवन क्याम्पसमा दोस्रो पटक भेला भयो । भेलाबाट मोहन कृष्ण हुमागाईंको संयोजकत्वमा २१ जनाको बंशावली संकलन समति गठन गरियो सोही दिन बंशावली संकलनका लागि रकमको आवश्यकता पर्ने भएकाले उत्तम हुमागाईंको संयोजकत्वमा पाँच सदस्यीय आर्थिक समिति बन्यो । कार्यालय उत्तम हुमागाईंको घर नयाँ बानेश्वरमा एउटा कोठा निःशुल्क दिने र कार्य सञ्चालन गर्ने निर्णय गरियो र, कार्य प्रारम्भ भयो । यतिकैमा २०५६ सालको सांसदको निर्वाचन घोषणा भयो । निर्वाचन कै सिलसिलामा शिव हुमागाईंलाई निर्वाचनमा सहयोग पुऱ्याउने उद्देश्य हो र यसमा हाम्रो सहमत छैन भनेर केही हुमागाईं बन्धुहरू पछि हट्नुका साथै काममा असहयोग हुँदै गयो र वंशावली संकलन कार्य निष्कृय भयो ।

२०६७ फागुनमा पनौतीका एकजना भाइको ओम अस्पतालमा मृत्यु भयो । त्यहाँ जम्मा भएका आफन्त हुमागाईं बन्धुहरूले एउटाले अर्कोलाई नचिन्ने अवस्था रह्यो । परिचय हुँदा एउटै बाजेको सन्तान एउटाले अर्कोलाई नचिन्ने यो कस्तो अवस्था हो । यसका कारण बेलाबखत आफन्तहरूकोमा भेटघाट नहुने जन्ती मलामी नहुने हामी कसका सन्तान हौं भन्ने थाहा नहुने अझ विडम्बना त आफ्नो थरको पहिचान नगरी शर्मा वा अन्य कुनै राख्ने जस्ता समस्याहरू देखापर्न थाले । शर्मा की छोरी हुमागाईंले हुमागाईंकी छोरी शर्मा थर भएका एउटै हाड नातामा पनि पर्नसक्ने सम्भावना हुनसक्ने अवस्था समेत सिर्जना हुन्छ कि भन्ने डर हुन थाल्यो र त्यही क्षणमा अब हुमागाईंहरू एक हुनुपर्छ एक अर्काको पहिचान हुन जरुरी छ । हुमागाईं थरीका मानिसहरू कहाँ-कहाँ छन् यसको खोजी हुनुपर्दछ । एक हुमागाईंले अर्को हुमागाईंको सुख, दुःख थाहा पाउनुपर्छ, एकले अर्कालाई सघाउनु पर्छ आदि/इत्यादी कुराहरू छलफल हुन थाल्यो र बानेश्वरमा एउटा भेलाको आयोजना गर्ने सहमति गरियो । भेलामा उपस्थित बन्धुहरूबाट सोमप्रसाद हुमागाईंको संयोजकत्वमा एउटा केन्द्रीय तदर्थ समिति गठन भयो र सोही भेलामा तत्कालीन हुमागाईं बन्धु सांसद शिवप्रसाद हुमागाईंको सम्मान पनि गरियो र त्यही भेला र पटक-पटकको बैठकको निर्णयबाट एउटा राष्ट्रिय भेला गर्ने तय गऱ्यो ।

२०६८ जेष्ठ ७ गते काभ्रे जिल्लाको बनेपामा रहेको अरनिको हलमा हुमागाईंहरूको प्रथम राष्ट्रिय भेला गरियो, तदर्थ समितिका संयोजक श्री सोमप्रसाद हुमागाईंको सभापतित्वमा भएको प्रथम राष्ट्रिय भेलामा काभ्रेलगायत झापा, बिराटनगर, रौतहट, सर्लाही, चितवन, मकवानपुर, ललितपुर र काठमाडौंसमेत गरी चार सय भन्दा बढी हुमागाईं बन्धुहरूको उपस्थिति रह्यो । सोही भेलामा सम्भव भएसम्म ७० वर्ष उमेर पुगेका जेष्ठ हुमागाईं

बन्धुहरूलाई सम्मान गर्ने कार्य गरियो र प्रथम भेलाबाट सोमप्रसाद हुमागाईंको अध्यक्षतामा रामचन्द्र हुमागाई, रामप्रसाद हुमागाईं, डण्डप्रसाद हुमागाई, लक्ष्मण हुमागाई क्रमशः उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र सचिवको तय गरी २१ सदस्यीय हुमागाईं समाज नेपाल नामक संस्थाको केन्द्रीय समिति अनुमोदन गरियो र साथै उक्त केन्द्रिय समितिलाई संस्थाको विनियम अर्थात् विधान तयार गरी संस्था दर्ता गर्ने, हुमागाईंहरूको इतिहास खोज गरी स्मारिका तयार गर्ने, सम्भव भएसम्म वंशावली संकलन गरी प्रकाशन गर्ने र राष्ट्रिय भेला अर्थात साधारणसभा गर्ने कामको जिम्मा लगाईएको थियो ।

केन्द्रिय समितिको अथक प्रयासबाट पटक-पटक बैठक बसी संस्थाको विधान निर्माण गर्ने काम, बंशावली संकलन गर्ने काम, समाजको इतिहास खोज गर्ने काम र वार्षिक रूपमा समाजको भित्तेपात्रो प्रकाश गर्ने कामलाई निरन्तरता दिने काम भयो । यसका लागि समाजका उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्षलगायत केन्द्रीय समिति, काठमाडौं उपत्यका उपसमिति, महिला उपसमिति, सल्लाहकारहरू विभिन्न उपकेन्द्रका बन्धुहरूको अथक प्रयास रह्यो र उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । उहाँहरूलाई समाजको तर्फबाट हार्दिक बधाईका साथ धन्यवाद दिन चाहन्छु । हुमागाईं समाजको इतिहास, हालसम्म संकलित बंशावली लगायतका सामग्री संकलन गरी हुमागाईं दर्पण नामक पुस्तक प्रकाशन समितिका अध्यक्षलगायत त्यसमा खट्नु हुने सम्पूर्ण सहयोगीहरूलाई धेरैधेरै धन्यवाद दिन चाहान्छु ।

हुमागाईं समाज नेपाललाई एउटा सामाजिक संस्थाको रूपमा सामाजिक क्रियाकलाप कार्य संचालन गर्ने हुमागाईंहरूको खोजी गर्ने, आर्थिक सामाजिक र सांस्कृतिक विषयमा प्रवर्द्धन र संवर्द्धन हुने खालका काम गर्ने शुद्ध सामाजिक संस्थाको रुपमा विकास गर्नु जरुरी छ । यसलाई एउटा हुमागाईं समाजको प्रतिष्ठानको रूपमा सञ्चालन गर्नुपर्छ । देशभित्र र बाहिर भएका हुमागाईंहरूले गरेका राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक विषयहरूको उल्लेखनीय कार्यको लेखाजोखा गरी राम्रा कार्यहरूको रेकर्ड राख्ने प्रचार-प्रसार र प्रदर्शन गर्ने कार्य पनि यो संस्थाले गर्नु जरुरी हुन्छ ।

आज २०७२ साल चैत्र २७ गते हुमागाईंहरूको पुर्ख्यौली थलो काभ्रे जिल्लाको काभ्रे भञ्ज्याङमा नित्य चण्डेश्वर महादेवको मन्दिर प्राङ्गणमा दोस्रो राष्ट्रिय भेला तथा संस्था दर्ता पश्चात हुन लागेको प्रथम साधारण सभामा उपस्थित मेचीदेखि महाकालीसम्मका तथा देशबाहिरबाट आउनुभएका प्रतिनिधि तथा शुभेच्छुक हुमागाईंहरूलाई स्वागत गर्दछु । यहाँहरूले प्रत्येक भेलाबाट दिनुभएका कामहरू आज पुरा भएको छ । यहाँहरूले दिनु भएको जिम्मेवारीलाई संस्थाको विधान तयार गर्नु र संस्था दर्ता गर्नु हुमागाईंहरूको इतिहासको खोजी गर्नु र <u>प्रकाशन गर्नु, बंशावली संकलन गर्नु र प्रकाशन गर्नु प्रथम वार्षिक साधारण सभाको</u>

आयोजना गर्नु यी चार कुरा जिम्मा दिनु भएको थियो । आज पुरा भएका छन् । यसका लागि केन्द्रिय समिति, विभिन्न उपसमिति, सल्लाहकार समिति, उपकेन्द्र समिति तथा दर्पण प्रकाशन समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

संस्थाको विधान निर्माण गरी व्यवहारमा कार्यान्वयन गर्दा ती बुँदाहरू संशोधन गर्नुपर्ने देखिएको छ । आजको साधारणसभामा छलफल हुने नै छ । विगतका गतिविधिका बारेमा र यस संस्थाको आम्दानी खर्चका बारेमा पनि छलफल हुने नै छन् । यही साधारणसभाले आगामी चार वर्षका लागि केन्द्रिय समितिको निर्वाचन सम्पन्न गर्नुपर्नेछ । हुमागाईं समाज नेपाल नामक संस्थालाई सक्षम संस्थाको रूपमा संस्थागत विकास गरी सञ्चालन गर्न संस्थालाई समय दिन सक्ने सक्षम व्यक्तिहरूको छनौट गर्न समेत अनुरोध गर्दछु ।

अन्तमा, यो प्रथम वार्षिक साधारणसभा सफल र सम्पन्न पार्नु हुने केन्द्रिय समिति विभिन्न उपसमिति, प्रकाशन समिति, प्रतिनिधिहरू, पत्रकार मित्रहरू, उपकेन्द्र प्रतिनिधिहरू, शुभेच्छुक हुमागाईं बन्धुहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद : हुमागाईं समाज ।

# प्रकाशकीय

**पुत्रस्य परमो र्धमः पितृद्धारसमो नही ‼ पितृद्धारम् न कुरुते स्वयम् च सुखमिच्छती स याती नरकं घोरं यावच्चन्द्रार्कमेदिनी ‼!**

छोरा, छोरी (सन्तान) को ठूलो धर्म के हो भने पितृको उद्धार गर्नु हो, जुन छोरा, छोरी (सन्तान) ले पितृको उद्धार नगरी आफू सुख भोग गर्दछ र सुख भोग पछि मात्र लाग्दछ भने ती छोरा, छोरी (सन्तान) जबसम्म चन्द्र, सूर्य, र पृथ्वी रहन्छन् तबसम्म घोर नरकमा पर्दछ।

तसर्थ कुनै कूलमा जन्म लिएपछि उक्त कूलको संरक्षण गर्नु, उद्धार गर्नु र सो कूलको श्रीबृद्धिमा आफ्नो तर्फबाट योगदान गर्नु प्रत्येक सन्तानको कर्तव्य हो। यसै अनुरुप हामी हुमागाईं कूलका सन्ततीहरूले आफ्नो कूलको पहिचान तथा श्रीबृद्धि गर्ने मनसायले मिति २०६८ वैशाख महिनामा यस हुमागाईं समाज नेपाल नामको स्थापना गरी पुनः मिति २०६८ जेठ ७ गते यस संगठनलाई पुर्नगठन गरी बिधिवत् रुपमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मिति २०६८ मंसिर १९ गते संस्था दर्ता गरी सञ्चालनमा आएको सबैलाई सर्वविदितै छ।

साथै यस हुमागाईं समाज नेपाल अर्न्तगत हुमागाईं समाज नेपाल केन्द्रीय समिति, उपत्यका समन्वय समिति, अन्य हुमागाईं बन्धुहरू बसोबास गरिरहेका बिभिन्न जिल्लाहरूमा जिल्ला उपसमितिहरू गठन भई हुमागाईं बन्धुहरूको सामाजिक, सांस्कृतिक श्रीबृद्धिका लागि आफ्नो क्षमताले भ्याएसम्म कार्य गरिरहेको छ। हालसम्मको अध्ययन तथा खोजको क्रममा नेपालभित्र करिब ३५ वटा जिल्ला तथा नेपाल बाहिर भारत, भुटान, अमेरिका, क्यानडा, अष्ट्रेलिया, बेलायत तथा अन्य देशहरूमा समेत बसोबास गरेको जानकारीमा आएको छ। साथै देश तथा विदेशका बिभिन्न संघ संस्था तथा निकायको उच्च तहमा समेत हुमागाईं बन्धुहरूले आफ्नो प्रतिनिधित्व गरिरहेका छन्।

यसै क्रममा हामीले देशभित्र तथा देश बाहिर रहेका सम्पूर्ण हुमागाईं बन्धुहरूको अवस्थितिको अध्ययन गरी तथा हालसम्म गठन भएका हुमागाईं समाज नेपाल समिति अर्न्तगतका समितिहरू तथा अग्रज हुमागाईं बन्धुमार्फत् संकलन गरिएका तथ्यहरूका आधारमा तयार गरिएको प्रारम्भिक वंशावली तथा यस संस्थाको स्थापना तथा सञ्चालनको क्रममा गरिएका गतिविधिहरु र हुमागाईं बंशको उत्पत्ति, नामाकरण तथा जनसंख्याको विवरणको अवस्थालाई समेटि पछिल्लो पुस्तालाई हस्तान्तरण गर्ने अभिप्राय स्वरुप प्रारम्भिक प्रकाशनको रूपमा यो हुमागाईं दर्पण नामक स्मारिका प्रस्तुत गरिएको छ।

हाम्रो यस प्रथम प्रयासमा हुमागाईंहरूको उत्पत्ति, नामाकरण, बसोबास, जनसंख्याको विवरण सम्बन्धमा हामीले हालसम्म गरेका अध्ययन तथा सीमित खोजले सङ्कलन गरेका तथ्यांक तथा स्थितिलाई मात्र यसभित्र समेटेका छौं। पक्कै पनि यो पूर्ण हुँदै होइन, तैपनि

अहिलेसम्म गरिएको सानो प्रयासलाई लिपिबद्ध गरी पछिल्ला दिनमा यस बिषयमा गर्नुपर्ने सुधार, थप तथा संशोधनमा सबै हुमागाईं बन्धुहरूको सुझाव लिने अवसरका रूपमा हामीले यस प्रकाशनलाई लिएका छौं । अझै पनि यसभित्र समेटिनुपर्ने बिषयहरू धेरै नै छन् । धेरै स्थानबाट बंशावलीका नामावलीहरू हामी समक्ष आइपुगेका छैनन् । कतिपय प्राप्त बंशावली पनि अपूरो रहेका छन् । साथै यस बंशावलीमा कतिपय महिला सदस्यहरुको नाम पनि समेट्न सकिएको छैन । यस दर्पणमा समेट्न नसकिएका र सुधार गरिएका बिषयहरूलाई पछिल्ला अंकहरूमा समेट्दै जाने कुरामा सबै हुमागाईं बन्धुहरूलाई विश्वास दिलाउन चाहन्छौं । त्यसैगरी यस दर्पणमा प्रकाशित बिभिन्न लेखहरूका अभिलेखकले हुमागाईं बंशवृत्तको उत्पत्ति तथा विकासको विषयमा बिभिन्न धारणाहरु प्रस्तुत गर्नुभएको छ । प्रस्तुत सबै किसिमका धारणाहरुको विषयमा तथ्य संकलन गरी आधिकारिक धारणा निक्यौंल गर्न हामी अध्ययनको क्रममा नै छौं ।

साथै यस दर्पणमा प्रकाशनको क्रममा आफूसँग रहेका अमूल्य दस्तावेज, संकलन गरिएका हुमागाईं बन्धुहरूको बंश परम्परासम्बन्धी महत्वपूर्ण कागजात उपलब्ध गराई सहयोग गर्नुहुने यस हुमागाईं समाज नेपालका संस्थापक अध्यक्ष मोहनकृष्ण हुमागाईंलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । त्यसैगरी यस हुमागाईं बन्धुहरूको बंशावलीको प्रारुप तयार पार्न भूमिका खेल्नु हुने हुमागाईं समाज नेपालका अध्यक्ष सोमप्रसाद हुमागाईंलाई आभार प्रकट गर्दछौं । यस्तै हुमागाईं समाज नेपाल उपत्यका समितिलाई विश्वास गरी प्रकाशनको जिम्मेवारी प्रदान गर्नुहुने हुमागाईं समाज नेपाल केन्द्रीय समितिलाई हार्दिक धन्यवाद दिनैपर्छ साथै प्रकाशनको परिकल्पना तथा प्रकाशनमा मार्गदर्शन गर्नुहुने प्रकाशन सल्लाहकार समितिका सम्पूर्ण महानुभावहरूलाई समेत यहाँहरूको सहयोगको निमित्त आभार प्रकट गर्न चाहन्छौं । यो हुमागाईं दर्पण तयार गर्दा उपाध्यक्ष रामचन्द्र हुमागाईं तथा वंशावलीको कम्प्युटरसम्बन्धी सम्पूर्ण कार्य गर्ने उपत्यका समितिका सदस्य रामसुन्दर हुमागाईंप्रति विशेष आभार व्यक्त गर्दछौं । यस स्मारिकालाई प्रकाशित गर्न आर्थिक सहयोग गरी स्मारिकालाई सम्पूर्ण हुमागाईं बन्धुको हातहातमा पुऱ्याउन सहयोग गर्नुहुने दाता तथा विज्ञापन प्रदान गर्नुहुने व्यवसायी मित्रहरू तथा शुभचिन्तकहरूलाई समेत हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं ।

साथै प्रकाशनमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण आदरणीय हुमागाईं बन्धुहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

अन्त्यमा, यो हुमागाईं दर्पण प्रकाशन सम्पूर्णबन्धुहरूको उत्पत्ति, नामाकरण, जनसंख्याको विवरणसम्बन्धी ऐतिहासिक अध्ययनका लागि वर्तमान र भविष्यका लागि समेत सन्दर्भ सामाग्री हुने बिश्वास लिएका छौं । साथै हामीले बृहत हुमागाईं वंशावलीको तयारी पनि गरिरहेका छौं । निकट भविष्यमा नै सम्पूर्ण हुमागाईं बन्धुहरूलाई समेटी वंशावली प्रकाशन गर्नेछौं । यसमा सबैको सहयोगको अपेक्षा राखेका छौं । धन्यवाद ।

**- भीष्म हुमागाईं**
संयोजक, प्रकाशन समिति

# हुमागाईं समाजले हालसम्मका गरेका गतिविधिहरू

**'आफ्ना पूर्खाको इतिहास जसले जान्दैन, उसको विगत भनेको जरा विनाको रूख जस्तै हो'।** यो अत्यन्तै सहृदयी लोकोक्ति अनुसार बिभिन्न समुदायहरू जागरुक हुँदै गए। हामी हुमागाईं वन्धुहरू पनि यसबाट प्रभावित नहुने कुरै भएन। यसै क्रममा २०५७ सालमा हुमागाईं वन्धुहरूको भेला भयो र मोहन कृष्ण हुमागाईंको संयोजकत्वमा **'हुमागाईं समाज नेपाल'** को गठन भयो। कुनै पनि सामाजिक संस्था गठन भएर मात्रै हुँदैन, त्यसलाई सक्रिय रूपमा अगाडि बढाउन संस्थामा आबद्ध व्यक्तिहरूको सक्रिय भूमिकाको आवश्यकता पर्छ। केही अग्रज हुमागाई बन्धुहरूका अथक प्रयासले यस समाजलाई अगाडी बढाउन खोजेपनि यसले आफ्नो उद्देश्यलाई सार्थक रूप दिन सकेन।

२०६७ साल फागुन १७ गते ओम अस्पताल चाबहिलको प्राङ्गणमा काभ्रे जिल्ला पनौती ५ बस्ने जगन्नाथ हुमागाईंको मृत्यु शोकमा भेला भएका हुमागाई बन्धुहरूको समूहले हुमागाई बंशको बंशावली तयार गर्नुपर्ने आवश्यकता महशुस गरी हुमागाई समाज नेपाल संस्थालाई पुनः सक्रिय बनाउने उद्देश्य राखी अगाडी बढ्ने निर्क्यौल गरियो। यसपछि हामीले पुरानो समाजको तात्कालीन अवस्था के कस्तो छ भन्ने खोजी गर्न सुरु गऱ्यौं र २०६८ बैशाखमा मीनभवन क्याम्पसको सभाकक्षमा भेला बोलायौं। त्यो भेलाले हामीलाई अरू उत्साहित बनायो। तत्कालै २०६८ जेठ ७ गते बनेपामा बृहत् भेलाको आयोजना गर्ने निर्णय गऱ्यो। बनेपा भेलाले सोमप्रसाद हुमागाईंको अध्यक्षतामा २१ सदस्यीय हुमागाई समाज नेपाल केन्द्रीय कमिटी गठन गऱ्यो। जसमा

**अध्यक्ष-** सोम प्रसाद हुमागाईं, कुशादेवी, काभ्रे।

**उपाध्यक्ष-** रामचन्द हुमागाईं, काठमाडौं।

**महासचिव-** रामप्रसाद हुमागाईं, कुशादेवी, हालः काठमाडौं।

**सचिव-** लक्ष्मण हुमागाईं, ललितपुर।

**कोषाध्यक्ष-** डण्डप्रसाद हुमागाईं, पनौती।

**सदस्यहरू-**

१. गंगा हुमागाईं, काठमाडौं।
२. गीता हुमागाईं, काभ्रे।
३. नितु हुमागाईं, काठमाडौं।
४. किशोर हुमागाईं, काठमाडौं।
५. निशान हुमागाईं, पनौती।
६. गंगाप्रसाद हुमागाईं, प्रवास–झापा।
७. गोविन्द (विनोद) हुमागाईं, वल्थली।
८. रमेश हुमागाईं, काभ्रे।
९. श्रीकृष्ण हुमागाईं, पनौती।
१०. कृष्णहरी हुमागाईं, भिङ्गखोरी, काभ्रे।

११. डा. पुष्पलाल हुमागाईं, भापा–प्रवास । १२. बालकृष्ण हुमागाईं, काठमाडौं ।

१३. धुर्वप्रसाद हुमागाईं, भकुण्डेवेसी काभ्रे । १४. अच्युत हुमागाईं, रौतहट ।

१५. बासुदेव हुमागाईं, काभ्रे

**सल्लाहकार–**

१. शिव हुमागाईं, पनौती । २. उत्तम हुमागाईं, काठमाडौं ।

३. भुषण हुमागाईं, आसाम ।

यो केन्द्रीय समितिको पहिलो बैठकले देश–विदेशमा छरिएर रहेका हुमागाईंहरूको खोजी गर्ने पहिलो निर्णय गऱ्यो र उपाध्यक्ष रामचन्द्र हुमागाईंको नेतृत्वमा केन्द्रीय सदस्यहरूको एक समूह विभिन्न जिल्लामा भ्रमण गरी हुमागाईंहरूको खोजी गरी तथ्याङ्क सङ्कलन गर्ने जिम्मेवारी दिइयो । साथै हुमागाईं समाज नेपाल नामक संस्था विधिवत् दर्ता गर्ने जिम्मेवारी पनि रामचन्द्र हुमागाईं र किशोर हुमागाईंलाई सुम्पियो ।

२०६८ साउन महिनामा रामचन्द्र हुमागाईं, उत्तम हुमागाईं, डण्डप्रसाद हुमागाईं, रामप्रसाद हुमागाईं, गंगाप्रसाद हुमागाईं, रामप्रसाद हुमागाईं र किशोर हुमागाईंको नेतृत्वमा एक टोली विराटनगरमा हुमागाईं बन्धुहरूको अवस्थाको बारेमा अध्ययन गर्न जाने निर्णय गरी निस्कियो । बिराटनगर पुग्दा त्यहाँका बन्धुहरूले गरेको भव्य स्वागत अविस्मरणीय छ । यो टोलीले चार दिनको अबधिमा बिराटनगरमा बसोबास गर्ने हुमागाईं हरूको भव्य भेला आयोजना गऱ्यो । उक्त भेलाले राजेन्द्र हुमागाईंको अध्यक्षतामा उपसमिति गठन गऱ्यो । जसमा

**अध्यक्ष-** राजेन्द्र हुमागाईं

**उपाध्यक्ष-** कृष्ण हुमागाईं

**सचिव-** वसन्त हुमागाईं

**कोषाध्यक्ष-** किरण हुमागाईं

**सदस्यहरू-**

१. मनोज हुमागाईं २. कृष्ण हुमागाईं

३. गीता हुमागाईं ४. रमला हुमागाईं

५. देवेन्द्र हुमागाईं ६. रमेश हुमागाईं

७. सुरेन्द्र हुमागाईं ८. गोविन्द हुमागाईं

**सल्लाहकार-**

१. नरेन्द्र हुमागाईं २. सुशिला हुमागाईं

३. रमेश हुमागाईं ४. महेश हुमागाईं

५. जयन्त हुमागाईं

यसपछि बल्थलीमा सोही स्थानमा बसोबास गर्ने हुमागाईं बन्धुहरूको भेला गरी विनोद हुमागाईंकै अध्यक्षतामा उप-समिति गठन भयो । जसमा

**अध्यक्ष-** विनोद हुमागाईं

**उपाध्यक्ष-** सुमन हुमागाईं

**सचिव-** मीठाराम हुमागाईं

**कोषाध्यक्ष-** भगवान् हुमागाईं

**सदस्यहरू-**

१. वासुदेव के.सी.(हुमागाईं)
२. जयराम हुमागाईं
३. बाबुराम हुमागाईं
४. कल्पना हुमागाईं
५. अञ्जु हुमागाईं

२०६८ को शुभ दिपावलीको उपलक्ष्यमा हुमागाईं समाजले काठमाडौंमा देउसी-भैलो कार्यक्रम गरेको थियो भने सोही वर्ष राष्ट्रिय महिला आयोगकी सदस्य मनु हुमागाईंलाई पनि सम्मान कार्यक्रमको आयोजना गरेको थियो ।

यसैगरी मिति २०६८ साल भाद्र २४ गते काभ्रे भन्ज्याङ्गको हुमागाईं उप-समिति गठन गरियो । हालसम्मको अध्ययन अनुसार काभ्रे भन्ज्याङ्ग हुमागाई बंशको उद्गम थलो पनि भएकोले यस क्षेत्रको समिति गठन गर्नु हाम्रा लागि महत्वपूर्ण थियो । जसमा

**अध्यक्ष-** मीनप्रसाद हुमागाईं

**कोषाध्यक्ष-** हरिप्रसाद हुमागाईं

**सदस्यहरू-**

१. रामेश्वर हुमागाईं
२. भवनाथ हुमागाईं
३. लक्ष्मण हुमागाईं
४. विष्णुप्रसाद हुमागाईं
५. साकुण्डल हुमागाईं
६. राजन हुमागाईं
७. यदुनाथ हुमागाईं

संस्था दर्ता गर्नका लागि विधानको आवश्यकता पर्ने भएकाले कानुन व्यवसायी हुमागाईंहरू रमेश हुमागाई र दयाराम हुमागाईंको सहयोग लिई अध्यक्ष सोमप्रसाद र उपाध्यक्ष रामचन्द्रको जिम्मा लगाईयो र उक्त टोलीले बिधानको निर्माण गरी उक्त बिधानको आधारमा २०६८ मंसिर १९ गते काठमाडौं जिल्ला कार्यालयमा हुमागाईं समाज नेपाल विधिवत् दर्ता गरियो जसको दर्ता नम्बर ५६८/८/१९ रहेको छ ।

२०६८ माघ २८ गते हुमागाईं समाज नेपालको कार्यालयको हल, नयाँ बानेश्वरमा प्रगतिशील साहित्यकार जनकप्रसाद हुमागाईंको स्मृति दिवस भव्य रूपमा मनाइयो । जसमा

दिग्गज साहित्यकारहरूको उल्लेख्य उपस्थिति थियो । यो कार्यक्रममा जनक हुमागाईं परिवारको महत्वपूर्ण भूमिका रह्यो ।

०६८ साल फागुन महिनामा बसेको केन्द्रीय कमिटीले गरेको निर्णय अनुसार प्रत्येक वर्ष हुमागाईं समाजले आफ्नै लोगोमा वार्षिक क्यालेण्डर (भित्तेपात्रो) प्रकाशित गरिरहेको छ । यो क्यालेण्डरमा हुमागाईं समाज नेपालले संचालन गरेका बिभिन्न गतिविधिहरू तथा बन्धुहरूले संचालन गरेका विभिन्न व्यवसायका विज्ञापनहरू प्रकाशित गर्ने गरिएको छ ।

२०६९ सालको नयाँ वर्षसँगै केन्द्रीय समितिको बैठक बसेको थियो । त्यो बैठकमा एकवर्षको प्रगति विवरण पेश गर्नुका साथै आगामी कार्यको योजना पेश भएको थियो । जसअनुसार असार १६ गते उपत्यका उप-समिति गठन गरियो । उपत्यका उपसमितिका रहेका बन्धुहरू यस प्रकार छन् ।

**अध्यक्ष-** भीष्म हुमागाईं

**उपाध्यक्ष-** आर.सी. हुमागाईं

**सचिव-** बिदुर हुमागाईं

**सहसचिव-** गणेश हुमागाईं

**कोषाध्यक्ष-** भानु हुमागाईं

**सदस्यहरू-**

१. रामकृष्ण हुमागाई
२. ध्रुव हुमागाईं
३. रामसुन्दर हुमागाईं
४. दिनेश हुमागाईं
५. यज्ञनिधि हुमागाईं
६. भीम प्रसाद हुमागाईं
७. उद्धव हुमागाईं
८. राजु हुमागाईं
९. निर्मल हुमागाईं
१०. मदन हुमागाईं
११. उद्धव हुमागाईं
१२. लिलानाथ हुमागाईं
१३. कमल हुमागाईं
१४. सरस्वती हुमागाईं
१५. अम्बिका हुमागाईं
१६. जानुका हुमागाईं

मिति २०६९ भाद्र २३ गते शनिबारका दिन काभ्रेकै भिंडाबारीमा कानुन व्यवसायी गणेश हुमागाईंको नेतृत्वमा त्यहाँ पुगेको केन्द्रीय टोलीले वयोबृद्ध लेखनाथ हुमागाईंको अध्यक्षतामा उप-समिति गठन गरियो । जसमा

**अध्यक्ष-** लेखनाथ हुमागाईं

**उपाध्यक्ष-** कमला हुमागाईं

**सचिव-** अप्सरा हुमागाईं

**सहसचिव-** सुष्मा हुमागाईं

**कोषाध्यक्ष-** रुद्रप्रसाद हुमागाईं

**सदस्यहरू-**

| | |
|---|---|
| १. योगनारायण हुमागाईं | २. गोविन्दप्रसाद हुमागाईं |
| ३. मोदनाथ हुमागाईं | ४. हरिप्रसाद हुमागाईं |
| ५. प्रेमप्रसाद हुमागाईं | ६. गोकर्ण हुमागाईं |

यसपछि मिति २०६९ असार २७ गते आर.सी. हुमागाईंको नेतृत्वमा ललितपुरको उत्तरी भेग उन्यौचौरमा भव्य भेलाको आयोजना गरिएको थियो । त्यो भेलाले बिष्णुप्रसादको अध्यक्षतामा ललितपुर जिल्लामा बसोबास गर्ने हुमागाईहरूको उप-समिति गठन गरियो । जसमा

**अध्यक्ष-** बिष्णुप्रसाद हुमागाईं

**उपाध्यक्ष-** हरिप्रसाद हुमागाईं

**सचिव-** पुरुषोत्तम हुमागाईं

**सहसचिव-** चन्द्रकला हुमागाईं

**सदस्यहरू-**

| | |
|---|---|
| १. ढालप्रसाद हुमागाईं | २. रामप्रसाद हुमागाईं |
| ३. तेजप्रसाद हुमागाईं | ४. पुर्णिमा हुमागाईं |
| ६. शान्तप्रसाद हुमागाईं | |

यसपछि मिति २०६९ श्रावण ६ गते पाल्लेखेत पुगेर शालिकराम हुमागाईंको अध्यक्षतामा उपसमिति गठन गरियो । जसमा

**अध्यक्ष-** शालिकराम हुमागाईं

**उपाध्यक्ष-** माननाथ हुमागाईं

**सचिव-** भवनाथ हुमागाईं

**सहसचिव-** सविना हुमागाईं

**कोषाध्यक्ष-** सीता हुमागाईं

**सदस्यहरू-**

| | |
|---|---|
| १. भीमप्रसाद हुमागाईं | २. कृष्ण हुमागाईं |
| ३. योग कुमारी हुमागाईं | ४. हरिप्रसाद हुमागाईं |
| ५. बसन्त हुमागाईं | ६. लक्ष्मण हुमागाईं |

भारतको आसाममा पनि डा. पुष्पलाल हुमागाईंको सक्रियतामा हुमागाईं समाज नेपालको

उप-समिति गठन भएको छ। उक्त समितिमाः

**अध्यक्ष-** केशव हुमागाईं

**उपाध्यक्ष-** नवज्योती हुमागाईं

**सचिव-** कपिलमणि हुमागाईं

**सहसचिव-** बिष्णु हुमागाईं

**कोषाध्यक्ष-** सुमित्रा हुमागाईं

**सदस्यहरू-**

१. शान्तिराम हुमागाईं
२. नमिता हुमागाईं
३. रुद्र हुमागाईं
४. पद्म हुमागाईं

त्यसैगरी २०६८ भाद्र १० गते शनिबार श्यामकुमार हुमागाईंको अध्यक्षतामा उपाध्यक्ष श्रीकृष्ण हुमागाईं, कोषाध्यक्ष यज्ञप्रसाद हुमागाईं, सदस्यहरूमा सुमन हुमागाई, उमाकान्त हुमागाई, चन्द्रप्रसाद हुमागाई, वासु हुमागाई, अमृत हुमागाईंलगायतका सदस्यहरू रहेको पनौती उपसमिति गठन भैसकेको छ।

यस्तै काभ्रेको कुशादेवीमा पनि अत्यन्तै सौहार्द्रताका साथ हुमागाईं समाजको उप-समिति गठन गरियो। जसमाः

**अध्यक्ष-** रविन्द्र हुमागाईं

**उपाध्यक्ष-** ध्रुव हुमागाईं

**सचिव-** केशव हुमागाईं

**सहसचिव-** सालिकराम हुमागाईं

**कोषध्यक्ष-** सुनिता हुमागाईं

**सदस्यहरू-**

१. दिपक हुमागाईं
२. राजकुमार हुमागाईं
३. सुमन हुमागाईं
४. रमेश हुमागाईं
५. सुनिता हुमागाईं
६. सुष्मा हुमागाईं

यसैगरी मकवानपुरमा बसोबास गर्ने हुमागाई बन्धुहरूको भेलाले मकवानपुर उपसमिति गठन गर्‍यो। जसमा

**अध्यक्ष-** वेदनाथ हुमागाईं

**उपाध्यक्ष-** अर्जुन हुमागाईं

**सचिव-** शम्भु हुमागाईं

**सहसचिव-** हरिनारायण हुमागाईं

**सदस्यहरू-**

१. कृष्णप्रसाद हुमागाईं
२. हरिश्चन्द्र हुमागाईं
३. हरि हुमागाईं
४. टिकाकुमारी हुमागाईं
५. मेनकुमारी हुमागाईं
६. वालप्रसाद हुमागाईं
७. कृष्ण हुमागाईं
८. रघुनाथ हुमागाईं

यसैगरी रौतहट जिल्लामा बसोबास बस्ने हुमागाई बन्धुहरूको भेलाले रौतहट उप-समिति गठन गऱ्यो । जसमा

**अध्यक्ष-** शम्भुप्रसाद हुमागाईं

**उपाध्यक्ष-** मोदनाथ हुमागाईं

**सचिव-** अच्युत हुमागाईं

**सहसचिव-** विनोद हुमागाईं

**सदस्यहरू-** उद्धव हुमागाईं

१. कुमार हुमागाईं
२. हरिप्रसाद हुमागाईं
३. मुकुन्द हुमागाईं
४. कृष्णप्रसाद हुमागाईं

झापा जिल्लाको बिभिन्न स्थान अर्जुनधारा, बाहुनडाँगी, धुलावारीमा छरिएर रहेका हुमागाईंहरू एकैठाउँमा जम्मा भएर झापा उप-समिति गठन गरियो । उक्त कमिटी गठनको समाचार स्थानीय लोकतन्त्र पोष्ट नामक पत्रिकाले प्रकाशित पनि गरेको थियो । जसमा

**अध्यक्ष-** गोकूल हुमागाईं

**उपाध्यक्ष-** केशव हुमागाईं

**सचिव-** मुक्ति हुमागाईं

**सहसचिव-** नरेश हुमागाईं

**कोषाध्यक्ष-** बद्री हुमागाईं

**सदस्यहरू-**

१. चेतन हुमागाईं
२. कृष्णमाया हुमागाईं
३. जयनारायण हुमागाईं
४. गणेश हुमागाईं
५. चन्द्रबहादुर हुमागाईं
६. सोमनाथ हुमागाईं

वि.सं. २०७१ भाद्र ८ गते शनिबार हुमागाईं समाज नेपाल, महिला उप-समितिको गठन गरियो । जसमा-

**अध्यक्ष-** भूमिका हुमागाईं
**उपाध्यक्ष-** सुनिता हुमागाईं
**सचिव-** लक्ष्मी हुमागाईं
**सहसचिव-** उषा हुमागाईं
**कोषाध्यक्ष-** भगवती हुमागाईं
**सदस्यहरू-**

| | |
|---|---|
| १. अप्सरा हुमागाईं | २. गीता हुमागाईं |
| ३. देवी हुमागाईं | ४. विमला हुमागाईं |
| ५. राधिका हुमागाईं | ६. गंगादेवी हुमागाईं |
| ७. अञ्जना हुमागाईं | ८. मञ्जु हुमागाईं |
| ९. उर्मिला हुमागाईं | १०. अम्बिका हुमागाईं |
| ११. सरस्वती हुमागाईं | |

सोही वर्ष महिलाहरूले ऐतिहासिक रूपमै हरितालिका तीजको कार्यक्रम हुमागाईं समाज नेपालको केन्द्रीय कार्यालय वानेश्वरमा भव्यताका साथ मनाइएको थियो ।

हुमागाईं समाज नेपालको उपकेन्द्र गठन गर्ने क्रममा केन्द्रीय तथा उपत्यका उप-समितिको समुपस्थितिमा जापान उपकेन्द्र २०७२ पुस ४ गते गठन गरियो । जसमा-

**संयोजक-** नानीनाथ हुमागाईं
**सदस्यहरू-**

| | |
|---|---|
| १. भीमप्रसाद हुमागाईं | २. तोयानाथ हुमागाईं |
| ३. भुवन हुमागाईं | ४. सविना हुमागाईं |

हुमागाईं समाजको बाँकी उपकेन्द्रहरू गठन गरिने क्रम जारी छ । काभ्रेको भुमिडाँडा तथा काभ्रेकै भकुण्डेमा उक्त स्थानमा बसोबास गर्ने हुमागाई बन्धुहरूको सक्रियतामा चाडैं नै नयाँ उप-समितिहरू गठन हुने क्रममा रहेका छन् । त्यसैगरी सर्लाही तथा बारा जिल्लामा पनि नयाँ उप-समितिहरू गठन हुने क्रममा रहेको छ। नेपालको पश्चिम क्षेत्र दैलेखमा पनि प्रसस्तै हुमागाईंहरूको बसोवास भएको जानकारीमा आएकाले हामी त्यहाँ पनि पुग्यौं र त्यहाँको वस्तुस्थिति बुझि कृष्णप्रसाद हुमागाईंको सक्रियतामा निकट भबिष्यमा ती स्थानमा पनि हुमागाईं समाजको उप-समिति गठन हुने तयारीमा रहेको छ । बाँकी जिल्लामा नजिकैको उप-समितिले हेर्ने र एकसयभन्दा बढी संख्या रहेका जिल्लामा नयाँ उप-समिति बनाउने तयारी भैरहेको छ । यसका साथै नेपाल बाहिर पनि प्रवास तथा अमेरिका तथा विश्वका अन्य देशहरूमा समेत त्यहाँ बसोबास गर्ने हुमागाई बन्धुहरूले उप-समिति गठन गर्ने उत्साह देखाउनु भएको छ ।

# विषयसूची


- **अध्यक्षको मन्तव्य**
- **प्रकाशकीय**
- **हुमागाईं समाजले हालसम्म गरेका गतिविधिहरू**
- बंशको पौराणिक इतिहास - रामचन्द्र हुमागाईं १
- हुमागाईं बन्धुको इतिहास - रामप्रसाद हुमागाईं ९
- प्रवासका हुमागाईं - डा. पुष्पलाल हुमागाईं १८
- काभ्रेदेखि विराटनगरसम्मको.... - राजेन्द्र हुमागाईं २१
- धनञ्जय ऋषि र हुँमेगाईंको... - पं. तिलकप्रसाद उपाध्याय हुमागाईं २९
- हुमागाईं वंशावली, वंशावली.... - कुलचन्द्र हुमागाईं ३१
- दैलेख रावतकोटको हुमेगाऊँ र.. - कृष्णप्रसाद उपाध्याय हुमागाईं ४१
- वंशावली तयार गर्ने चासो.... - विनोद (गोविन्द) हुमागाईं ४५
- ॐ (Om) - Bhumika Upadhyaya (Humagain) ४७
- पूर्वी नेपालमा हुमागाईंहरूको... - लक्ष्मी खतिवडा (हुमागाईं) ४९
- प्रवासमा फस्टाएका हुमागाईं - नारायणप्रसाद हुमागाईं ५१
- जीवनका मेरा अनुभूतिहरु - शालिकराम हुमागाईं ५४
- हुमागाईं वंश प्रारम्भ ५७
- वंशावलीको फर्मेट (नमूना) ५८
- कुशादेवी गा.वि.स.का विभिन्न वडाहरूमा बसोबास गरिरहनुभएका हुमागाईं बन्धुहरूको (बसाईसराइ गरी अन्यत्र बसोबास गर्दै आएका विवरण) वंशवृत्ति ६०
- कुशादेवी गा.वि.स.-६, नयाँगाउँमा बसोबास गरिरहेका हुमागाईं बन्धुहरु ७२
- कुशादेवी, पातीखोरियामा बसोबास गर्ने हुमागाईं बन्धुहरूको विवरण ७४
- लामखोरिया तर्फका हुमागाईं बन्धुहरूको विवरण ७५
- कुशादेवी बिर्ताडाँडामा बसोबास गर्ने हुमागाईं बन्धुहरु ७६
- उदयपुर, भुट्टार गा.वि.स वडा नं.-४ हालः मध्यपुर ठिमी-५ बस्ने हुमागाईंहरु ७८
- उर्लाबारी, मोरङ बसोबास गर्ने हुमागाईं बन्धुहरूको विवरण ७८
- आसाम सुनाइपाम, लोखरामा बसोबास गर्ने हुमागाईं बन्धुहरु ८०
- आसाम सोणितपुर जिल्ला (दलनी-बिहाली) मा बसोबास गर्ने हुमागाईं बन्धुहरु ८१
- नवमीडाँडा गा.वि.स. पातले (पाँचथर) ८३
- काभ्रे बाँसखर्क पुर्ख्यौली थलोबाट अनेकोट बसोबास गरी हाल बल्थली निवासी हुमागाईं बन्धुहरूको वंश विवरण ८४

- ❑ काभ्रेभञ्ज्याङ पुर्ख्यौली थलो भई हालः बल्थली निवासी हुमागाई बन्धुहरूको वंश विवरण ८५
- ❑ चन्द्रनिगाहपुर, रौतहट निवासी हुमागाईं बन्धुहरु लगायत अन्य हुमागाई बन्धुहरूको वंशवृत्ती ९१
- ❑ कुशादेवी विहावर काभ्रेबाट मकवानपुर आएका हुमागाईंहरु ९७
- ❑ झापामा बसोबास गरेका हुमागाईं बन्धुहरु ९८
- ❑ काभ्रे ओखलढुङ्गा हुँदै झापामा बसोबास गरिरहेका हुमागाईंबन्धुहरु ९९
- ❑ काभ्रेबाट इलाम हुँदै झापामा बसोबास गरिरहेका हुमागाईंबन्धुहरु १००
- ❑ काभ्रे कोसीपारीबाट चितवन भण्डारा पुगेका हुमागाईं बन्धुहरूको वंशवृत्ति १०१
- ❑ काभ्रेपलाञ्चोक जिल्ला, काभ्रे नित्यचण्डेश्वर गा.वि.स. वडा नं. २ पानीट्याङ्की मुनि सुँडीखोला निवासी हुमागाईं बन्धुहरूको वंशवृत्ति १०२
- ❑ काभ्रे पुर्ख्यौली थलो शारदा बतासे-३ मा बसोबास गरी आउनुभएका हुमागाईं बन्धुहरूको वंश विवरण १०३
- ❑ काभ्रे नित्यचण्डेश्वर गा.वि.स. वडा नं. २ माझडाँडा (निर्मलवस्ती) निवासी हुमागाईं बन्धुहरूको वंशवृत्ती १०६
- ❑ ललितपुर उन्यौचौरमा बसोबास गरिरहेका हुमागाईं बन्धुहरूको वंशवृत्ती ११२
- ❑ पाँचखाल नगरपालिका हाल बनेपा न.पा. निवासी हुमागाईंहरु ११३
- ❑ विहावर, लौसेटारबाट आई हाल कलँती भूमिडाँडा गा.वि.स.मा बसोबास गरिरहेका हुमागाईं बन्धुहरु ११४
- ❑ काभ्रेभञ्ज्याङबाट बल्थलीमा बसोबास गरी फेङ्खोला बसाई सरी हाल फेङ्खोलाबाट काठमाडौं, पनौती, खोपासी, जनगाल, एक्लेखेत, खरिबाटे लगायत ठाउँमा बसोबास गरिरहेका हुमागाईं परिवार ११८
- ❑ काभ्रे कुशादेवी-६ नयाँगाउँ पुर्ख्यौली थलो भई हाल काठमाडौं आई बसोबास गर्दै आएका हुमागाईं बन्धुहरु १२०
- ❑ काभ्रे भूमिडाँडा खारखोला पुर्ख्यौली थलो भई हाल पनौती, बनेपा, पात्लेखेल र काठमाडौं लगायतका विभिन्न स्थानमा बसोबास गर्दै आएका आएका हुमागाईं बन्धुहरु १२१
- ❑ भूमिडाँडा-३, खारखोला निवासी बन्धुहरूको वंशवृत्ति १२२
- ❑ मोरङ निवासी हुमागाईं बन्धुहरु १२३
- ❑ काभ्रेको कोशीपारी पुर्ख्यौली थलो भई हाल सर्लाही निवासी हुमागाईं बन्धुहरु १२४


**दैलेखकका हुमागाईहरूको वंशावली**


- ❑ दैलेख जिल्ला रावतकोट गा.वि.स.मा बसोबास गर्दै आउनुभएका हुमागाईं बन्धुहरूको वंशवृत्ति १२५

**काभ्रेली हुमागाईको वंशावली** **१३५**

- साविक काभ्रे गा.वि.स. वडा नं. ५ दारिम्वोट (हाल धुलिखेल नगरपालीका वडा नं. १२) मा बसोवास भएका हुमागाईं बन्धुहरूको बंशावली १३६
- साविक काभ्रे गा.वि.स. वडा नं. ४ काभ्रे (हाल धुलिखेल नगरपालीका वडा नं. ११) काभ्रे भन्ज्याँङ्मा बसोबासभएका हुमागाई वन्धुहरूको बंशावली १३७
- पाल्लेखेते हुमागाईहरु साविक काभ्रे गा.वि.स. वडा नं. ८ पाल्लेखेतको पुछार (हाल धुलिखेल नगरपालीका वडा नं. १२) मा बसोवासभएका हुमागाई वन्धुहरूको बंशावली १५०
- साविक काभ्रे गा.वि.स. वडा नं. २ (हाल धुलिखेल नगरपालीका वडा नं. १०) निर्मलवस्ती माझडाँडा, पानीट्याङकी, पानीट्याङकी मुनिसुँडीखोलामा बसोवासका हुमागाई वन्धुहरूको बंशावली १५४
- काभ्रेपलान्चोक जिल्ला साविक काभ्रे गा.वि.स. वडा नं. ७ (हाल धुलिखेल नगरपालीका वडा नं. १३) काम्पानी (माने गोठ) का हुमागाईको बंशावली १६३

**दाप्चाली हुमागाईको वंशावली** **१६४**

- लप्सी बोटे हुमागाई (हालः दाप्चा, काठमाडौं, पर्सा, विराटनार, भारतको आसाम मेघालय र जर्मनमा बसोबास गर्दछन्) १६५
- माथिघरे हुमागाई (हालः दाप्चा, काठमाडौं र उदयपुरमा वसोवास गर्दछन्) १६९
- ओखरबोटे हुमागाईं (हालः महोत्तरी, सप्तरी र काठमाडौंमा वसोवास गर्दछन्) १७३
- ठूलाघरे तथा डाँडागाँऊले हुमागाईंको साझा वंशावली १७५
- ठूलाघरे हुमागाईं (हालः दाप्चा, काठमाडौं र भक्तपुरमा वसोवास गर्दछन्) १७६
- डाँडागाँऊले हुमागाई (हालः एकभाईको खलक नेपालको जनकपुर र काठमाडौं तथा अर्काभाईका खलक भोजपुरको चिउरीवोटे हुँदै, भारतको आसाम राज्यको सुनिपुर जिल्ला डिब्रुगढको लोखरा भन्ने ठाँउमा समेत वसोवास गर्दछन्) १७६
- बाह्रघरे हुमागाईंका साझा वंशावली १७७
- जिम्मुवाल खलकका हुमागाई (हालः दाप्चा, झापा र काठमाडौंमा वसोवास गर्दछन्) १७८
- सेताघरे हुमागाई (हालः दाप्चा हुमागाई थोक, खनाल थोक, रजवास आदि ठाऊँमा वसोवास गर्दछन्) १७९
- राताघरे हुमागाईं (हालः दाप्चा, रजवास, निजगढ, अम्लेख गन्ज आदी ठाऊँमा वसोवास गर्दछन्) १८०
- बाटामुनी हुमागाई (हालः दाप्चा, वाल्तीङ्, वनेपा, काठमाडौं, हेटौंडा, ललितपुर, सर्लाहीको हिरापुर, भूर्कौली र रौतहटको चन्द्र निगाहापुर आदि स्थानमा वसोवास गरी आएका छन्) १८१
- झुरूम्टोले हुमागाई (हालः दाप्चा, रौतहटको खैरा, काठमाडौं र भक्तपुर आदिस्थानमा वसोवास गरीआएका छन्) १८६
- झुरूम्टोले गोल्दरे (गणपतीका खलक) हुमागाईं (हालः काठमाडौं, दाप्चा खनालथोकको काँक्रे, तराईका विभिन्नभागमा रहे वसेका छन्) १८७

- झुरूम्टोले गोल्दरे (धनपतीका खलक) हुमागाई (हालः दाप्चा, गौरीगाँउ मंगटार, सिपाली सिशाखानी, हेटौंडा पिप्ले ५, वयलवास न.पा. पोखरीटोल वडा नं. ७ सर्लाही, चन्द्र निगाहापुर मेनरोड, सिन्धुलीको कपिलकोट आदी स्थानमा वसोवास गरिआएका छन्) १८८
- पिपल बोटे (मुक्तिनाथका खलक) हुमागाईं (हाल दाप्चा, काठमाडौं, सिन्धुलीको कपिलकोट, सर्लाहीको घुर्कौली, रौतहटको सन्तपुर आदि स्थानमा वसोवास गरिअएका छन्) १९०
- पिपल बोटे (जगन्नाथका खलक) हुमागाईं (हाल दाप्चा र काठमाडौंमा वसोवास गरिआएका छन्) १९२
- चौतारे र चारघरे हुमागाईको) साझा वंशावली (हाल चौतारेका खलक झापामा वसोवास गरिआएका छन्) १९४
- चारघरे हुमागाईंको वंशावली (हालः दाप्चा, वाल्तीङ्ग, बनेपा, पाँचखाल, रौतहटको चन्द्रनिगाहापुर र काठमाडौंमा छन्) १९५
- चैनपुरे हुमागाईको वंशावली (हाल सर्लाहीको घुकौंली र काठमाडौमा वसोवास गरिआएका छन्) १९७
- भिडावारे हुमागाईंको वंशावली (हाल काभ्रेको भिडावरी, सिन्धुपाल्चोकको सिन्धु, मजुवा खैरेनी, काठमाडौं, ललितपुर र चितवनमा वसोवास गरिआएका छन्) १९८
- बाँसखर्कका हुमागाईहरूको वंशावली (हाल काभ्रेको वाँसखर्क, काफ्लेथोक, वनेपा,वनखुको गल्चौर, फोक्सिङ्गटार, तिनढुङ्गे मकवानपुर, सर्लाहिको न्यूरोड, चितवन, ललितपुर, भक्तपुर र काठमाडौंमा वसोवास गरिआएका छन् ।) २०३
- चौतारे हुमागाईको वंशावली (हाल झापा विर्तामोड नगरपालिका वडा नं. ८ शान्ति नगरमा रिजाल थर राखी सोको नागरीकतालिई वसोवास गरिआएका छन्) २०९
- पाँचथरे हुमागाईको वंशावली (हाल पाँचथरको नवमीडाँडा गाविस पातले, ईलाम, झापा र भारतको आसाम सोणीतपुर जिल्ला (दलनी बिहाली) गमिरीका साथै विभिन्न ठाँउमा वसोवास गरिआएका छन् ।) २१०
- आसामेली हुमागाईंको वंशावली-दाप्चाबाट पाँचथर हुँदै हाल भारतको आसाम सोणीतपुर जिल्ला (दलनी बिहाली) गमिरीका साथै विभिन्न ठाँउमा वसोवास गरिआएका छन् ।) २१२
- दाप्चा हुमागाईं थोकमा बसोबासहुँदा माथिघरे हुमागाई भनि चिनिने हुमागाईं हाल भारतको आसाम राज्यको सुनाइपाम, लोखरामा बसोबास भएका हुमागाईंहरूको बंशावली २१८
- दाप्चा हुमागाईंथोकबाट भिडावारी, मजुवा हुदै हाल उदयपुरको भट्टार गा.वि.स.-४ स्थायी र अस्थाई मध्यपुर ठिमी ५, धुन्चे पाखासमेत बसोवास गर्ने उदयपुर भट्टारे हुमागाईंहरूको बंशावली २१९
- कुल देवता कुल पूजा हाम्रो संस्कार र संस्कृति २२०
- अनुसूचीहरु २३४
- हुमागाईं समाजका विभिन्न गतिविधि सञ्चालन गर्नका लागि नगद, विज्ञापन तथा महत्वपूर्ण नैतिक सहयोग उपलब्ध गराउनु हुने हुमागाईंबन्धुहरूको नामावली २४२
- हुमागाईं समाज नेपालका विशिष्ट तथा आजीवन सदस्यहरूको नामावली २४५

# बंशको पौराणिक इतिहास



– रामचन्द्र हुमागाईं
*उपाध्यक्ष, हुमागाईं समाज नेपाल*

## प्रारम्भ

आजभन्दा करोडौं वर्ष अगाडि हाल कायम रहेका ७ महादेशहरू एकीकृत “पाज्जिया” अवस्थामा थिए । धेरै समयपछि मात्र पाज्जिया ७ टुक्रामा विभाजित भयो, सात महादेशहरू बने । प्राचीन कालमा उत्तर साइवेरिया र दक्षिणमा गण्डवाना महाभूमिबीच (हिमालय पर्वत, आल्पस पर्वत । भूमध्य सागरसम्म) टेनिथ नामको महासमुद्र थियो उत्तरमा साइवेरिया र दक्षिणमा गण्डवानका नदीहरूले बगाएर ल्याएको सेडिमेण्टहरूद्वारा त्यस क्षेत्रको दवाव घनत्व बढ्न गएकाले कमजोर भाग माथि उठ्न गयो । प्लेटो टेक्टोनिक सिद्धान्त अनुसार दक्षिण क्षेत्रबाट उत्तरतर्फ गएको तीब्र आन्तरिक शक्तिले दक्षिण भाग उत्तरतर्फ धकेलिँदै विभिन्न चरणमा हिमालय महाभारत र चुरे आदि पहाड बने । यही टेक्टोनिक सिद्धान्तको आधारमा गँगाको मैदानको एक भाग बनेको हो । यहाँ बढी जाडो र बढी गर्मी नभएको र यस्तो स्थिति फ्लो र फौना समुदायका लागि भएकाले यहाँ नै जीवनको प्रथम अस्थित्व भएको हुनसक्ने कुरामा वैज्ञानिकहरू बढी विश्वस्त रहेको पाइन्छ । त्यसैले पनि मानव जातिका लागि यो भूभाग रमणिय बन्दै गयो र यहाँ युगौंयुग देखि मानव वस्ती रहेको पाइन्छ ।

## प्लेटो टेक्टोनिक सिद्धान्त

महाद्विपको हलचल र प्रवाहको सन्दर्भमा प्लेट टेक्टोनिक सिद्धान्त सर्वाधिक चर्चित विषय मानिन्छ । पृथ्वीको ठोस पिण्डबाट बनेको बाह्य आवरणलाई प्लेट भनिन्छ भने प्लेटको किनारमा टेक्टोनिक र डायक्रिज्म क्रियाबाट यसमा भूकम्प जाँदा व ज्वालामुखी विस्फोट हुँदा पृथ्वीको वाह्य भाग (प्लेट) मा हुने सम्पूर्ण गतिविधिलाई नै प्लेट टेक्टोनिक भनिन्छ । महाद्विप र महासागर समानरूपमा पुराना हुन भन्ने पुरानो अवधारणाको सट्टामा समुद्र तहका चट्टानहरू मेसोजोइक एराका हुन् वा त्यो भन्दा पुराना नभएको तथ्य प्रकाशमा आएपछि भुगोलवेत्तालाई आश्चर्यचकित पार्‍यो र पुराना चट्टान के भए भन्ने कुराको खोजीको सन्दर्भमा ‘प्लेट टेक्टोनिक’ को अवधारणा आएको हो । प्रख्यात भुगोलविद् हेसले प्रशान्त महासागरको खोजिगर्दा मेसोजोइक एराभन्दा पुराना चट्टानहरू नभेटिएको तथ्य पत्तालाग्यो । प्रशान्त महासागरको क्षेत्रमा लामो

सयमसम्म अध्ययन अनुसन्धान गर्ने पहिला व्यक्ति डिव्जले समुद्रको तहमा पदार्थहरू जम्मा हुँदै माथि उठ्ने र बढी भएपछि समुद्री खाडलतर्फ सर्दैजाने क्रियालाई समुद्रको सतह सर्ने प्रक्रिया चल्दछ भन्ने तथ्य पत्ता लगाए । भुगर्भविद्हरूले लामो समयसम्म अध्ययन गरेपछि आइसल्याण्ड नजिक प्रतिवर्ष एक सेन्टिमिटरका दरले र प्रशान्त महासागर क्षेत्रमा ४.५ सेन्टिमिटरका दरले सर्दछ भन्ने कुरा पत्ता लगाए । हेस डिव्सका उपर्युक्त खोजलाई सूत्रबद्ध गरी भुगर्भविद् उइल्सनले समुद्री तह सर्नाले प्लेटको निर्माण हुने, प्लेटहरू बीचको सीमा छुट्याउने काम भ्रंशक्षेत्र, शिखर र खाडलबाट हुन्छ भन्दै प्लेट टेक्टोनिक सिद्धान्त प्रतिपादन गरेका थिए । यस सिद्धान्तलाई अझ बढी सार्थक रूपमा प्रस्तुत गर्ने काम ज्याक्सन मोगीन, डेनियल मेकेन्सी र जाभियर ली पिकन नामका तिनजना भूगर्भविद्हरूबाट भएको थियो । यिनीहरूले ६ वटा ठूला प्लेटहरू छुट्याइदिए, जुन प्लेटहरू ६ महदेशका रूपमा रहेका छन् । सन् १९७० को दशकमा भुगर्भविद्द्वारा लेजरीकरण र भू–उपग्रहका माध्यमबाट गरिएको मापनअनुसार १५० वर्षको अन्तरालमा भूपृष्ठ प्लेटमा सामान्य परिवर्तन आउँछ । पृथ्वीको वाह्य तहलाई छेट्याइएको भौगोलिक सिद्धान्तलाई नै प्लेट टेक्टोनिक सिद्धान्त हो भन्ने कुरामा वैज्ञानिकहरूको एकमत छ ।

## मानव उत्पति

हामी मानवहरू कसरी उत्पत्ति भयौं भन्ने कुरा सबैको चासोको विषय हो । तर, कसरी मानिस भयौं ? यसको खोजी गरिनु कसै न कसैको चासोको विषय पनि हो । कतिपयले हामी बँदरका सन्तान हौं पनि भन्ने गरेका छन् तर बाँदर मानिसका पूर्खा थिए भने अहिलेका बाँदरहरू किन मानिस हुन नसकेका हुन त भन्ने प्रश्न केटाकेटीका लागि पनि ख्यालख्यालको विषय भैसकेको छ ।

कुनै जमानामा शक्तिशाली मानिसहरूको पृथ्वीमा पदार्पण भयो । तिनै शक्तिशाली मानिसहरूलाई हामीहरू ‘देवता’ भन्ने गर्छौं । देवत्व धारण गर्न मानिसले गर्ने कामभन्दा माथि उठेर गर्न सक्नुपर्छ । त्यस्ता काम गर्ने मानिसहरू अहिले पनि नभएका होइनन् । आगामी धेरै वर्षपछि ती मानिसहरू पनि देवताको रूपमा नउदाउलान भन्न सकिँदैन । यस्ता मानिसको नाम अहिले नै यहाँ उल्लेख गर्दा गुपचुप रहेकाहरू प्रति अन्याय हुनजान्छ । धेरै बडाइचढाई गर्दा पनि कसैलाई उछलकुद गराइएको अर्थ लाग्ला ।

परापूर्व कालका महामानव भनेका ब्रह्मा, विष्णु, महादेव, कृष्ण र रामको नाम अग्रस्थानमा आउँछ । तर, को कहिले र कसरी महामानव भए भन्ने विषयमा अहिले पनि धर्मभिरुहरूले निक्र्यौल गर्न सकेका छैनन् । केवल आआफ्ना विचार लादेर यो शक्तिशाली र ऊ निर्वल भन्ने गरेको पाइन्छ । मानवमुक्तिका लागि माथि उल्लेख गरिएका सबै शक्तिशाली मानव नै हुन भन्ने कुरा भने भुल्न सकिंदैन । मानवले प्रथमतः मानव धर्म विर्सनु हुँदैन । त्यसमा पनि पहिलो कर्तव्य

भनेको आफ्ना पुर्खाको इतिहास विर्सनु हुदैन । विष्णु (नारायण) को वर्णन गर्ने क्षमता कसैमा छैन । देखावटी वर्णन गरेर मानो पचाउँनेहरू पनि नभएका होइनन् तर हामीलाई इतिहास पुरूषहरूको नाम भजाएर खानु छैन । हामीहरू आत्म स्वाभिमानका साथ बाँचिरहेका छौं र बाँचिनै रहनेछौं, यसमा कुनै दुइमत छैन तर इतिहास पुरूषहरू मध्ये केहीको परिचय यहाँ दिनै पर्छ ।

## ऋषि आश्रम

यो भन्दा अगाडि विभिन्न ख्याति कमाउँन सफल ऋषिमुनीहरूले तपस्या गरेर ज्ञान हासिल गरेका स्थानहरू पनि नेपाल मै रहेका छन् । प्रचीन कालमा नेपालका विभिन्नस्थानमा बहुचर्चित ऋषिमुनीहरूले आश्रम वनाई यहाँको सभ्यता र संस्कृतिको विकासमा योगदान गरेको पाइन्छ । व्यास ऋषि पश्चिमको तनहुँ (हाल तनहुँ जिल्लाको सदमुकाम दमौलीको मादी खोलाको किनार) मा तपस्या गरेर बसेको इतिहास छ । त्यस्तै गण्डक ऋषि गण्डक नदीको किनार (हाल कास्की जिल्ला) मा । कौशिक ऋषि कोशीको किनार (हाल सुनसरी जिल्ला) मा । गौतम ऋषि, थानकोट (हाल काठमाडौं जिल्ला) मा । श्रृङ्गी ऋषि गुल्मी (हाल गुल्मी जिल्ला) मा । त्यसैगरी याज्ञवल्क्य ऋषि सिन्धुली गढी (हाल सिन्धुली जिल्ला) मा । जनक ऋषि, जनकपुर (हाल धनुषा जिल्ला) मा । वाल्मीकी ऋषि, वाल्मीकी किनार (हाल.....) मा । कपिल ऋषि, कपलिबस्तु (हाल कपिलवस्तु, कृष्ण नगर) मा । वशिष्ठ ऋषि, देवघाट (हाल तनहुँ जिल्ला) र विश्वामित्र ऋषि तिनाउ नदी किनार (हाल रूपल्देही जिल्लाको बुटवलस्थित तिनाउ किनार) मा तपस्या गरेर बसेको कुरा इतिहासमा उल्लेख गिरिएको छ ।

## विश्वमित्र

यी ऋषिमुनीहरू मध्ये विश्वामित्र ऋषिको हामीले उल्लेख गर्नै पर्ने भएको छ । विश्वामित्र ऋषि अन्य ऋषि मध्ये अत्यत्नै प्रसिद्ध थिए । उनका अनेक ऋचाहरू वेदहरू(ऋग्वेद) मा संकलित भएको पाइन्छ । विश्वामित्र मूलतः तान्त्रिक दार्शनिक थिए । र, कर्मकाण्डी भएको पनि पाइन्छ । उनको आश्रमलाई शिद्धाश्रम भनिन्छ । रामायणका पात्रहरू राजा दशरथका छोराहरू राम, लक्ष्मण, भरत र शत्रुघ्नलाई यही शिद्धाश्रममा ल्याएर शिक्षादान गरिएको बताइन्छ । हाल यो ठाउँलाई सिद्धबाबाको मन्दिर भन्ने गरिन्छ । वैदिककालमा विश्वमित्र र वशिष्ट बीचको प्रतिद्वन्द्वीता भएको समेत भेटिन्छ र उनीहरूकै प्रतिद्वन्द्वीताका कारण दसराज युद्ध भएको मानिन्छ । वेदमा उल्लेखित दसराज युद्धलाई नै महाभारत काव्यमा कौरव–पाण्डवको युद्धका रूपमा प्रस्तुत गरेको भन्ने मान्यता रहेको छ । विश्वामित्रले तत्कालिन समयको अयोध्या र विदेह राज्यवीच वैवाहिक सम्वन्ध स्थापित गरी आर्यविरोधि राक्षस वा अनार्यहरूका विरुद्धमा अभियान समेत चलाएका र यसका महानायक रामचन्द्र थिए भन्ने

मानिन्छ । विश्वामित्र अयोध्या, जनकपुर, मगध राज्य तथा काशीसमेतमा आउँने, जाने गर्दथे । उनको इन्द्रसँग पनि शत्रुतापूर्ण सम्वन्ध रहेको पाइन्छ । यसैले गर्दा उनले त्रिशंकुलाई सिधै स्वर्गसम्म पठाएको तथा यसबाट इन्द्र र उनका वीचमा प्रतिद्वन्दीता रहेको समेत विभिन्न आख्यानहरूमा उल्लेख गरिएको पाइन्छ । उनी बढी क्रोधी ऋषिमध्यका थिए र उनको युगमा क्षेत्रियहरूलाई नेतृत्व दिएको हुँदा ब्राम्ह्ण युग समाप्त भई, त्रेतायुग समेत शुरु भएको मानिन्छ । विश्वामित्र क्षेत्रीयबाट ब्रम्हण ऋषि भएको हुँदा उनी ब्रम्हशक्ति क्षेत्रियले पनि धारण गर्न सक्ने र पृथ्वीको शासन तथा सत्ता संरक्षण क्षेत्रियबाट मात्र हुन सक्ने भन्ने रहेको पाइन्छ । त्यसैले यसअघिका ब्राम्ह्णहरूको वर्चश्व र शक्ति सीमित हुन पुगी क्षेत्रियको हातमा सत्ता केन्द्रित गराउने कार्यमा विश्वामित्रको गुरुत्तर भूमिका रहेको पाइन्छ । यसको प्रभाव तत्कालिन राजनीतिमा समेत परेको थियो । उनकै दर्शन र सिद्धान्त कपिल, सिद्धार्थ गौतम बुद्ध, महावीर आदिमा परेको पाइन्छ । विश्वामित्रले जन्मको सिद्धान्तको ठाउँमा कर्मलाई महत्व दिएका छन् । यसैले जन्म कै आधारमा, ब्रम्ह्ण क्षेत्रिय, वैश्य वा शूद्र नहुने उनको मत छ । ब्रम्ह्णको कर्म गरेमा शूत्र पनि ब्राम्ह्ण हुन्छ भन्ने उनको मान्यताले परम्परालाई समेत चुनौती दिएको थियो । यसैले वशिष्ठहरू उनका विरोधी भएका हुन । उनी क्षेत्रियलाई राज्यको दायित्व दिने पक्षमा भए पनि यस्ता राजाहरू बुद्धिमान, न्यायप्रमी, बहादुर र सकारात्मक सोच भएका आर्दश व्यक्ति हुनुपर्ने र लोभलालचा, भय, तृष्णा, विलास आदिबाट मुक्त सन्यासीका रूपमा हुनुपर्ने भन्ने मान्यता राख्तथे । इन्द्रसँगको संघर्ष पनि वैदिक परम्परालाई भँग गर्ने क्रममा नै भएको पाइन्छ । यसैले गर्दा विश्वामित्रको दर्शनले सत्ययुगको महायुगलाई समाप्त गरी अर्को त्रेतायुगको प्रारम्भ गर्ने कार्य गरेको थियो । याज्ञवल्क्य विश्वरूपले विश्वामित्रलाई धर्मशास्त्रकार भनि उल्लेख गरेको पाइन्छ । अपरार्क, स्मृति चन्द्रिका, जीवन्तवाहनका कालविवेक तथा अन्य ग्रन्थहरूमा विश्वामित्रका विभिन्न श्लोकहरू उल्लेख भएकाले उनको प्रभावका बारेमा उल्लेख गर्न सकिन्छ । खासगरी विभिन्न ग्रन्थमा महापातक विषयक अँशले पछिल्लो युगमा बढी उल्लेख गरेको देखिन्छ ।

## धनञ्जय

उनी विश्वामित्रका ३७ सन्तान मध्ये छैठौं सन्तान थिए, धनञ्जय । बाबु विश्वामित्र पाँचपाण्डवहरूका गुरू भएकाले उनले आश्रम मै शिक्षा हासिल गरे । उनका श्रृजनाहरूले त्यति ख्याति कमाउँन नसकेता पनि उनी बाबुका आज्ञाकारी पुत्र थिए । उनको परिचयात्मक नामबाट नै अहिले धनञ्जय गोत्रीहरूले ख्याति कमाउँदै छन् । धनञ्जय ऋषिको कुल वा वंशको परिचायक नामबाट गोत्र राखिएको छ । धनञ्जय गोत्रीहरूमा हुमागाईं, रिजाल, पँगेनी, बसेल, (हाल बस्याल), कुकुकट्टेल, गुरागाईं, भुसाल, गैरीपिप्ली, खुलाल बस्नेत र खुलाल बुढाथोकी पर्छन् भन्ने कुरा शव्दकोषहरूमा पाईन्छ ।

## सन्तानारम्भ

आजभन्दा हज्जारौं वर्ष अगाडि पृथ्वीमा पदापर्ण गर्नुभएका हामी सबैले 'नारायण' भनि सम्बोधन गर्ने गरेका विष्णुका सन्तान हौं हामी । यो इतिहास विश्वमा शास्त्रहरूको उत्पत्ति हुनुभन्दा पनि पुरानो इतिहास रहेको पाइन्छ । शास्त्रहरूको निर्माण त धेरै पछि ऋषिमुनीहरूले गरेका हुन । कठोर तपश्या पछि प्राप्त ऊर्जालाई नै शास्त्रको रूपमा मानिदै आएको छ । ऋग्वेद जस्तो कठोर संहिता नै पहिलो शास्त्र हो, जसलाई धर्मशास्त्र पनि भनिन्छ । त्यसपछिका जति शास्त्रहरू छन्, सबैमा कुनै न कुनै संहिताहरू उल्लेख भएका छन् । मानिसले पालना गर्ने आचार संहितालाई नै धर्मशास्त्र भन्ने गरिएको छ । यसपछिका जति शास्त्र निस्किए, जस्तै कुरान, वाइवल भन्दा सबै वेद वेदाङ्ग निकै पुराना छन् । कुरानको इतिहास १६ सय वर्ष मात्रै छ भने वाइवलको इतिहास २००० वर्ष भन्दा पुरानो छैन ।

अब **नारायण (विष्णु)** कसरी हाम्रा पुर्खा भए भन्ने सवाल उठ्नसक्छ । नारायणका सन्तान **ब्रह्मा,** उनका सन्तान सतरूपा (स्वयम्भु मनु) उनका तीन सन्तान १, आकृति, २, **देवहुती/कर्दम** र ३, प्रसुती मध्ये **देवहुती/कर्दमका** नौ सन्तान १, मरिचि कला, २, **अत्री/अनुसुया,** ३, अंगिरा श्रद्धा, ४, पुलत्स्य हवि, ५, पृलह गति, ६, कतु कृया, ७, भृगु ख्याती, ८, वशिष्ठ अरुणधती र ९, अर्थवर्ण शान्ती मध्ये **अत्री/अनुसुयाका** तीन सन्तान, **चन्द्रमा/तारा,** दत्तात्रैय दुर्वासा मध्ये **चन्द्रमा/ताराका** एकमात्र सन्तान **बुध/इलाका** सन्तान, **पुरुरवा** र उनका ६ सन्तान, आयु, श्रुतायु, सत्यायु, रथ, **विजय** र जय मध्ये **विजयका** एकमात्र सन्तान **भिम, भीमका** एकमात्र सन्तान, **कान्चन**, **कान्चनका** एकमात्र सन्तान, **होत्र, होत्रका** एकमात्र सन्तान, **जन्हु, जन्हुका** एकमात्र सन्तान, **पुरु, पुरुका** एकमात्र सन्तान, **बालक, बालकका** एकमात्र सन्तान, **अजक**, **अजकका** एकमात्र सन्तान, **कुश**, **कुशका** एकमात्र सन्तान, **कुशाम्वु**, **कुशाम्वुका** एकमात्र सन्तान, **गाँधी, गान्धीका** एकमात्र सन्तान **विश्वमित्र, विश्वामित्रका** ३७ सन्तानका एक अंग हौं हामी धनन्जय गोत्री ।

विश्वामित्र विद्वान थिए । उनले रचना गरेका शास्त्रहरू यतिवेला धर्मशास्त्रका रूपमा हामी (गुरागाईंहरूको वंशावली अनुसार) एत्रतत्र छन् भन्ने कुरा माथि नै उल्लेख भैसकेको छ । उनी विद्वान मात्रै थिएनन् भन्नेकुरा सन्तानोत्तपत्तिबाट पनि थाहा हुन्छ । उनका ३७ सन्तान मध्य प्रथमतः मधुछन्द, रेणुमान, सङकृती, गालव, मुद्‌गल, **धनन्जय**, जय, देवल, सुनसेफ, देवश्रद्धा, कति, हिरण्याक्ष, अष्टक, कच्छप, हरित, पाणिनी, बधू, पार्थिव, शाङ्कलायन, वास्कल, लोहित, यामदूत, करिषु, सौश्रुत, कौशिक, सैन्धवायन, याज्ञवल्क्य, अधर्मषण, औदुम्वर, भमिष्णात, तारकायन, चुञ्चुल, शालवत्स्य वादरायणी, औदत, कतुमान र शकुन्तलादुष्यन्त ।

**धनन्जय** पछि निकै कालसम्म वंशजको कुनै अत्तोपत्तो नलाग्दा अलिक अन्यौल जस्तो

लागेता पनि १५ औ शताव्दिमा आएर **रामनाथ** नै धनन्जयका सन्तान हुन भन्ने कुरा प्रमाणित गरियो । गुरागाईंलगायत अनेक वंशावली आनुसार **रामनाथका** दुई सन्तान मध्ये **सदुपाध्याय** का सन्तानहरू रिजाल र गुरागाईंहरू हुन् भने **कालुपाध्यायको** कोखबाट जन्म लिनुभएका हालको काभ्रे जिल्लाको नामले ख्याति कमाएको काभ्रे भज्याङमा आएर कोटीहोम गरेर बसेका **नितुपाध्याय**लाई तत्कालीन भक्तपुरका राजा जगज्योती मल्ल *(१६६४–१६९६, इतिहासकारहरूले थरी थरीका मिति उल्लेख गरेका हुनाले मितिमा एकीन नभएको तर जगज्योति मल्लकै पालामा)* घोडा चढेर जनकपुर यात्रामा निस्कँदा बाटोमै केहिदिन बसेर कोटीहोमबाट प्रभावित भई 'तिम्रो लगनशीलताबाट म सन्तुष्ट भएँ, तिमी आजबाट होमगाईं भयौ, आँखाले देखिने ठाउँसम्म तिम्रो विर्ता भयो' भन्दै बाटो लागेको इतिहास शिलालेख मार्फत प्रमाणित हुन्छ । **नितुपाध्यायका** अरू दुई भाई पनि रहेको भेटिन्छ तर काभ्रेबाट फैलिदै आएका होमगाईं सबै नितुपाध्यायका सन्तान हुन भन्नेमा दुईमत छैन ।

निकै पहिलेदेखि होमगाईहरू रिजालबाट उत्पत्ति भएका हुन भन्ने जुन हल्ला र चर्चा छ, त्यो कुरा भ्रामक भएको पनि यही वंशावलीबाट प्रष्ट हुन्छ । माथि नै लेखिएको छ, रामनाथका दुइ छोरा मध्य कालुपाध्यायका सन्तानहरू होमगाईं, बस्याल, भुषाल, खुलाल बस्नेत, बुढाथाकी खुलाल, कुकुरकट्टेल, गैरिपिप्ली र पँगेनी हुन । यी ८ थर मध्ये होमगाईं कसरी भयौं भन्ने कुरा प्रष्ट पारिएको छ । बाँकी सात थरका बारेमा हामी पनि अन्यौन नै छौं । बाँकी रह्यो रिजालको कुरा । रामनाथका छोरा सादुपाध्यायका सन्तान हुन रिजालहरू । होमगाईं भन्दा दुई पुस्ता पछि आएर उनीहरू रिजाल भएका हुन भन्ने कुरा वंश ग्रन्थका अँशहरूबाट जानकारी हुन्छ ।

होमागाईंहरू किन हुमागाईं लेख्न थालेका हुन् ? भन्ने विषयमा पनि निकै कौतुहलता बढेको पाइन्छ । स्वभाविकै पनि हो । होमागाईं वंशका साहित्यकार जनक हुमागाईं निकै ख्याति कमाएर स्वर्गारोहण हुनुभयो । आजभन्दा ३५ वर्ष अगाडि यो पंक्तिकार र उहाँसँगको वार्तामा उहाँले भन्नुभयो, 'यो एकलखे प्रायःलाई अफाप अक्षर हो, त्यसैले अर्को अर्थ नलाग्ने गरी हामीले 'हुमागाईं' लेख्ने गर्नुपर्छ' भन्ने निस्कर्ष दिनुभयो । त्यतिबेलासम्म होमेगाईं, हुमेगाईं र हुमगाईं पनि लेख्ने प्रचलन थियो । त्यसपछि छापामध्यमहरूमा आउनेहरूले हुमागाईं लेख्न शुरु गरिएको हो । सबैतिर एकरूपता अपनाउन सजिलो हुने भएकाले हाल हुमागाईं नै बढी प्रचलनमा आईसकेको छ र यसैबाट सबैलाई सहज हुने विश्वास गरिएको छ ।

कुशादेवीमा हुमागाईं बन्धुहरूको नाममा विर्ता थियो । सो विर्ता भूपतिन्द्र मल्ल (जगज्योती मल्लका नाती) ले प्रदान गरेको बुढापाकाहरूको भनाई रहेको छ । यिनै मध्येका श्रीलाल हुमागाईं ले २०० वटा भन्दा बढी गाई पाले आफ्ना सन्तती हुकाईरहेका थिए । रोशी खोलाको किनारमा रहेको गोठबाट गाई फुकाएर दिनभर जंगलमा चराउने र साँझ गोठ फर्किएका गाईहरूबाट दूध

संकलन गरी घ्यू बनाउने र परिवार तथा गाउँका दुःखी गरिबलाई बाढ्ने काम गर्दथे । एक दिन साँझ आफू कतै जानुपर्ने भएकाले आफ्ना जेठा छोराका पनि छोरा नातीलाई दैनिक कार्य अह्राएर आफू हिंडे । नातीले दैनिक घ्यू, नौती लिन आउने गरेकाहरू मध्ये एक जनाको हातमा तातो पन्यूले हानी दिएका कारण त्यसको परिणाम नराम्रो आएको भन्ने किम्बदन्ती पनि छ । त्यसपछि गोठमा रहेका गाईहरूको मृत्यु भएको र तातो पन्यूले डामेका व्यक्तिको अहिलेसम्म पनि केही पत्तो नलागेको बुढापाकाको भनाइ रहेको छ ।

त्यसैगरी कुशादेवीको डुकाउ फाँटमा रहेको धान खेतमा दिनभर धान चुटेर खलामा बोरा बेरामा राख्ने गरिएको र केही बोरा घरमा लैजाने र केही चाहिँ खेतको खलामा नै राख्ने चलन थियो । एक रात खलामा चोर आएर धानको बोरा बोकेर हिंड्न खोज्दा जहाँको तहीं उभिइरहेको , कहीं चल्न नसकेको र भोलिपल्ट लेकबाट धान लिन आउँदा पनि चोर हिंड्न नसकेको देखेपछि श्रीलाले धुप-धुमार गरी आफ्ना देवीदेवतालाई मनाई गरिबलाई एक बोरा धान छोडी देऊ भनेपछि मात्र धान चोर्न आएको व्यक्ति हिंड्न सकेको भनाई श्रीलालको रहेको छ । त्यसकारण पनि हुमागाईंहरूले मान्दै आएका देवदेवताहरूको अलौकी शक्ति रहेको पुष्टि हुन्छ ।

हुमागाईं वंशावली तयार गर्ने क्रममा २०५७ साल तिरै समाज गठन पनि नभएको होइन तर विभिन्न कारणले त्यति सक्रिय हुन नसक्ता त्यसै दशवर्ष अलमलमा रहनुपऱ्यो । त्यही समाजलाई दशवर्ष पछि पुनः क्रियाशील बनाउने काम भयो । तै पनि हुमागाईं बन्धुहरूको तितरवितर बसोवासका कारण संगठित हुन मुस्किल जस्तै भयो । यतिबेलासम्म आउँदा हुमागाईंहरूको वसोवास भएका जिल्लाहरू ३५ पुगेका छन् भने भारतको आसाम मेघालय, भुटान र अन्य मुलुकहरूमा अमेरिका, क्यानाडा, अस्ट्रेलिया, बेलायत लगायतका देशहरूमा स्थायी वसोवास फैलिने क्रम जारी छ ।

वंशावली संकलनका क्रममा हामीले मध्यपश्चीमका जिल्लाहरू कास्की, स्याङ्जा, पाल्पा, म्याग्दीका पाखा पर्वत भ्रमण गऱ्यौ । म्याग्दीको हुमान भन्ने गाउँमा पुग्यौ । वेनी बजारबाट ७ घण्टा उकालो लाग्दा हाम्रै शिलस्वभावका वन्धुहरूसँग भेट भयो तर उहाँहरूले आफूहरू हुमागाईं भएको प्रमाण जुटाउन सक्नुभएन । ७ पुस्ताभन्दा माथिको जानकारी केही नभएकाले ४/४ वर्ष बितिसक्ता पनि कुनै जानकारी प्राप्त हुन सकेको छैन । कसैगरी प्राप्त हुन आए अन्तिमसम्म वा अर्को खण्डमा समावेश गरिनेछ ।

हुमागाईं वन्धुहरूको बसोवास दैलेखमा पनि छ भन्ने जानकारी प्राप्त भएपछि हामी दैलेखसम्म पनि पुग्यौं । दैलेखको राउतकोटमा हामीले बन्धुहरू भेट्टायौं । हामीलाई वन्धुत्वस्वागत गरियो र उहाँहरू पनि यसैमा समेटिनु भएको छ ।

काभ्रेबाट फैलिदै पूर्वतर्फ लाग्नुभएका वन्धुहरू पाँचथर, ताप्लेजुङ्ग, इलाम र झापा हुँदै भारतको आसाम प्रवेश गर्नुभएको जानकारीका साथ वन्धुखोजी अभियान तीब्र रह्यो । झापाको विर्तामोड, अर्जुनधारा, धुलाबारी, बाहुनडाँगीमा बसोवास गरेर विभिन्न पेशा व्यवसायमा रहेका बन्धुहरू पनि यसैमा समावेश हुनुभएको छ । मोरङमा सयौं बन्धुहरूसँग हाम्रो आत्मालाप भयो । उर्लावारीमा पाँचथरबाट बसाँई सरेर आउनुभएका वन्धुहरूले हामीलाई स्वागत गर्दा आँखाबाट आँशु नै झरे । मोरङ्गमा हाम्रो उपस्थितिलाई उत्सव कै रूपमा मनाइयो । मोरङ्ग, उदयपुर, रौतहट, बाराको निजगढ, मकवानपुर, ललितपुर र चितवनमा त काभ्रे कै कुशादेवीबाट बसाईं सराइबाट गएको पायौं । समग्रमा हामी जहाँजहाँ गयौं, सबैको आत्मिय स्वागत पाउँदा हाम्रो प्रयास सफल भएको ठानेका छौं । यो क्रम जारी नै छ ।

# हुमागाईं बन्धुको इतिहास



**– रामप्रसाद हुमागाईं**
*महासचिव, हुमागाईं समाज नेपाल*

हुमागाईं बन्धुहरूको उत्पत्ती र इतिहासका बारेमा कतै खोजी भएको पाइँदैन । धनन्जय गोत्री हुमागाईंहरूका कुल देवता कुन हुन र कुलपूजा कसरी कुन विधिविधानबाट गर्ने र हुमागाईहरूको बसोबास कुन-कुन स्थानमा छन् जस्ता विषयमा हालसम्म व्यवस्थित रूपमा खोज भएको पाँइदैन । हुमागाईं थर लेख्ने क्रममा नै कसैले हुमागाईं कसैले होमेगाईं कसैले हुमेगाईं आदि लेखेको पाइन्छ । करीब चार वर्ष अघि हुमागाईं समाज नेपालको विधिवत गठन भएपछि यस विषयमा धेरै बन्धुहरूबाट हाम्रो पुर्खाको इतिहास खोजी गरिनु पर्छ भन्ने आग्रह भयो यसै अनुसार मैंले यस विषयमा केही खोजी शुरु गरेको थिएँ । हुमागाईं बन्धुहरूको उत्पत्तिका विषयमा खोजी गर्ने क्रममा धेरै बन्धुहरूसँग छलफल हुँदा हुमागाईंहरूको उत्पत्ति काभ्रे जिल्लाबाट भएको भन्ने जानकारी आयो । एकाथरीको भनाईमा कभ्रे जिल्लाको काभ्रे भञ्ज्याङ्गमा नितुपाध्यले गाईपाल्ने र गाईको घिउबाट नित्य होम गरेका कारण मल्ल राजाले खुशी भई होमागाईं पदवी दिएबाट हुमागाईं भएको भन्ने मत पनि पाइयो । तर पछि खोज र अनुसन्धान कै क्रममा हुमागाईंहरूको उत्पत्ति दैलेख जिल्लाको रावतकोट गाविस वडा नं. ३ मा रहेको हुमेगाउँसँग पनि जोडिएको जानकारीहरू प्राप्त भयो । सोही हुमेगाउँका बासिन्दा नितुपाध्य काभ्रे जिल्लामा आइबसेका र हुमे गाउँबाट आएका हुनाले उनका सन्तानलाई पछि हुमेगाईं भन्ने गरेको भन्ने मत पनि आएको छ ।

यसैगरी खोजका क्रममा नेपाल सरकारका पूर्व सचिव खोमराज नेपालले तयार पार्नुभएको इलाम नामसालिङका नेपाल परिवारको अध्ययन वंश खोज पुस्तकको अनुसूची-२ मा राखिएको (जुन हुमागाईं दपर्णको अनुसूचीमा पनि समाविष्ट छ ) श्री ५ रणबहादुर शाहबाट सम्बत १८५२ साल अधिक १३ रोज छ मा एकीकरण अघि जुम्ला राज्य अन्तर्गत रहेको सो दुल्लु क्षेत्र एकीकरण अभियानका क्रममा रणबहादुर शाहका पालमा नेपाल वा गोरखा राज्यमा गाविय पछि साविकमा यसअघि जितारी बम राजले शिलापत्र ताम्रपत्रलेखि दिएको विर्तालाई थामि दिएको लालमोहरमा दुल्लु क्षेत्रको डागर गाउँका चुरु पाध्य हुम्यागाईं लेखिएको पाइएबाट आजभन्दा करीब २२० अघि नै हाल दैलेख जिल्लामा पर्ने डागर गाउँमा हुमागाईंको बसोबास रहेको स्पष्ट हुन्छ । यस विषयमा बंशको खोजकै क्रममा दैलेख जिल्लाका डागर गाउँका बासिन्दा हाल जिल्ला शिक्षा कार्यालय

काठमाडौंमा विद्यालय निरीक्षक पदमा कार्यरत पूर्ण रिजालसँग सम्पर्क गर्दा उहाँका पुर्खाहरू दैलेख रावतकोट गाविसको हुमेगाउँबाटै डागर गाउँमा गएको र करीब एक सय परिवार सबैले प्रायः रिजाल लेख्ने गरेको बताउनुभयो । यसबाट हुमागाईंको उत्पत्ति दैलेख क्षेत्रबाट भएको हुन सक्ने अर्को बलियो आधार पनि देखा पर्छ ।

नेपालका प्रख्यात भाषा शास्त्री बालकृष्ण पोखरेलले नेपालमा थर निर्धारक तत्वमा स्थल, गाउँ, कोट, पदवी, थोक वर्ग आदि रहेको उल्लेख गरेको कुरालाई पनि मनन गर्नु पर्ने हुन्छ । उहाँले आफ्नो पुस्तक खसजातिको इतिहासमा खस समाजिकता खण्डको पृष्ठ ६३८ मा गाउँमा बसेका नताले हुने थरहरूका पछाडि गाईं हुन्छ भन्नु भएको छ यस्ता थरहरूमा चम्लागाईं, बजगाईं, गुरागाईं आदि र कोटमा बासेका नताले देवकोटा, बाँसकोटा, सापकोट आदि भनेर उल्लेख गर्नु भएको छ । उहाँले गाईं जोडिएका थरहरूमा हुमागाईं, आपागाईं, गुरागाईं गौरागाईं, चापागाईं, चुवागाईं, चौलागाई, डुमेगाईं, दुमेगाईं, धौलागाईं, पञ्चगाईं, बजगाईं, मजगाईं, सेरागाईं, आदि भनेर उल्लेख गर्नु भएको छ । यस अर्थमा नितुपाध्य हुमेगाउँबाट आएर काभ्रेमा बसोबास गर्न थालेपछि उहाँ पछिका सन्ततीले हुमेगाईंबाट अपभ्रंश भएर हुमागाईं होमागाईं भएको पनि हुन सक्छ ।

हुमागाईंको उत्पत्तिबारे केही महत्वपूर्ण जानकारी दिने सामग्रीको रूपमा काभ्रे जिल्लाको काभ्रेभञ्जयाङ्गमा राखिएको शिलालेखलाई महत्वपूर्ण आधार मान्न सकिन्छ । यस सम्बन्धमा त्यहाँ पाइएको शिलालेख तथा अर्को एउटा घरसारको लिखत र स्थानीय जनश्रुति महत्वपूर्ण हुन आउँछन् । उक्त महत्वपूर्ण दस्तावेजमा काभ्रे भञ्याङ्गमा राखिएको शक संबत १८१६ तथा विक्रम संबत १९५१ झण्डै १२० वर्ष (बि.सं २०७१ सालमा) पुरानो संस्कृत भाषामा लेखिएको शिलालेख र दोस्रो काभ्रे भञ्ज्याङ्ग मा जन्मनु भई हाल नयाँ बानेश्वर बस्ने मोहन हुमागाईको घरमा फेला परेको शाके संबत १७३४ अर्थात विक्रम संबत १८६९ को करीब २०० वर्ष पुरानो नेपाली भाषामा लेखिएको घरायसी लेनदेनको लिखत (तत्कालीन भाषमा फार्सापत्र) लाई मुख्य आधार मान्न सकिन्छ ।

## काभ्रे भञ्ज्याङ्गको शिलालेख

यो शिलालेख काभ्रे भञ्ज्याङ्गस्थित शिवालयको भित्तामा अझै रहेको छ (तस्बीर पनि छ) । अनुसान्धानका क्रममा सो शीलालेखको फोटो खिची त्यसको आधिकारिक अध्ययन र अनुवादका लागि पुरातत्व विभाग अन्तर्गतको राष्ट्रिय अभिलेखालयमा दिइएको थियो । अभिलेखालयका अनुसन्धान अधिकृत राजु रिमालले त्यसलाई पढेर संस्कृतमा उतार्नुका साथै त्यसको नेपालीमा भावानुवाद समेत गर्नुभएको थियो ।

## नेपाली अनुवाद



*ऐश्वर्य प्राप्त होस्*

*सुख र सन्तानको सिद्धिको लागि ब्रह्मा एवं शिव र पार्वतीलाई नमस्कार छ ।*

*भक्तपुरका धार्मिक राजा जगज्योतिको राज्यमा नित्योदय नामका ब्रह्मण थिए । ती राजाले अत्यन्त मनोरम भूमि नित्योदयलाई प्रदान गरे । त्यस भूमिमा ब्राह्मणपुत्रहरूको इच्छाले ॥*

*कान्छा दामोदरका छोरा मार्कण्डेय, मार्कण्यका छोरा पद्ममावति, उनका छोरा चन्द्रमन्युका पालामा तलाउ (आहाल) निर्माण गरेर आफ्नो भूमिलाई अमृतमय बनाए । चन्द्र मन्युका छोरा महेश्वर, उनका छोरा सदाशिव ॥*

*सदाशिवका छोरा हरिलालद्वारा '.........सक सम्बत मंसिर कृष्ण पक्षको द्वितीया तिथिमा, रोहीणी नक्षेत्र र सिद्धा योग परेको शुभ विहीबारको दिनमा जीर्ण भएको तलाउको पुनः निर्माण गरियो ॥ एवं धेरै दिन लगाएर देवालय पनि निर्माण गरे ॥ मोक्ष प्राप्तिका लागि नित्य चन्द्रेश्वर देवताको स्थापना गरे ॥ नित्योदयका दुई भाइ छोरा एवं दामोरदरका दुई दाजुहरू जोगीदास र तुलारामको बंशबाट उत्पन्न ब्राह्मणहरूले आफ्नो जमिन र फूलको बगैचा शिवलाई अर्पण गरे ॥ दामोदर बंशका विद्वान हरिलाल र उनका छोराहरू शिवनिधि, चन्द्रमणी, लक्ष्मीनारायण,र धर्मदत्तद्वारा मुक्ति प्राप्तीका लागि र बंशको रक्षाका लागि नित्य चन्द्रेश्वर भगवानको रक्षाका लागि संकल्प गरेर विधिपूर्वक ४० र २० बराबरको तपसिल अनुसारको खेतहरू सर्मपण गरे ।*

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

*आफू वा अरुद्वारा प्रदान गरिएको भूमि जसले हरण गर्छ उसले ६० हजार वर्षसम्म विष्टाको कीरा भएर बस्नु परोस् ।*

*१८१६ सक सम्बत अथवा १९५१ विक्रम संम्बत बैशाख शुक्ल पक्ष बुधबार हस्त नक्षेत्र परेका दिनमा (यो शिलालेख स्थापना गरियो)*

*शुभ होस्*

*(बीचमा खाली भागमा क कसले कति जग्गा अपर्ण गरे भन्ने मात्र उल्लेख भएकाले त्यो खण्डको उतार र अनुवाद गरिएको छैन)*

माथिको शिाललेखलाई अध्ययन गर्दा निम्नअनुसारका महत्पूर्ण कुरा स्पष्ट हुन आउँछन् ।

१. शिलालेखमा उल्लेख भएको ***"...भक्तपुरका धार्मिक राजा जगतज्योतिको राज्यमा नित्योदय नामका ब्राह्मण थिए । ती राजाले अत्यन्त मनोरम भूमि नित्योदयलाई प्रदान गरे..."*** भनाइबाट त्यसबेलाका मल्ल राजा जगतज्योति मल्लले सो भूमि नित्योदयलाई प्रदान गरेको स्पष्ट हुन्छ साथै नित्योदय (नित्योदयलाई नै नितुपाध्य भनिएको पनि हुनपर्छ) त्यस स्थानमा आई बसोबास गरेको र उनलाई तत्कालीन मल्ल राजा जगतज्योति मल्ल (शासनकाल वि.सं. १६७४ देखि १६९३ सम्म) ले सो भूमि दान दिएको भने उल्लेख भएबाट हुमागाईंहरूको उत्पत्ति शिलालेखमा नित्योदय लेखिएका नितुपाध्ययबाटै भएको अट्कल लगाउन सकिन्छ । यसबाट नितुपाध्य अर्थात् नित्योदय जगतज्योति मल्लको समकालीन भएको कुरामा कुनै द्विविधा रहेन । यसलाई आधार मान्दा नितुपाध्य त्यस क्षेत्रमा आजभन्दा करिब ३८० देखि चार सय वर्ष अघिसम्म बसोबास गरेको स्पष्ट हुन आउँछ ।

२. शिलालेखमा ***"...कान्छा दामोदरका छोरा मार्कण्डेय, मार्कण्यका छोरा पद्यमावति, उनका छोरा चन्द्रमन्युका पालामा तलाउ (आहाल) निर्माण गरेर आफ्नो भूमिलाई अमृतमय बनाए..."*** साथै अर्को खण्डमा ***"...चन्द्रमन्युका छोरा महेश्वर, उनका छोरा सदाशिव ॥ सदाशिवका छोरा हरिलालद्वारा..." भन्ने उल्लेख छ । यस्तै तेस्रो खण्डमा "...नित्योदयका दुई भाइ छोरा एवं दामोदरका दुई दाजुहरू जोगिदास र तुलारामको वंशबाट उत्पन्न ब्राह्मणहरूले आफ्नो जमिन र फूलको बगैचा शिवलाई अर्पण गरे..."*** उल्लेख भएबाट नितुपाध्यका तीन भाइ छोरा रहेको स्पष्ट हुन्छ । उनका तीन छोरा मध्ये जेठा जोगिदास, माइला तुलाराम र कान्छा छोरा दामोदर रहेको कुरा ठोकुवा गर्न सकिन्छ । साथै दामोदरका छोरा मार्कण्डेय र मार्कण्डेयका छोरा पद्यमावति र पद्यमावतिका छोरा चन्द्रमन्यु रहेको पनि शिलालेखबाट स्पष्ट हुन्छ । यस्तै चन्दमन्युका छोरा महेश्वर महेश्वरका छोरा सदाशिव र सदाशिवका छोरा हरिलाल रहेको पनि शिलालेखले स्पष्ट गर्छ । साथै शीलालेखमा उल्लेख

भएको अर्को विषय ***"...दामोदर वंशका विद्वान् हरिलाल र उनका छोराहरू शिवनिधि, चन्द्रमणी, लक्ष्मीनारायण र धर्मदत्तद्वारा मुक्ति प्राप्तिका लागि र वंशको रक्षाका लागि नित्यचण्डेश्वर महादेवको रक्षाका लागि संकल्प गरेर विधिपूर्वक ४० र २० बराबरको तपसिल अनुसारको खेतहरू सर्मपण गरे..."***

यसबाट हरिलालका छोराहरू शिवनिधि, चन्दमणि, लक्ष्मीनारायण र धर्मदत्त रहेको र उनीहरूले नै विक्रम सम्बत १९५१ मा नै सो यज्ञ गरी भूमिदान गरेको शिलालेखबाट पुष्टि हुन्छ ।

यसबाट नितुपाध्यका तीन छोरा मध्ये कान्छा दामोदरका हाँगाको करिब आठ पुस्तासम्म यसमा देखापर्न आउँछन् ।

साथै शिलालेखमा चन्द्रमन्युले सो क्षेत्रमा एउटा तलाउ निर्माण गरेको उल्लेख छ र काभ्रे भञ्ज्याङ्गमा प्राचिन पोखरीको अवशेष अझै छ । अझै पनि उक्त क्षेत्रमा रहेको छ । साथै पछि चन्द्रमन्युका छोरा महेश्वर र उनका छोरा सदाशिव र सदाशिवका छोरा हरिलालले उक्त तलाउको जीर्णेद्धार गरेको उल्लेख छ सो जिर्णेद्धारको मिति शिलालेखमा शक सम्बतमा लेखिएको भए पनि शिलालेखमा टुटफुट भई उक्त मिति स्पष्ट हुन नसकेको अभिलेखालयले जनाएको थियो । तर यस विषयमा इतिहासविद् दिनेशराज पन्तलाई देखाउँदा उहाँले सो अस्पष्ट मिति सक सम्बत १७१९ (त्यसमा १३५ वर्ष जोड्दा वि.सं. १८५४ हुन आउँछ) हुन सक्ने उल्लेख गर्नु भएको थियो । माथिको अध्ययनबाट नितुपाध्यदेखि हरिलालसम्म आउँदा आठ पुस्ता र उनका कान्छा छोरा दामोदरका सन्तानको हाँगो स्पष्ट हुन्छ ।

नितुपाध्य (वि.सं. १६७४ देखि १६९३)

जोगिदास तुलाराम दामोदर

मार्कण्डेय

पद्ममावति

चन्द्रमन्यु

महेश्वर

सदाशिव

हरिलाल

हरिलालका छोराहरू

शिवनिधि

चन्दमणि

लक्ष्मीनारायण र

धर्मदत्त (विक्रम सम्बत १९५१)

## जैशी र उपाध्याय

काभ्रे जिल्ला र अन्यत्रका हुमागाईंहरूमा दुईवटा हाँगा मुख्य रूपमा उपाध्याय र जैसी रहेका छन् त्यस बाहेक क्षत्री, खत्री र स्वाँर आदि पनि छन् तर उपाध्यायले कर्म काण्ड गर्ने र जैशीले भने ज्योतिषि आदि गर्ने गरेको पाइन्छ । केहिले आफूलाई जैसी खलक भनेर चिनाउँदा अलिक हिनता वोध गर्ने वा अलिक संकोच गर्ने गरेको पाइन्छ तर अहिलेको युगमा त्यो कुरामा हिनता वोध गर्नु जरुरी छैन बरू गर्व गर्नुपर्छ । अहिले विधवा विवाह एउटा सामाजिक सुधारको अभियान चलेका बेला हाम्रा पुर्खाले यो अभियान पहिले नै थालेको खुशी हुनुपर्छ । जैसी बारे पुरातत्वविद् जनकलाल शार्मा (ढकाल) गौरव पृष्ठ ७ मा लेख्छन् "...***आफ्नो समान जातकी कन्यासँग विधिपूवर्क विवाह गरिएकी पत्नीबाट उत्पन्न उपाध्याय ब्रह्मणका सन्तती उपाध्याय, उपाध्याय ब्रम्हणले समान जातकी कन्यासित विधिपूर्वक विवाह नहुँदै यौनसम्बन्ध राखे, समान जातकी बैकल्या कन्यासँग विधिपूर्वक विवाह गरे वा यौनसम्बन्ध राखे, समान जातकी विधवा स्त्रीसँग विवाह गरे वा समान जातकी स्त्रीलाई जाली गरेर ल्याए तिनका सन्तान जैसी हुन्छन् साथै उपाध्य र जैसी जातभन्दा भिन्दै जात क्षेत्री वा पानी चल्ने जातसँग विवाह गरे वा गन्धर्वविधि अनुसार पत्नी बनाए तिनका सन्तान क्षेत्री वा खत्री हुन्छन् ... जैसीले पनि उपाध्याय र जैसीसँगै विवाह गरे जैसी र क्षेत्री वा पानी चल्ने जातकी स्त्रीसँग विवाह गरे क्षेत्री हुन्छन् । क्षेत्रीलाई प्रतिलोम विवाह निषेध छ अतः क्षेत्रीले माथिल्लो जात समान जात र आफूभन्दा तल्लो पानी चल्ने जातसम्म जुन जातसँग विवाह गरे पनि त्यसका सन्तती क्षेत्री नै हुन्छन् ।***

***...पृथ्वीनारायण शाहको समयसम्म पहिले चर्चा गरिए जस्तै जैसीको मर्यादाक्रम उपाध्याय बराबर नै थियो । तर केही जैसीसित राजनीतिक कारणले गर्दा पृथ्वीनारायण शाहको मनमुटाव भयो र पृथ्वीनारायण शाहले जैसीहरूलाई जजमानी कार्यबाट बञ्चित गराएपछि स्थिति अझै अर्को भयो र जैसीहरू उपाध्यायभन्दा एक तह तल मानिन थाले ।..."***

काभ्रेको शिलालेखमा कतै पनि हुमागाईं वा रिजाल थर उल्लेख छैन । तर शिलालेख स्थापना गर्नुअघि नै संबत १७३४ अर्थात विक्रम संबत १८६९ को करिब २०० वर्ष पुरानो नेपाली भाषामा लेखिएको घरायसी लेनदेनको लिखतमा भने (तत्कालीन भाषामा फार्सापत्रमा भने हुमागाईं लेखिएको र कतै जैसीसमेत उल्लेख भएको पाइन्छ ***"...नित्योदयका दुई भाइ छोरा एवं दामोदरका दुई दाजुहरू जोगीदास र तुलारामको वंशबाट उत्पन्न ब्राह्मणहरूले आफ्नो जमिन र फूलको बगैचा शिवलाई अर्पण गरे..."*** भन्ने उल्लेख भएबाट यी दुई दाजुभाइ बाह्मण अर्थात उपाध्याय रहेको स्पष्ट हुन्छ तर शिलालेखकै अर्को हरफमा ***"...दामोदर वंशका विद्वान हरिलाल र उनका छोराहरू शिवनिधि, चन्द्रमणी, लक्ष्मीनारायण र धर्मदत्तद्वारा मुक्ति प्राप्तिका लागि..."*** लेखिएबाट दामोदर वंशकालाई चाहिँ ब्राह्मण नभनी कतै कान्छा छोरा चाहीँ बैकल्या वा विद्यवा श्रीमती पट्टिका हुन् कि भन्ने पनि अनुमान गर्न सकिन्छ यसमा स्थानीय काभ्रे भञ्ज्याङ्ग निवासी

कृष्ण हुमागाईंले जनश्रुतीका आधारमा दिनुभएको जानकारीमा मल्ल राजा काभ्रे भञ्ज्याङ्ग हुँदै तराइतर्फ जाने क्रममा सोही स्थानमा बास बसेका र उनले गाउँमा उमेर पुगेर पनि विवाह नभएकी स्थानीय बडाल थर कि एक बैकल्या (विवाहका लागि जनै सुपारी भएपछि केटाको मृत्यु भएमा त्यस्ती कन्यालाई वैकल्या भनिन्छ) कन्या देखेपछि नितुपाध्यलाई वैकल्याको उद्धारका लागि उनको विवाह आफूले गराइ दिने भन्दै केटा खोज्न भनेको र गाउँमा केही केटा फेला नपरेपछि नितुपाध्य आफैसँग विवाह गराई विर्तासमेत दिएको भन्ने उल्लेख भएबाट कतै दामोदर कान्छो छोरा भएकाले तिनै बैकल्याबाट जन्मिएका हुन कि भन्ने अनुमान गर्न सकिन्छ ।

## दैलेख अभिलेख

दैलेख जिल्ला राहुकोट गाविस वडा नं. ३ हुमे गाउँ निवासी तिलकप्रसाद रिजालसँग २०६९ मंसिर २५ गते गरिएको कुराकानी ५०/६० पुस्ता अघिदेखिका रिजालहरूको बसोबास भएको इतिहास रहेको छ ।

शुरुमा साके सम्बत ९०५ मा अछामको धमालीमा बसोबास गरेका धमाल निवासी धमलाहरू दुई प्रकारका रहेका र त्यसका एक थरी ज्योतिषिका काम गर्ने र अर्काथरी राजपुरोहितका रूपमा काम गर्ने गरेका थिए । त्यसमा ज्योतिष काम गर्ने जोशी र अर्का राजाको पुरोहित रहेका बुढाज्यू उपाध्याय गरी दुई थरी भएको आख्यान पाइन्छ । पछि राजपुरोहित रहेका बुढाज्यूहरू राजपरिवारसँग खटपट भएपछि त्यहाँबाट छुटिएर दैलेखको रिजुगाउँमा आएर बसोबास गर्न थालेको र तिनीहरू पछि रिजाल भएको पाइन्छ । उनीहरू मध्येकै कुनै हाँगोपछि राहुकोटमा आइ होमहमादी गर्ने गरेको र त्यही गाउँ हुमेगाउँ भएको भएको भनाइ छ । अहिले पनि हुमे गाउँमा पहिले दुल्लुमा जस्तै अखण्ड होम हुने गरेको र त्यसको हवन कुण्ड अहिले पनि सो स्थानमा रहेको छ । हुमे गाउँको जग्गा विर्ता पाएका र त्यसबेलाका राजाले तिरो मिनाह गरेका कारण अझैसम्म पनि हुमे गाउँका रिजालहरूले आफ्नो घर जग्गाको तिरो तिर्नु नपर्ने उहाँको भनाई छ ।

प्रताप शाहले यस विषयमा दिएको ताम्रपत्र रहेको उहाँको धारणा छ । सोही गाउँका तीनभाइ रिजाल रहेको धनु, मनु र रितु पाध्य तीन भाइ रहेका । ती तीन भाई मध्ये रितु पाध्यका दुई श्रीमती र त्यस मध्ये जेठी श्रीमतीलाई त्यहीँ छाडेर रितु पाध्य म्याग्दी गएको भन्ने प्रमाण त्यस क्षेत्रमा रहेको पाइन्छ । तिनै रित्यु पाध्य नै पूर्वमा आएपछि नितुपाध्य भएका हुन सक्छन् ।

## हुमागाईंहरूको उत्पत्तिसम्बन्धी कृष्ण हुमागाईंको भनाई–

भक्तपुरका एक जना मल्ल राजा धुलुखेल हुँदै काभ्रे भञ्ज्याङ्गबाट तराई ओहोरदोहोर गर्थे रे । काभ्रे भन्याडमा नितुपाध्य (रिजाल) नामका ब्राह्मण बस्थे । उनीले थुप्रै गाई पालेका थिए । उनी हरेक दिन गाईको घ्यूबाट होम गर्ने तथा धेरै गाई भएकाले गाई दान गर्ने गर्थे । काभ्रे

भञ्याङ्गको बाटो हिड्दै गर्दा सधैं होमहोमादिका कारण धुँवा आकाशमा गएको तथा गाईको घ्यूको हवन कुण्डबाट बगेर बाटोसम्म पुगेको देखेर राजाबाट सोधनि भएछ । यो के भएको भन्दा उनका भारदारले यहाँ नितुपाध्य (रिजाल) नामका एक ब्राह्मण बस्छन् । उनका थुप्रै गाई छन् र उनले नित्यरूपमा यस नित्यश्वर महादेवको मन्दिरमा होम गर्ने गरेकाले त्यसैका कारण यस्तो भएको हो भनेर बताए छन् । त्यसपछि ति राजाले एकदिन नितुपाध्यको घरमै बास बस्ने र उनीसँग भेट्ने विचार गरेछन् । यसरी राजा त्यहाँ बास बसेको सुनेर वरिपरिका सबै मानिस हेर्न आएछन् । त्यसरी हेर्न आउँने मध्ये एकजना बडाल थरकी करिब १५ वर्षकी बैकल्या[१] केटी पनि आएकी रहिछन् । त्यस बेला साधारणतया केटीको दश वर्ष नपुग्दै विहे गर्ने चलन थियो । त्यसैले १५ वर्ष पुगेको केटी विवाह नभएको देखेर राजाबाट सोधनी भएछ । नितुपाध्य यी को केटी हुन किन यिनको बिहे भएको छैन ? नितुपाध्यले बताउनु भएछ- सरकार यिनी बडालकी छोरी हुन यिनको विवाहको लागि जनै सुपारी भएपछि केटाको मृत्यु भयो त्यसपछि यिनलाई कसैले स्वीकारेनन् । त्यसपछि राजाबाट हुकुम भए छ नितुपाध्य ओहो यो उमेरसम्म विहे नभएकी केटी त्यतिकै राख्दा सामाजमा विकृति आउँछ धर्म नष्ट हुन्छ । यिनका लागि योग्य केटा खोज म विहे गरिदिन्छु । त्यसपछि रातभर केटाको खोजी भएछ तर बैकल्या केटीसँग विहे गर्ने कोही केटा फेला परेनछन् । त्यसपछि राजाले नितुपाध्यलाई आग्रह भएछ हेर नितुपाध्य तिमी यस्तो धर्मात्मा छौं तिमीले यी कन्यासँग विवाह गर म कन्यादान दिन्छु । त्यसपछि ती मल्ल राजाले कन्यादान गरिदिएका रहेछन् । पछि तिनै राजाले नितुपाध्यलाई विर्ता स्वरूप विहावर (कुशादेवी) र बलथलीमा विर्ता दिएको भन्ने पनि गरिन्छ ।

## अन्त्यमा

खस समुदायमा प्रचलित धेरै थरको उत्पत्ति दैलेखका गाउँसग जोडिएका छन् जस्तो रिजु गाउँबाट रिजाल, तोषि धमालीबाट धमला, आदि यसबाट एकातर्फ दैलेखकै रावतकोट गाविसमा रहेको हमेगाउँबाट आएका नितुपाध्यलाई काभ्रेमा गाउँका नामबाट हुमेगाईं भनिएको हो कि ? यस बाहेक कसै कसैले नितुपाध्य दैलेखबाट म्याग्दी हुँदै काभ्रे आइपुगेको हुन सक्ने अनुमान पनि गरेका छन् । नेपालको मध्यकालीन इतिहासमा खस राज्यको विस्तार दैलेखबाट म्यादीसम्म पुगेका थियो प्रायः राज्य विस्तारसँग पुरोहितका रूपमा ब्राह्मणहरू राजपरिवारसँगै जाने परम्परा अनुसार दैलेखबाट म्याग्दी हुँदै काभ्रे (१७ औं शताब्दीमा काभ्रे भक्तपुर राज्यअन्तर्गत थियो) आईपुगेको पनि हुन सक्छन् । काभ्रेको काभ्रे भञ्ज्याङ्गमा शिवालय तथा तलाव रहेको जस्तै दैलेखको हुमेगाउँमा पनि पुर्खाले बनाएको धारो तथा हवन कुण्ड रहेको

---

१. बैकल्या भन्नाले विहेका लागि कुरा छिनिएको तथा जनै सुपारी भएको तर विहे हुनु अगाडि नै केटा परलोक भएकाले विहे हुन नसकेकी केटी ।

पाइन्छ । हुन त नितुपाध्यका तीन भाई छोरा मध्ये एक भाइ काभ्रे जिल्लामा नै बसेका र बाँकी दुई भाइमा एक भाइ म्याग्दी गएको र एक भाइ फेरि दैलेख नै फर्किएको अनुमान पनि गरिएको छ । माथि उल्लेखित विषय हालसम्म प्राप्त सबै तथ्यहरूका आधारमा तयार गएिका हुन यसमा थप जानकारी र खोज आवश्यक छ ।

## हुमागाईं बारेको केही जानकारी

- हुमागाईंका पूर्वज नित्योदयलाई भक्तपुरका राजा जगज्योति मल्लले जमीन दिएको भन्ने शिलालेखमा उल्लेख भएको ।
- जगतज्योति मल्लको समयावधि वि.स. १६७४ देखि १६९३ सम्म ।
- नित्योदयका तीन भाइ छोरा जोगीदास, तुलाराम र दामोदर ।
- दामोदरका छोरा मार्कण्यकी श्रीमती पद्मामतिबाट जन्मिएका चन्दमन्युका पालामा पोखरी बनाएको चन्द्रमन्युका छोरा महेश्वर, उनका छोरा सदाशिव, सदाशिवका छोरा हरिलालले सक सम्बत १७१९ जसमा १३५ वर्ष जोड्दा वि.सं. १८५४ ले तालको पुननिर्माण गरेको तथा देवालय निर्माण गरेको र नित्य चन्द्रेश्वर देवताको स्थापना गरेका ।
- दामोदरका वंशका हरिलाल र उनका छोराहरू शिवनिधि, चन्द्रमणी, लक्ष्मीनारायण र धर्मदत्त
- कुलदेवता विन्दावासिनी, बिन्दाचल पर्वतबाट आईबसेकी, वायु मनोहरा

# प्रवासका हुमागाईं



– **डा. पुष्पलाल हुमागाईं**
*केन्द्रीय सदस्य, हुमागाईं समाज नेपाल*

आदिमकालदेखि मानव सभ्यताको अध्ययन गर्दा मानिसहरू फिरन्तेको रूपमा एक ठाउँबाट अर्को ठाउँमा बसाई सर्ने परम्परा रहेको देखिन्छ। मानिस सधैं विकासप्रेमी भएकोले आफ्नो ठाउँमा बसेर अन्तिमसम्म हर क्षेत्रको विकास गर्ने प्रयास गरिरहन्छ। प्राकृतिक प्रकोप, राजनैतिक खिचातानि तथा सामाजिक थिचोमिचोबाट सहन नसक्ने स्थिति आएपछि मात्र एक ठाउँबाट अर्को ठाउँमा बसाई सर्ने प्रवृत्ति बढेको देखिन्छ। सभ्यताको विकास क्रममा समुद्र वा ठूला नदीको किनारामा जल यातायातको सुविधाले गर्दा सहरहरू विकसित भएका हुन।

नेपाल भूपरिवेष्ठित देश भएको साथै पहाडी भू-बनोटको क्षेत्रफल बढी भएकोले, त्यहाँ यातायात सुविधा हुन धेरै समय लागेको भेटिन्छ। खानेपानीको समस्या, यातायातको असुविधा, सामाजिक तछाडमछाड, सांस्कृतिक बेमेल र अशिक्षा आदिले गर्दा विभिन्न पहाडी क्षेत्रमा बसोबास गरेका आर्य मूलका जातिहरू सबैभन्दा बढी बसाई सर्दै हिँडेको देखिन्छ। संस्कृत साहित्य अध्ययन गर्न सजिलो मान्ने यो जातका मानिसहरूमा सहज रूपले जीवनयापन गर्न पहाडी मूलबाट, पहाडी मूलका केही बढी सुविधा सम्पन्न भएका ठाउँमा र पछि विकसित ठाउँको खोजमा बसाई सरेको पाइन्छ।

नेपालीहरू सहज गास, बास र कपासको खोजीमा भारतका विभिन्न प्रान्त हुँदै बर्मासम्म पुगेको इतिहास साक्षी छ। यसै क्रममा हुमागाईं थर प्राप्ति भएका काभ्रेपलाञ्चोक जिल्लाको दाप्चा भन्ने ठाउँबाट पूर्वमा भोजपुर, पाँचथर आदि जिल्लामा पुगेका र केही परिवार फिदिमको पातले भञ्ज्याङको दोबाटे नर्कटे भन्ने ठाउँमा बसोबास गर्न पुगे। त्यहाँ एक दुई पुस्ता बिताएपछि केही घरका हुमागाईं परिवार पुनः सुविधा र सम्पन्नताको खोजीमा ठूला नदीको किनारा र उर्वर भूमि खोज्दै भारतको उत्तरपूर्वी आसाम प्रदेशको दरं जिल्ला हालको शोणितपुर जिल्ला विहाली समष्ठिअन्तर्गत दलनी गाँउ (ब्रह्मपुत्र नदीको किनारा) मा बसोबास गर्न पुगे। यहाँ बसोवास गर्ने करिब २५ हुमागाईं घरपरिवार साना व्यवसाय, खेती किसान र नोकरी आदि विभिन्न पेशामा संलग्न छन्। त्यसैगरी भोजपुर जिल्लाबाट बसाईं सरेर गएका हुमागाईंहरू आसाम शोणितपुरको सुनाइपाम लोखरामा बसोबास गर्दै आएका छन्। काभ्रेबाट गएका केही परिवार भने सिक्किम, भूटान तथा दार्जिलिङमा समेत बसेको पाइएको छ।

आसाम, शोणितपुर निवासी मेरा पिताजी नरनाथ हुमागाईं जो पाँच वर्ष अगाडि ९२ वर्षका उमेरमा स्वर्गारोहण हुनुभयो, उहाँका अनुसार पाँचथर जिल्लाको पातले दोबाटे नर्कटे भन्ने ठाउँमा आफ्नै परिवारका गणपति र तुलारामलाई दश रूपैयाँमा विक्री गरी हाम्रा हजुरबुवा देवानारायण हुमागाईं आसामतर्फ लाग्नु भएको कुरा सुनाउनु हुन्थ्यो ।

वंशावलीको अध्ययन गर्दा हुमागाईंका पूर्वज रिजाल थरीले होम आदि यज्ञमा पारङ्गत भएकोले भक्तपुरका राजा जगज्योती मल्लले "हुमागाईं" विर्ता दिएको प्रमाण पाइएको छ । हुमागाईं थर भएका मानिसहरू सरल स्वाभावका कर्मी र आफ्नु खुट्टामा उभिएर बस्न रूचाउने र प्रकृति सितको सिधा सम्बन्धमा रहेर उत्पादन गर्न चाहन्छन् । त्यसैले उनीहरू खेती किसान, गाई भैंसी पालन व्यवसाय गर्ने र अहिले आएर सबै किसिमका नोकरी आदि विभिन्न कार्यमा लागेका छन् ।

पुरानो सांस्कृतिक परम्पराले गर्दा एउटै थरमा पनि सबै जात, ब्राह्मण, क्षेत्री, जैसी आदि हुने गरेकोमा हुमागाईंहरू पनि यसबाट अछुतो रहन सकेका छैनन । त्यसै अनुसार दाप्चामा रहेका ब्राह्मण समुदायका हुमागाईंहरू जो उपाध्याय लेख्थे निजका  सन्तानहरू पाँचथरको फिदिम पातले भञ्ज्याङ्ग हुँदै आसाम गएका हुन ।

आसाममा नेपाली भाषीहरूले आफ्नो थर लेख्ने चलन सन् १९७० पछि मात्र भएको देखिन्छ । त्यसअघि उपाध्याय, शर्मा, क्षेत्री आदि लेखेको पाइन्छ । भारतमा आदिबासी, जनजाति र पिछडिएका जातिहरूका लागि आरक्षणको क्रम बढ्दै जाँदा जातीय पहिचान आवश्यक रहेछ भनेर आफ्नु थर लेख्ने चलन भएको हो । लेखकले पनि ९ कक्षासम्म उपाध्याय लेख्दै आएकोमा एसएलसी परीक्षाको फारम भर्दा हुमागाईं थर लेख्न थालेको हो । मेरा दाजु र पिताजी सबैले आफ्नो थरको सट्टा उपाध्याय लेख्नुहुन्थ्यो ।

सन् १९७९/८२ ताका आसाममा विदेशीहरू धपाउ आन्दोलन शुरू भयो । भारत भित्र रहेका मारवाडी र अन्य व्यापारीहरूलाई दागा धरी चन्दा संकलनका नामामा धेरैपटक दुःख दिने कार्य भएपछि ती व्यापारीहरू आसाम छोड्न बाध्य भए । करीब ३ वर्षसम्म स्कूल कलेजको पठनपाठन पूर्ण रूपले बन्द भयो । नेपालीहरू पनि विदेशी हुन् भन्ने कुरा आसाममा स्पष्ट रूपमा भन्न थालियो । वास्तवमा सन् १९५० को नेपाल र भारत बीच भएको **शान्ति र मैत्री**सन्धि अनुसार नेपाल वा भारतका जनताले निर्वाध रूपमा ती देशहरूमा बसोबास र व्यवसाय गर्न पाउने कुरा उल्लेख छ । त्यो अवधिमा भारतबाट पनि  केही विद्यार्थीहरू आएर नेपालमा अध्ययन गरेको देखिन्छ । त्यसको एक दुई वर्षपछि मेघालयमा आन्दोलन भयो । त्यसमा नेपालीभाषीहरूले बाध्य हुँदै मेघालय छोडी नेपाल बसाई सर्नुपर्ने भयो ।

त्यसै गरी सन् १९८९ मा भुटानी राजा जिग्मे सिंघे वाङचुकले लगाएको एक व्यक्ति एक भुटानी नीतिले भुटानका विद्यालयमा नेपाली भाषाको पठनपाठन बन्द र उत्तरी भुटानमा भुटानी राष्ट्रिय पोशाकलाई अनिबार्य गरिएपछि सन् १९९० मा करिब १ लाख नेपाली भाषी भुटान छोडेर नेपाल प्रवेश गरे । छक्का पञ्जा गर्न नजान्ने सोझो विचार र अर्कोलाई ठगी गरी नखाने स्वभावका नेपालीहरू थिचोमिचो खप्न नसकेर पलायन हुन पुगे ।

यस्ता घटना एशिया महादेशमा पहिला पनि भएका थिए । बर्मा गए कर्म सँगै भन्ने उखान चलन चल्तीमा रहको छ। बर्मामा सन् १९४१ मा दोस्रो विश्वयुद्धताका जापानले बर्मामा आक्रमण गरेपश्चात त्यहाँको भयाभव स्थिति र विभिन्न किसिमका सांस्कृतिक वेमेल मान्न नसकेर  नेपालीहरू त्यहाँबाट पुनः नेपाल फर्केको इतिहास ताजै छ ।

माथिका उदाहरणबाट के स्पष्ट हुन्छ भने नेपालीहरू विभिन्न समस्याहरू पार गर्दै एक ठाउँबाट अर्को ठाउँमा बसाईं सर्ने गरेको पाइन्छ । हाल आएर करीब ४० लाख नेपालीहरू संसारका विभिन्न ठाउँमा रोजगारी र शिक्षा आर्जन गर्न गएका छन् । दिनहुँ करिब २ हजार मानिस रोजगारीका लागि विदेशिने गरेका छन् ।

हुमागाईं बन्धुहरू संसारका सबै कुनामा छरिएका छन् । तर यस्को वास्तविक तथ्यांक लिन अप्ठ्यारो भएको छ । केही समयपछि प्रकाशन हुन लागेको हुमागाईं समाजको वंशावलीमा सम्पूर्ण हुमागाईं बन्धुहरूबाट ती छरिएका बाबु, बाजेका वंशजका नाम नछुटोस् भनेर संकलन गर्ने काममा सहयोग गर्न सम्पूर्ण हुमागाईं बन्धुमा अनुरोध गर्दछु ।

# काभ्रेदेखि विराटनगरसम्मको बसाइँसराइ र मेरो अनुभव



**– राजेन्द्र हुमागाईं**
*अध्यक्ष, विराटनगर*

## परिचय

परमेश्वर हुमागाई (नित्युपाध्ये) जो काभ्रे पलान्चोकका बासिन्दा जसको हुमगाईं/होमगाईं थर हुनभन्दा अगाडी पाध्याय थरले जान्दै आएका थिए । आफ्नो धर्म कर्मका साथै नित्य विहान अपराह्नसम्म वैदिक विधि अनुसार होम होमादी गरेर मात्र आफ्नो गृहस्थ जीवनयापन गर्दथे भन्ने कुरा हाम्रा बाबु आमा र बाबुले आफ्ना आमा काका काकीबाट सुन्दै आएका हौं । अग्नीमा चामल, घिऊ, तेल, जौको चरुको होम पनि उल्लेख्य किसिममा गरिन्थ्यो । यसको पुष्टी त्यस बेलका भक्तपुरका मल्ल राजा जगतज्योतीका दान पत्र र हाम्रा पूर्वज (हुमगाईं बन्धु)का घरायसी कागजबाट पनि हुँदै आएको छ । जगतज्योती मल्लको राज्यकाल वि.सं. १६६४ देखि १६९६ सम्म देखिन्छ । बाजे परमेश्वरलाई हुमागाई थरमा परिवर्तन गरेको वि.सं. १६७४-७५ तिर पुष्टि हुन्छ । अब यी त्यसबेलाका ब्राह्मण ऋषि, मल्ल कालका अद्वितिय गौरवशाली व्यक्तित्व ठहरिए छन् । सो विशेष होमादीको दृश्य स्वय राजाले आफ्नो आँखाले देखेकाले यस्ता ऋषिमुनी पनि मेरा राज्यमा रहेछन् भन्ने ठानी बडो प्रफुल्ल मुद्रामा आफ्नो दरवारमा आउनु भन्ने निम्ता दिएछन् ।

खुद राजाले दरवार आउने निम्ता नितुपाध्य ब्राह्मणले पाएकाले केहीदिन पछि राजदरवार जानका लागि कोसेली स्वरूप दुध, दही, घिउ लिई भरियाहरूलाई बोकाई राजाको दर्शनका लागि पुगेछन् । दुध, दही, घिउको यती ठूलो लस्कर आदि देखेर राजा अर्को छक्कमा परेछन् । राजाले बडो कौतुहल्यका साथ यो कोसेली कति दिनदेखि जम्मा पारेको र तिमीसँग कति गाईवस्तु छन् भनी सोधनी हुँदा, 'सरकार यो दुध, दही र घिउ एक/एक दिनको हो र गाईवस्तु म आफै पनि गन्ती गर्न सक्तिन' भन्दा राजाको आश्चर्य र कौतुहता झुन्-झन् भरिदै गयो । राजा वडो हर्ष विभोर भएर 'ए बाह्मणदेव मेरो राज्यमा तपाईं जस्ता ब्राह्मण तपस्वी भएकोले हामी पनि धन्य छौं । अब तपाईको थर पाध्याय नभएर असख्य गौमाताको सेवा गर्ने र नित्य होमादि गर्ने भएकाले आज देखि तपाई र तपाईका सन्तानको छुट्टै पहिचानका लागि "होमगाईं/हुमागाई" थरले चिनिनु हुनेछ' भन्ने हुकुम भएछ । साथै 'तपाईलाई म के दिएर सहयोग गरु, के इच्छा राख्नु हुन्छ' भन्ने मर्जि भएछ । ऋषि ब्राह्मणले भनेछन् 'सरकार अरु त सवैथोक मसँग छ तर यी गाई बस्तु बाँध्ने, चरिचराउ गर्ने ठाउँको कमी महसुस भएको छ सो पाए हुन्थ्यो सरकार' भन्दा राजाबाट फेरि

हुकुम भएछ, 'ल गुरु तपाईंले भोली विहान सुर्योदयदेखि सुर्यास्त नभएसम्म जति गाईबस्तुका किल्ला/खुट्टा ठोक्नु हुन्छ त्यो सबै तपाईलाई राज्यको तर्फबाट विर्ता पाउनु भयो ।'

अब ब्राह्मण बाजे बडो हर्षका साथ सोही दिन घर गई आफ्ना गोठाला-खेतलाका साथ विहान सुर्योदयदेखि सुर्यास्त सम्म किल्ला/खुट्टा ठोक्दा काभ्रे, बलथलीको ठुलो भाग विर्ता पाएछन् । पछि विहावर, बाँसभ्रोरा पनि बसोबासका लागि राजाबाट थप विर्ता भएछ ।

## विराटनगरसम्मको बसाइँसराइ

यहाँ खासगरी मोरङ्ग विराटनगरका होमगाईहरूको बसाइँसराइका विषयमा रोचक घटना भनौ या भवितब्यका विषयमा प्रस्ट्याउँछु । नित्युपाध्यका सातौ पुस्ता जयनारायण हुन् । जयनारायणका २ सन्तान भए (१) नारायण र (२) रामनारायण ।

(१) नारायणका ५ सन्तान : (क) काशिनाथ, (ख) मुक्तिनाथ, (ग) जगन्नाथ, (घ) रंगनाथ, (ङ) रघुनाथ ।

नितुपाध्यका नवौं पुस्तका ५ भाइ मध्ये साहिला जगन्नाथको बसाइँसराइ र उनका सन्तानका हिसाबले मोरङ्ग जिल्लाको बिराटनगरमा करिब १३० बर्षदेखि बस्दै आएका छन् । यो बसाइँसराइको मार्मिक र दुःख लाग्दो व्यथा त छँदैछ तर वीर पुरुषहरूको दुःख र व्यथाले अर्को श्रृजना र अवसरको पनि मार्गनिर्माण गर्दछ भन्ने उक्तिको चरितार्थ भएको देखिन्छ ।

जगन्नाथ बाजे किन, कसरी नेपालको सुदुर पुर्व नै भनौ विराटनगरमा पुगेछन् ? जगन्नाथका २ सन्तान (१) कृष्णलाल र (२) शिवनिधि ।

दैवसंयोग जगन्नाथ बाजेकी श्रीमती पद्मकुमारीको निधन कुनै महामारी रोगव्याधीले भएछ । आफ्नी प्यारी अर्धांगिनिको मुत्युपछि बाजेलाई ठूलो आघात परेछ र यो ठाउँमा बस्न पटककै मन परेनछ । बैराग्यले जाउँ त कता जाउँ, श्रीमतीले आफूलाई २ सन्तान नासोको रूपमा छोडीकी छन् । पहिलो कृष्णलाल १३ बर्षका र कान्छो शिवनिधि ९ बर्षका छन् । पत्नी विरह खपि नसक्नुछ । सँगै बिताएको ठाउँ, डाँडा-काँडा, खेती-किसानी, पाखा-पैरो कसरी भुल्नु । यी हरेक चिजले सँधै विछोडको पीडालाई झन्-झन् कोतरी रहन्छ, पिरोली रहन्छ । त्यही रमणीय ठाउँ अहिले मानौं जताततै अन्धकारले छाएको छ । यो भन्दा बरु यो ठाउँ नै छोड्नु बेस सम्झेछन्, श्रीमतीका दुई नासो कस्लाई छोड्ने, दाजु भाइलाई छोडेर गए यिनीहरूको कस्तो बिजोग होला, स्वर्ग गएकी श्रीमतीले धिक्कार्लिन् । त्यो भन्दा अरू यिनीहरूलाई जहाँ जान्छु लिदै जान्छु । दाजुभाइसँग अंशबण्डा भएको रहेन छ तर त्यो अंशबंण्डाले यिनलाई किमार्थ छेक्न सकेन छ, सबै छोडेर गएछन् । पछि सुन्नमा आयो अरे सबै अरू भाइ छुट्टिंदा जेठा दाजुले साईला भाइको अंश आफ्नो जिम्मामा कागज गरेर लिएछन् । आएपछि उसैलाई बुझाउँला भन्ने सर्तमा ।

अब यी जगन्नाथ बाजेले आफ्ना २ लाला-बाला साथै लिई पूर्वी नेपालको मुङ्गलान, तराई-मधेश हान्निएछन् । यातायातको कुनै व्यवस्था थिएन । पहाडै पहाड पूर्व सिन्धुली, भोजपुर, धनकुटा, धरान हुँदै मोरङ्गको फर्साई भन्ने ठाउँ, जो विराटनगर भन्दा पश्चिममा एउटा गाउँ पर्दछ । बाटो खर्च बोकेको सातु सामल, २-४ पैसा सबै सकियो । के खाने, के लगाउने । यी बाजेलाई पत्नी वियोगको कत्रो मूल्य चुकाउनु पर्‍यो, कत्रो साहस, हे दैव भगवान् तिमीले मानिसलाई कति ठूलो जोखिम मोल गराउन सक्तारहेछौं । धन्य-धन्य बाजे तिमी महान् हौं । तिमी जस्तो साहसी पुरुषलाई दैवले सहयोग नगरे कसलाई गर्ने ।

अब छोराहरूका लागि पनि तिमीले सान्सारिक हुनै पर्‍यो, करै लाग्यो । अब यी बाजेले एकजना तराई मूलका बैश्यजातीका जमिन्दारका घर (फर्साई गाउँ) मा बास बसेछन् । भोलिपल्ट जमिन्दारले बाजेसँग सबै उनको हालखबर लिएछन् । बाजे पढेलेखेका, धार्मिक, ज्ञानी भएकाले यो दुःखको बेला यी लालाबालालाई लिई कतैजाने इच्छा नगर, बरु यही बसी मेरो कारोबार समाली देउ भन्ने उद्‌गार देखाएछन् । यो प्रस्तावलाई बाजेले सहर्ष स्वीकार गरेछन् तर परिश्रम गरेर खाने धारणा राखेछन् । सोही धारणाअनुसार ठूलो छोरा (१३ बर्ष) लाई सो जमिन्दारको गाईवस्तु चराउने काम र सानो छोरा (९ बर्ष) लाई बाखा हेर्ने काममा लगाएछन् । आफू ती मालिकको जमिनको रेखदेख र हरहिसाव, लेनदेन, खाताबहीको जिम्मा लिएछन् । आफ्ना २ छोरालाई साँझ विहान शिक्षा दिक्षा दिन भने चुकेनन् । जेठो छोरालाई अलिक मिहिनेत गरेर हिसाबवारीमा पोख्त बनाएछन् र रहदैबस्दै गरेपछि आफ्नो काममा सघाउन लगाएछन् ।

रहदै बस्दै यी बाजेले आफ्नै गृहस्त जीवन सुरु गरेछन् तर अर्को विवाह गरेनन् । तराईमा खासगरी औलो (मलेरिया) को ज्यादै प्रकोप हुन्थ्यो र मलेरिया लागेपछि हत्त-पत्त निको हुदैन थियो र यसैले लैजान पनि सक्दथ्यो । बाजे पनि धेरै बर्ष बाचेनन् तर जेठो छोरालाई केही जेथोका साथ पोख्त बनाएकाले सानो भाइलाई संरक्षण गर्दै धन आर्जन गर्ने, जग्गा जमिन जोर्ने काम प्रसस्त गरेछन् । जेठा छोरा कृष्णलाल र कान्छो शिवनिधि छोराको विहेवारी गर्न बाजेले भ्याए-भ्याएनन् भन्न सकिदैन ।

कृष्णलालका एक सन्तान भिमलाल मात्र हुनुहुन्थ्यो तर दुःखको कुरा भिमलाल गर्भमा हुँदा बाबुको स्वर्गवास भएछ । भाइ शिवनिधिलाई दाजुको एक मात्र सन्तान, जिलो बचाउन बडो मुस्किल भएछ । दाजुको एकमात्र बंश जोगाउने बाधा तराईको औलो नै प्रमुख थियो । यसका लागि विकल्प ठण्डा ठाउँ, मच्छर नलाग्ने र २ भाइले मिहिनेत गरेर जोडेको तराईको खेतीपातीको रेखदेखका साथै विधवा भाउजुको समेत संरक्षण गर्नु थियो । आदी कारणले उपयुक्त ठाउँ खोज्दै जाँदा हाल सुनसरी जिल्लामा पर्ने विष्णुपादुका गा.वि.स.को भालुढुङ्गा भन्ने ठाउँ उपयुक्त भेटियो । काका शिवनिधिले सो ठाउँमा आफ्ना परिवार र भाउजु, भतिजालाई केही जग्गा जमिन किनेर थन्क्याउनु भयो । ठाउँ ठण्डा बडो रमणीय हुनुका साथै हावा-पानी धेरै राम्रो ।

धरानदेखि पश्चिम सर्दुखोला पार गरेर एउटा डाँडो काटेर अर्को डाँडो छ । दुई डाँडोको दक्षिण पश्चिम चारकोसे घनाजंगल, जंगल सकिएपछि सुनसरीमा भरौंल भन्ने ठाउँमा २ ठाउँमा ५०-६० विगाहा जमिन, मोरङ्गको टंकीसिनुवारीमा १२५ विगाहा जग्गा, आउन जान सवारीमा असल जातका राम्रा भोटे घोडा थिए । पहिले वहाँहरूको पालमा मोरङ्ग र सुनसरी एउटै जिल्ला (मोरङ्ग) थियो ।

विहान ४ बजे दिनहुँ घोडामा सवार हुने र दिनभरी तराईका जग्गामा खेतीवारी हेर्ने, कम्तियाहरूलाई अह्राउने र साँझ राती बास बस्न उही परिवारका साथमा भालुढुङ्गा पुग्ने । धरानमा पनि औलो लाग्दथ्यो त्यहाँका धनीमानी परिवारहरू तथा सबै साधारण मानिसहरू पनि भालुढुङ्गा भन्ने ठाउँमा बसोबास गर्दथे । भालुढुङ्गा पश्चिम सुवारा, अर्चले आदि गाउँ पनि पर्दछन् । यी सबै ठाउँको अर्को विशेषता भनेको राणाकालमा यहाँ नेपालको सर्वप्रथम चिया खेती हुन्थ्यो । इलामको चियाखेती यसपछि सुरु भएको हो तर कालान्तरमा यो चियाखेती व्यवस्थित रहन सकेन र नासियो । अहिले पनि यहाँको जंगलमा कतै कतै चियाका बुटाहरू भेटिन्छन् र अध्यापी त्यहाँ कमान भन्ने ठाउँ पनि छ । कमान भनेको चिया प्रशोधन गर्ने ठाउँ हो । यसबाट यहाँ चियाखेती भएको पुष्टी हुन्छ । अहिले भालुढुङ्गामा चिया खेती नभए पनि नजिकै प्रख्यात बिष्णुपादुका हिन्दूहरूको महान् तिर्थस्थल छ । नजिकै टाँसिएको अर्को प्रख्यात कोकाहा नदी बग्दछिन् । जसमा श्राद्ध गर्नाले आफ्ना पितृहरू स्वर्ग जान्छन् भन्ने धर्मशास्त्रमा उल्लेख छ । कोकाहा नदीको अर्को विशेषता यो छ की यस नदीमा मानिसको मृत्यु भएपछि उसको अंगको एउटा हड्डी वा टुक्रा पऱ्यो भने उसको स्वर्गको वास हुन्छ । यो नदी बग्दै बग्दै वराह क्षेत्रको सप्तकोशी नदीमा संगम हुन्छ र त्यो संगममा मानिसहरू दाहसंस्कार गरेपछि निस्किएको उसको अस्तु लिएर त्यहाँ सेलाउन जाने चलन छ । विशेष गरेर औसी, पौखे औसीमा विष्णुपादुकाका स्थानमा हजारौं मानिसहरू श्राद्ध गर्न पुग्दछन् । भारतको गया भन्ने ठाउँमा श्राद्ध गरेको फल जस्तै यस ठाउँको महत्व छ र नेपाल, भारत, बर्माका हिन्दूहरू आफ्ना पितृहरूलाई तार्न श्राद्ध गर्न यहाँ आउँछन् ।

अब हुमगाईं परिवार पट्टि लागौं । कृष्णलालका एक छोरा भिमलाल । भिमलाल पनि आफ्ना बाबु जस्तै असाध्य पराक्रमी, ११-१२ बर्षको उमेरमा नै अब आफ्नो आमाको आफैले पनि संरक्षण गर्न सक्तछु भनी काका शिवनिधिसंग आफ्नो बुबाको आधा अंश लिन माग गर्नुभएछ तर काकाले भतिजालाई 'बाबु तँ अहिले सानै छस् यती सानो उमेरमा यो सम्पत्तिको साथै आमाको संरक्षण गर्न योग्य भएको छैनस् र कुनै कानूनले पनि १६ बर्ष नपुगी अंश दिन मिल्दैन जिद्दी नगर' भनेपछि खुम्चिएर बसेछन् । १६ बर्ष पुगेको भोली पल्ट काकासँग फेरि छुट्टीने प्रस्ताव राखेछन् । फेरी काकाले अझै त सानै छस्, कानूनले दिए पनि व्यवहार सिक्न धेरै गाह्रो छ अलिक बर्ष अरु पर्खी हतार नगर भन्दा नमानी छुट्टिएछन् । काकासँग भागमा लिएको ९० विगाहा जग्गा केही

मोरङ्गमा र केही सुनसरीमा पाएछन् । मोरङ्गमा टंकीसिनवारी र सुनसरीको भरौलको जम्टोकी भन्ने ठाउँमा । काकालाई बडो दुविधा भइ नै रहयो बडो दुःखले दाजु भाइले कमाएको सम्पत्ति भतिजाले नास गर्ने हो की भन्ने चिन्ता भएछ । केही समय कालमा (१०-१५ वर्ष) मा काकाको सम्पत्ति जतीको तेतीनै रह्यो तर जवान हुँदै गएका भतिजाले त आफ्नो भन्दा ३ गुणा जग्गा जमिन थप्न सफल भएछन् आफ्नै जग्गाको छेउ टंकिसिनुवारीमा ।

बिराटनगर सनिहाट मुल घर काका शिवनिधिको भागमा परेकोले भतिजा भिमलाल सुनसरीको जम्टोकी भन्ने ठाउँमा बस्न थाले । भालुढुङ्गाको जग्गा दुवैको थाती रहेपनि औलोको प्रकोप विस्तार विस्तार कम हुदै गएकोले र जग्गा जमिनको हेरविचार गर्न टाढा भएकोले स्थायी बसोबासमा परिवर्तन भएछ ।

भतिज भिमलाल एक्लो भएपनि यिनका परिवार काकाको भन्दा कालान्तरमा धेरै बढी भएछन् । कारण भिमलालका जेठी श्रीमती रत्नकुमारीका २ सन्तान भएछन् । (क) बुलु बाबु र (ख) नारायण (पद्मराज) । बुलुबाबु सानैमा खसेछन् । पद्मराज जन्मिएको एघार दिनमा श्रीमती पनि वित्नुभएछ । त्यस पछि माहिली मधुमायालाई विवाह गर्नु भएछ । माहिली श्रीमतीबाट एक छोरा बिष्णुप्रसाद र एक छोरी चन्द्रकला भएछन् तर जग्गा जमिन धेरै भएपछि जग्गाका सिमानामा आफुले चाहेर नचाहेर पनि झगडा प्रायः हुने गर्दथ्यो । एउटा नेपालीमा उखान छ बर्णमालाको क ख भन्दै गएपछि ज को मुनी झ आउछ अरे । त्यस्तै जग्गा भएपछि झगडा पनि साथ साथै हिड्छ अरे । किनभने त्यतिवेला अहिलेको जस्तो बैज्ञानिक नापजोख हुँदैन थियो । मौजा-मौजाको नाप जोखको आधारमा विगाहा कित्ता छुट्याइन्थ्यो । मौजाको सिमानामा वोरपर सरेपछि बिचका कित्तामा पनि समस्या देखिन्थ्यो । कुनै मुद्दाको छिनो फानो सुरुमा जिल्ला अदालतमा हुन्थ्यो भने त्यसपछि अन्तिम फैसला काठमाण्डौको सर्वोच्च अदालतमा हुन्थ्यो । सर्वोच्चमा पनि २/३ तह हुन्थ्यो । त्यसै सिसिलामा सानै भएपनि छोरा बिष्णुप्रसाद काठमाण्डौ तारिख लिनजाँदा उनी उतै बितेछन् ।

व्यवहार जग्गा जमिन सबै ठाउँमा भएकोले हो वा अन्य किसिमले भतिजा भिमलालले तेश्रो विवाह मुनमायालाई गनुभएछ । तेश्री श्रीमतीबाट एक छोरा मोहन (रामप्रसाद) र एक छोरी सावित्री देवी भएछन् । अब भतिजा भिमलाललाई सम्पत्ति आर्जनले मात्र चित्त बुझेन । आफ्नो नाता सम्बन्ध ठूलाबडा घरानामा गास्ने रहर भएछ । यसै सिलसिलामा धनकुटा जिल्लाका सिभुवा मूलघर भएका र तराईमा पनि आफ्नै नजिक र विभिन्न ठाउँमा समेत जग्गा जमिन भएका चिन्तामणी आचार्यकी कान्छी छोरी गुणकुमारी (यज्ञकुमारी)लाई विवाहका लागी प्रस्ताव राख्नु भएछ । पहिलेको जमानामा प्रसस्त धन भएपछि सौता माथी पनि छोरी दिन्थे । किनभने छोरीका बाबु आमालाई मुख्य २ कुराको समस्या हुन्थ्यो । एक आफ्नो मिल्दो जातमा मात्र छोरी दिने । दोस्रो कुरा श्रीसम्पत्ति पुरा भएको हुनुपर्दथ्यो । यी दुवै कुरा मिलाउन बडो मुस्किल हुन्थ्यो र जात

मिल्ने र धन प्रसस्त भएपछि आफ्नो धर्म पनि जोगिने छोरीका भावी सन्तानले पनि खान लगाउनलाई दुखः खेप्नु नपर्ने ।

काहिली श्रीमती यज्ञकुमारीबाट सुरुमा २ छोरी जन्मिए तर ती ठूला नहुदै विते । यस्तै माहिली र साईली श्रीमती पनि भिमलालका परलोकधाम भए । त्यसपछि काहिली श्रीमतीबाट १ छोरी र ७ छोराहरू क्रमशः भए ।

रुद्रकुमारी, राजेन्द्र प्रसाद होमगाईं, नरेन्द्र प्रसाद होमागाईं, महेन्द्र प्रसाद होमागाईं, जयन्द्र प्रसाद होमागाईं, सुरेन्द्र प्रसाद होमागाई, योगेन्द्र प्रसाद होमागाईं, गजेन्द्र प्रसाद होमागाईं । यी सन्तान मध्ये कान्छा छोरा गजेन्द्र बाल्यकालमा नै विते ।

भिमलालका काहिली श्रीमती पछि कान्छी श्रीमती गोपकुमारी (भिमकुमारी) बाट एक छोरा रुद्रबहादुर होमगाई र २ छोरी कमला, विमला भए ।

भतिजा भिमलाल हुमागाई पनि एक कर्मयोगी र वीर पुरुष किन भन्न सकिन्छ भने वहाँ शारीरिक रूपमा अग्लो ६ फुट उचाई भएका गोरा, बलिया हुनाका साथै सम्पत्ति धेरै जोड्दा नमात्तिने र सकिदा पनि नआत्तिने धैर्यमान व्यक्ति हुनुहुन्थ्यो । पढाईमा नेपाली मातृभाषाका साथै संस्कृतका पनि ज्ञाता मात्र नभएर हिसावबारीमा पोख्त । जग्गा जमिनको नाप जोखमा होस वा घरायसी र व्यापारिक हिसाव गर्नमा वहाँलाई प्रायः कागज, कलम चाहिदैन थियो । खेती गृहस्थी बाहेक साईड विजनेसको रूपमा गल्ला किरानाको व्यापार पनि गर्न भ्याउनु हुन्थ्यो । अर्को वहाँको विशेषता कहिल्यै बाचुन्जेल कसैसँग झुक्नु भएन र कसैसँग हार्न भनेको जान्नु भएन ।

व्यावहारिक ज्ञानको पोख्त भएपनि भतिज भिमलाले केही समय नराम्रा दिन पनि देख्नु परेछ । आफ्ना काकासंग भागमा लिएको जग्गालाई विस्तार गरेर साधैमा ३०० विगाहा जमिन टंकीसिनवारीमा जोडेपनि केही समय पश्चात त्यो सवै आफ्नै हातले सकिएछ । कारण सो जग्गा खेती गर्ने आफ्ना अधियार (बटिदारहरू) १०० घर परिवार रहेछन् । आफ्नो जग्गाको उत्तरमा पर्ने दुहवीको त्यती ठूलो बुढी नदीलाई आफ्ना बटिदारहरूको सहयोगले सालै पिच्छे कच्ची बाँध बाँधी आफ्नो जग्गालाई सिंचाई गर्दै आउनु हुँदोरहेछ । तर एक समय यस्तो अनाबृष्टी भएर लगातार ५ वर्ष सम्म पानी नपरे पछि सो खोलामा एकथोपा पानी नभएर कमिला हिडन थालेछन् । पानी नभएर खेतीवारी लगातार चौपट त भयो भयो ती सवै १०० घर परिवारलाई समेत ५ वर्षसम्म पाल्नु पर्ने बाध्यता भएछ । पहिले पहिले खेती गर्ने मानिसको अभावले गर्दा ती आफ्नो बटीदारहरूलाई आफ्नो जमिनमा घर बनाउन दिनुपर्दथ्यो । उव्जावारी कथनकदाचित नभएमा ऋण गरेर भएपनि तिनीहरूलाई पाल्नु पर्दथ्यो । उनीहरूले लिएको ऋण उप्जावारी भएपछि तिर्दथे । नभए ती मानिसहरू खान नपाएपछि अन्यत्र उठेर जान्थे । अरु जग्गा वालाले ऋण ख्वाउने सर्तमा लिएर जान्थे । उठेर गएपछि ऋण माया मार्नु

पर्थ्यो । यो प्राकृतिक प्रकोपले धेरै ऋणको बोझले त्यो टंकीसिनुवारीको सबै जग्गा विक्री गर्नुपऱ्यो । बाँकी रहेको जम्टोकीको २० विगाहा जग्गा जो पानीको कहिल्यै अभाव हुदैन्थ्यो र भालुढुङ्गाको जग्गा मात्र । यती धेरै परिमाणमा सम्पत्ति जोडेको सबै करिबकरिब सखाप भएपनि कत्ती पनि हरेस नखाई कडा मिहिनेतका साथ फेरि केहीकालपछि भरौलको तीनधरी भन्ने ठाउँमा १०० विगाहा जग्गा जोड्न सक्नु भएछ । त्यस बखतको दुःख र कडा मिहिनेतमा वहाँकी तत्कालीन कान्छी श्रीमती (काईली) यज्ञकुमारीले ठूलो सघाउ पुऱ्याउनु भएछ । केही वर्ष दुःख भएपनि फेरि उही पहिलेको जस्तै दिन फर्किए । अन्त्यमा २०३६ सालको जनमत संग्रहमा विराटनगरमा भोट हाल्नु भयो र भोलिपल्ट ७८ वर्षको उमेरमा हिंड्दै डुल्दै स्वर्गवास हुनुभयो । बाँचुन्जेल वहाँ कहिल्यै विमारी पर्नु भएन । विमारी भनेको वहाँका भनाई अनुसार जिन्दगीमा २ वा तिन खेप सामान्य ज्वरो मात्र आएछ ।

अब काका शिवनिधीको चर्चा गर्दा वाहाँकी जेठी श्रीमति ..... बाट १ छोरी र एक छोरा छविनाथ भएपछि श्रीमती .....वित्नु भएछ । जेठी श्रीमतीका छोरा छविनाथकी श्रीमती ... बाट ४ भाइ छोरा क्रमशः विश्वनाथ हुमागाई, उमेश हुमागाई, रमेश हुमागाई र कान्छा महेश हुमागाई साथै ४ बैनी छोरीहरू... ......... हरिकला, सुशिला, अम्बिका, भए ।

शिवनिधिका कान्छि श्रीमतीबाट डिल्ली कुमारीका २ भाइ छोराहरू र ४ बैनी छोरीहरू भए ।

छोराहरूः प्रतापनिधी शर्मा र कृष्णनिधि शर्मा तथा छोरीहरूः जान्दवी देवी, चंचला देवी, शकुन्तला देवी, इन्दू देवी ।

प्रतापनिधीका ४ भाइ छोरा र २ बहिनी छोरीहरू कमशः (१) विमल प्रसाद शर्मा (२) अशोक शर्मा (३) विनोद शर्मा (४) ज्योती शर्मा र छोरीहरू (१) सविता (२) संगिता भए ।

कृष्णनिधिका १ छोरा मनोज शर्मा र २ छोरी क्रमशः प्रतिमा देवी र प्रमिला देवी

प्रतापनिधिलाई विराटनगरका बासिन्दाले पूर्वाञ्चलमा शिक्षाको क्षेत्रमा सदा सर्वदा सम्झिरहन्छन् । प्रतापनिधि आफ्नो जीवनको अवधीभर विभिन्न स्कूल र कलेजका अभिभावकको रूपमा संचालकको सेक्रेटरी रहिरहनुभयो । पूर्वाञ्चल विश्वविद्यालय स्थापना गर्न सरकारसँग अथक परिश्रम गरेकोले वहाँलाई पूर्वाञ्चलको शिक्षाको ज्योति दिनेमा ठूलो योगदान गर्ने व्यक्तिका रूपमा लिइन्छ र यहाँको कन्या क्याम्पसमा शालिक पनि निर्माण भएको छ । साथै वहाँको नाममा एउटा ट्रस्ट "प्रतापनिधि शर्मा स्मृतिकोष" पनि स्थापित भएको छ । यो ट्रस्टबाट प्रत्येक बर्ष एकजना शिक्षा सेवीलाई सम्मान र नगद पुरस्कार एवं प्रतियोगितात्मक कवि-गोष्ठी र छात्रवृत्ति कार्यक्रम संचालन गर्दछ ।

यी हुमागाई परिवार मोरङको विराटनगरमा बसाइँसराइको हिसबाले करिव १२५-१३० बर्ष भएको देखिन्छ । बाजे जगन्नाथले २ भाइ छोरा च्यापेर मोरङ आएको एउटा सानो परिवारका सन्तान अहिले करिब २२ घर परिवार भएर राम्रै स्थापित भएका छन् । यी परिवारहरू आफ्नो नामको पछाडी पहिले शर्मा लेख्दथे किनभने हुमगाईं लेख्दा मानिसलाई झट्ट जात छुट्टयाउन गाऱ्हो पर्थ्यो र अर्थ्याउन पर्दथ्यो । यसकारण शर्मा लेखेपछि जो कसैले पनि ब्राह्मण जातिका भन्ने बुझ्न सरल हुन्थ्यो । पछि भिमलाल र शिवनिधिका सन्तान फैलिदै गएपछि छोरा खालले आफ्नो पहिचान जोगाउन नामका पछाडि होमगाईं/हुमागाईं लेख्न थाले । अब पूर्वाञ्चलमा हुमागाईं बन्धुहरूलाई जो कोहिले पनि ब्राह्मण जातिका हुन् भन्ने संझन्छन् । अहिले ४०-५० बर्षदेखि काभ्रेबाट केही हुमागाईं परिवारहरूका नयाँपुस्ता पनि पूर्वाञ्चलमा बसाइँसराइका क्रममा आउन थालेका छन् ।

**हुमागाईं समाज नेपालद्वारा प्रकाशित, हुमागाईं बन्धुहरूको प्रारम्भ वंशावलीसहित महत्त्वपूर्ण दस्तावेजहरूको संग्रह 'हुमागाईं दर्पण' प्रकाशित भएकोमा खुशी व्यक्त गर्दै, सम्पूर्ण देश तथा विदेशमा रहनुहुने हुमागाईं बन्धुहरूको उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।**

**रवीन्द्र हुमागाईं**
**कुशादेवी-८, पातीखोरीया, काभ्रे**

**Anmol Catering Service (P.) Ltd.**
Anmol Complex, New Baneshwor, Kathmandu, Nepal
Tel. 014466861, 4477640 (O.), Mobile : 9841-311218 / 9851076822
E-mail: rabindrahumagain@yahoo.com

# धनञ्जय ऋषि र हुँमेगाईको इतिहास



– पं. तिलक प्रसाद उपाध्याय हुमागाईं
*ब्रह्मस्थान, हुमेगाउँ, रावतकोट-३, दैलेख*

वैदिक विज्ञान अनुसार यस सृष्टिको प्रारम्भ तीन प्रकारले भएको छ। प्रथमः भूत (पृथ्वी, जल, तेज, वायु र आकाश), दोस्रो सङ्कल्प सृष्टि र तेस्रो शारीरिक सृष्टि। सङ्कल्प सृष्टि अन्तर्गत नै सत्व, रज र तम त्रिगुणहरू र त्रिगुणात्मिका प्रकति स्वभाव भएका देवता ऋषि, मनुष्य, असुर लगायत चराचर जड, चेतन वस्तु र व्यक्तित्वको उत्पत्ति भएको मानिन्छ। यसै सङ्कल्प सृष्टि अन्तर्गत लोक स्रष्टा मरमेष्ठिद्वारा अयोनिज सांकल्पिक रुद्र सृष्टि भएको र श्री रुद्रको संकल्पद्वारा धनञ्जय नामक अग्नि रूप ऋषिको उत्पत्ति भएको कुराको व्याख्या शिव महापुराणमा उल्लेख भएको छ। त्यसकारण धनञ्जय ऋषिको यस धरामा रुद्रको सङ्कल्पद्वारा उत्पत्ति मान्नु पर्ने हुन्छ। सङ्कल्प सृष्टिलाई कालको प्रभाव पर्दैन। परमेष्ठि प्रतिपादिन सृष्टि क्रममा सबैभन्दा कान्छो सृष्टि प्रक्रिया शारीरिक सृष्टि हो। स्वयम् ब्रह्माजीको स्वरूप दुई भागमा विभक्त भई स्वयम्भु मनु र शतरूपा मानवी व्यक्त भई सकेपछि शारीरिक सृष्टि प्रारम्भ भयो। प्रथम भूत सृष्टि र दि्वतीय सङ्कल्प सृष्टिमा समयले प्रभाव पार्न सक्दैन भने तृतीय शारीरिक सृष्टि काल प्रभावित हुन्छ। जुन निरन्तर परिर्तनशील रहन्छ।

धनञ्जय ऋषि श्री रुद्रको सङ्कल्प सृष्टि भएका कारण सृष्टिको प्रारम्भदेखि हालसम्म स्वेच्छाधृत शरीर रही रहनु भएको छ। यिनै धनञ्जयको शिषत्व प्राप्त गर्न सफल भए र सातवाँ मन्वन्तरमा महाराजा गाधिबाट जन्मेका पुत्र विश्वामित्रले क्षत्रिय जातित्व नै परिवर्तन गरी ब्रह्मऋषित्व प्राप्त गर्न सफल भए। सातवाँ वैवस्वत मनुको अठ्ठाइसवाँ चतुर्यूगीको सत्य युगमा मधुच्छन्दा नामक वैश्य गणहरूले यिनै विश्वामित्रबाट मार्गदर्शन पाएर ब्राह्मणत्व प्राप्त गर्न सपल भए। यसरी ऋषि धनञ्जयसँग विश्वामित्र र मधुच्छन्दाहरू जोडिए र यी दुवैले आफ्नो जातित्व ब्राह्मण र गोत्रत्व धनञ्जय स्वीकार गरे। यिनीहरूबाट नै धनञ्जय गोत्रीय मानवको शारीरिक सृष्टि प्रारम्भ भयो। यस प्रकारले हेर्दा आज भन्दा ६ मन्वन्तर, २७ चौघडी, ३ युग र ५११७ वर्ष पहिलेबाट नै धनञ्जय गोत्रको प्रारम्भ भएको देखिन्छ। धनञ्जय गोत्रका तीन प्रवर हुनुको कारण (धनञ्जय, विश्वामित्र र मधुच्छन्दा) यही हो।

यस धनञ्जय गोत्रीहरूको थर (चिनारी) हाल आएर धेरै छन्। त्यसमा होमेगाई, ऋजाल, पंगेनी, कुकुकट्टे, बसेल, गुरागाई, खलेल, बस्नेत, भुसाल, खुलेल, बुढाथोकी, गैरीपिप्ली, भण्डारी,

पंगाली आदि छन् । त्यसमध्ये सर्वाधिक प्राचीन र ऐतिहासिक थर भनेको होमेगाई नै हो । किनकी स्वयम् धनञ्जय अग्नि स्वरूप भएको र होमकर्म अग्निसँग सम्बन्धित भएकाले होमकर्ममा अधिकृत ब्राह्मणहरूको वास्स्थान **हुमेगाउँ** भन्ने नामले प्रसिद्ध भयो । आज पनि आचारवान् उपाध्याय ब्राह्मणलाई **हुमे** भनेर सम्बोधन गरिन्छ । ती हुमेहरूको वासस्थान **हुमेगाउँ**को प्राचीनता, पवित्रता र गौरवलाई स्मरणमा राख्न नै **हुमाँगाई** भन्ने थरको प्रचलन भएको देखिन्छ ।

ऋग्वेदादि वैदिक वाङ्मयमा मूख्य उपास्य देवताको रूपमा (ऋगवेद-अग्निमिडे पुरोहितम्, सामवेदमा-अग्नयायाहि वितये) अग्निलाई नै राखिएको छ । यसको प्रत्यक्ष प्रमाणका रूपमा रहेको अग्नि वैश्वानर ज्वाला क्षेत्र (हाल दैलेख जिल्लाको दुल्लु माझखण्ड) पञ्चकोशी तीर्थस्थलमा नै अवस्थित भएको होमेगाउँ (रावतकोट गा.वि.स.वार्ड नं.३) यी धनञ्जय गोत्रीय ब्राह्मणहरूको प्राचीन वासस्थान हो । यी हुमागाई ब्राह्मणहरूले उपयोग र उपभोग गर्ने गरेको जग्गा जमिन, खेत पाखो, वासस्थान र सम्पत्तिलाई सर्वकर मुक्त बनाइ कुनै पनि किसिमको तिरो भारो, वेठ वेगारी, झाडा कसैलाई पनि तिर्न बुझाउन नपर्ने गरिएको छ । लिखित प्रमाण लालमोहर, स्याहार सनद अनुसार अनादिकालदेखि चली आएको यो परम्परा नागराज हिमाज्यू, सिंजा नरेश मलयबम्भ त्यस पछिको चल्ल राज्य, मल्ल राज्य शाही राज्य, शाह राज्य समेतले अनुमोदन गरेको देखिन्छ । त्यसैकारण हालसम्म पनि होमेगाईको जग्गा बिना तिरो (तिरो नतोकिएको) नै छ । यस्तो अद्बितीय परम्परामा ज्वालाजीका उपासक हुमेगाईहरूबाट पर्वत्को पाङ, अछामको धमाली र वाग्मती नदीको छेउहुँदै नेपाल (काठमाण्डौं) आदि स्थानमा (१०१३ वि.स..तिर) हिडेको र यहाँ रहेका भाइ सन्तानहीन हुन पुगेपछि पञ्चकोशीका स्थानीय वासिन्दाहरूले अछामको धमाली बाट १५६२ मा धनु उपाध्याय हुमागाईलाई डोली चढाइ ल्याई पूर्ववत् हुमेगाउँमा बसालेको इतिहास छ । यसै वंश परम्परामा जन्मेका जिजु पूर्खा विद्यापतिले श्री ५ रण बहादुर शाहबाट र नारायण दास गदाधर हुमागाईले श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट पञ्जापत्र लालमोहर पाएको लिखत समेत सुरक्षित छ । जसमा “अनादि परम्परा अनुसार हाम्रा पुर्खाले र त्यसदेखि अघिका शासक, प्रशासक, राजा, महाराजाहरूबाट बक्से अनुसार सर्वकर अनुकर गरी बक्स्यौं ” भन्ने व्यहोरा उल्लेख छ ।

यसरी वैदिक संस्कृति पौराणिक गौरव, धार्मिक जीवन शैली र जिवन्त जातीय इतिहास भएको धनञ्जय गोत्रीय हुमागाई ब्राह्मणहरूको युगौं युगदेखिको यो वासस्थान आफ्नो अतुलनीय गाथा कथा बोकेर यस देशको सुदूर कुनामा मौन रूपले अवस्थित छ ।

# हुमागाईं वंशावली, वंशावली सङ्कलन र यसको आद्योपान्त



– कुल चन्द्र हुमागाईं
दाप्चा, काशिखण्ड न.पा.-१४, हुमागाईंथोक

समग्र नेपालीहरूले नै आफ्नो आफ्नो जातीगत, भाषागत, लिङ्गगत, क्षेत्रगत, समूहगत, थरगत पहिचानको खोजी भैरहेको वर्तमान समयमा हामी समग्र हुमागाईंहरू पनि आफ्नो भैरहेको पहिचान र परिचयको खोजी गर्नु स्वाभाविकै र आवश्यकता पनि हुन गएको छ । हामी हुमागाईंहरूको वंश बृक्ष कुन हो ? हुमागाईं भनेकै के हो ? कसरी र कहिले देखि हामीहरूले हुमागाईं भनी समाजमा परिचय दिन गयौं, आदि यस्तै कुराहरूको खोजी हुनु आजको आवश्यकता हुन गएको छ । त्यस्को अनुसन्धान वा खोज हुन बाँकी छ र हुनु पनि आवश्यक छ ।

हुमागाईंहरूले आफू हुमागाईं भएको नाताले आफ्नो बारेमा विस्तृत रूपमा थाहा पाउनुपर्ने, जानकारी राख्नुपर्ने हुन्छ । म कसरी हुमागाईं भए, मजस्ता अरु हुमागाईं छन् कि छैनन्, छन् भने कहाँ-कहाँ के कति मात्रमा छन्, ति कहिलेदेखि त्यस ठाँउमा बसोबास गरी आएका छन् । तिनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक अवस्था के कस्तो छ । आदि बारेमा जानकारी प्राप्त गर्नु र आफूले प्राप्त गरेका जानकारीहरू अरु बन्धुबान्धवहरूमा पुऱ्याउनुपर्ने आजको आवश्यकता हो यसैको नालीबेली आद्योपान्तलाई वंशावली भनिन्छ वा भनिनु पर्छ । कुनै पनि गोत्र, थर, जातको बंशावली तयार गर्दा त्यसका सुरु देखी अन्त्यसम्म अर्थात हामी मानव जाति भएकाले हाम्रो अन्त त हुँदैन यो अविरल चलिरहने प्रक्रिया हो । कुनै समयमा हाम्रा पूर्खाहरू त्यस समयमा वर्तमान थिए भने अहिले हामीहरू यस समयका वर्तमान भएर रहेका छौं पछि आउने समयमा तत्तत् समयका हुमागाईं थर लेख्ने मानिस वर्तमान अवस्थाका मानिस हुनेछन् । त्यसैले हामी हुमागाईंले बंशावली लेख्ने भनेको हुमागाईं थरको सुरुवातदेखि आजसम्मको बंशको नालीवेली लेख्ने हो त्यो कतिसम्म सम्भव छ र प्राप्त गर्न सकिन्छ । हामी भन्दा पहिलेका पुस्ताले लेखिदिएको भए हामीले त्यसमा थप्दै जाने अवसर मिल्ने थियो नभएकाले अहिले हामीहरूले जो सकेको टिपि दियौं, लिपिबद्ध गरी दियौं भने पछिका सन्ततीलाई पछि थप्दै जानेछन् भन्ने आशा गरिन्छ ।

बंशावली एउटा बृक्ष हो जसमा जरा, फेद, हाँगा तथा पातहरू हुन्छन र वरवाट पर, तलबाट माथिसम्म फैलिएका हुन्छन् (जस्तै वर पिपल्का रुख) । बंशावली एउटा लहरा हो जस्ले समाउने ठाँऊ पाएपछि कहाँ कहाँ पुग्छ (जस्तै वेत, स्कूस, घिरौंला, काँक्रा आदिका लहरा) ।

त्यस्तै मानव जाति पनि सृष्टिकालदेखि अहिलेसम्म कति फैलिएको छ। सृष्टिकालमा समुद्र तटवाट सुरु भएको मानव हाल विश्वका कुनाकुनासम्म फैलिएका छन । हामीले भगवान भनेर पुजेका चन्द्रमा तथा त्यस्तै अन्य ग्रहहरूमा समेत पुग्ने काम भएको छ। त्यस्तै हाम्रा हुमागाईं बन्धुहरू पनि विश्वका कुना कुनासम्म फैलिएका छन् तिनीहरूको बंशको बंशावली संकलन गर्न सारै कठिनाई तथा खर्चिलो बनेको छ। बंशावली टिप्दा वा लेख्दा शुरुदेखि हालसम्म सम्पूर्ण रूपमा टिप्नु वा लेख्नु पर्दछ। त्यसरी सकिएन भने हालदेखि टिप्दै माथि कति पुस्तासम्म नामावली पत्ता लगाउन सकिन्छ त्यतिसम्म भएपनि टिप्नु वा लेख्नु पर्दछ। हामीले पत्ता लगाएका नामावली टिपेपछि अरु पत्ता लगाउने कोशिस निरन्तर गरिरहनु पर्छ। हाम्रा परम्परागत गाउँमा एउटा गाऊँमा एकै वंशका मानिसहरू बसोबास गरी आएको पाइन्छ हाल आएर स्वास्थ्य, शिक्षा, सञ्चार, यातायातको विकासले गर्दा सुविधाको खोजिमा मानिसहरू छरिएर रहन पुगेका छन र हामीलाई वंशावली टिप्न वा लेख्न, संकलन गर्न केही कठिनाई उत्पन्न भए पनि यातायात र संचारको विकासले केही सुलभ पनि बनाईदिएको छ।

मानौ एउटा गाँऊमा जहाँ हुमागाईंहरूको वस्ती छ। त्यस्ता ठाँउमा १८/२० पुस्तासम्म बसोबास भएको छ त्यस ठाँउमा एउटा हाँगाको १५ पुस्तासम्मको नामावली संकलन गर्न सकियो तर आर्का हागाको चाहि ७ वा ८ पुस्तासम्म मात्र नाम संकलन गर्न सकियो तर गाँऊमा एकले आर्कालाई सम्बोधन गर्दा उनिहरूको नाता सम्वन्ध के भनेर सम्बोधन गर्छन त्यो पत्ता लगाएपछि अनि कति पुस्ता नपाइएको हो भन्ने कुरा पत्ता लगाउन सकिन्छ र प्राप्त नाम संकलन गरी बाँकी संकलन गर्ने कार्य जारी राख्नुपर्छ। एउटा परिवारको मुख्य फेद पत्ता लगाएपछि त्यसको सम्पूर्ण हाँगा बिगा पत्ता लगाउँदै अन्त्यसम्म पुग्नुपर्छ सकिएन भने पनि प्रयत्न चाहिँ गर्नुपर्छ। आजको विस्व ग्लोवलाईजेसन, संचार यातायातको सुविधाले गर्दा एक परिवारको सदस्य एउटा नेपालमा छ, अर्को जापानमा त अर्को अमेरिकामा नेपालमै पनि एक भाइका खलक काभ्रेमा अर्का भाईका खलक रौतहटमा त अर्को भाईका खलक चितवनमा त्यसरी छरिएर बस्न पुगेको छ। त्यस्तो अवस्था सृजना भएकाले बंशावली संकलन गर्न त्यति सजिलो छैन तर पनि सम्पन्न गर्ने लक्ष, उद्देश्य राखेर निरन्तररूपमा लागेपछि सकिन्छ।

बंशावली संकलनका माध्यमहरू विभिन्न प्रयोग गर्न सकिन्छ। प्रत्यक्ष भेटघाट, चिठ्ठी पत्रको आदान प्रदान, आधुनिक संचारका साधन फ्याक्स, ईमेल, फेसबुक, स्काईप, टुईटर, साथि भाई बन्धुवान्धवहरूको सर सहयोग पत्रपत्रिकाको माध्यम, टेलिफोन आदि। प्रत्यक्ष भेटघाट (Face to Face Contact) यो संचार माध्यमको अत्यन्त प्रभावशाली माध्यम हो र बंशावली संकलन गर्दा पनि सारै प्रभावशाली हुन्छ। अन्य माध्यमहरू फ्याक्स, ईमेल, फेसबुक, स्काईप, टुईटर, साथि भाई बन्धुवान्धवहरूको सर सहयोग पत्रपत्रिकाको माध्यम, टेलिफोन पनि बंशावली संकलनमा सारै महत्व पूर्ण माध्यहरू हुन। सबै ठाँऊमा प्रत्यक्ष भेटघाट गर्न सम्भव नहुने

भएकाले अन्य संचारका माध्यमहरू अपनाउनु पर्ने वा सहारा लिनुपर्ने हुन जान्छन । बंशावली तयार गरिसकेपछि सम्बन्धित वंश कहाँ छलफल तथा शुद्धअशुद्ध पुग नपुग आदि हेर्न वा परीक्षण गर्न, छलफलका लागि सम्बन्धित वंश कहाँ पुऱ्याउनु पर्छ त्यस पछिमात्र अन्तिम बंशावली प्रकाशित गर्नुपर्छ । यो बंशावली पनि बंशावली संकलक बन्धुवान्धवहरूले माथिका माध्यम वा तौर तरिकाबाट विभिन्न वन्धु वा बान्धवहरूको छरिएर रहेको बंशावली संकलन गरी यो पुस्तकाकारसम्म पुऱ्याउन सफल भईएको छ ।

यस हुमागाईं बंशावली संकलनका दौरानमा हुमागाईं नै कसरी भए वा भनिए र आज हामी हुमागाईं भयौ । हुमागाईंहरू काहाँ काहाँ बस्छन् । तिनीहरू कस्ताकस्ता बानी, व्यवहार र स्वभावका छन् तिनीहरू कुन कुन पेसा वा व्यवसाय गर्छन् आदि कुराको जानकारी हुन पुग्दो रहेछ । यो पङ्तिकार आफु स्वयम् पनि हुमागाईंहरूको बंशावली संकलन कार्यमा चासो राख्ने र संकलनमा सर सहयोग गरेको नाताले त्यस बारेमा जानकारी हुने अवसर प्रप्त भयो । खासगरी हुमागाईंहरू उपाध्याय ब्राह्मण भएका र तिनीहरूले बिबाह गर्दा, विवाह पद्धतिमा आएका फरक फरक तौर तरिकाले गर्दा वा हुमागाई उपाध्यायहरूले उदार दृष्टि अपनाई विधवा विवाह, बैकल्या स्वजातीय महिला विवाह तथा अन्तरजातीय विवाह गर्नाले जैसी ब्रामण, क्षेत्री, खत्री क्षेत्री र गिरी पुरी र सन्यासीसम्म पनि निर्माण भएका छन् । हुमागाईंहरूमा उपाध्याय ब्राह्मण, जैजी ब्राह्मण, क्षेत्री, खत्री क्षेत्री, गिरी, पुरी र सन्यासीसम्म पनि छन् ।

वंशावली संकलनका दौरानमा विभिन्न मानिसहरूसँग हुमागाईं भनेको नै के हो त किन हामीलाई वा हाम्रो समूहलाई हुमागाईं भनी यो भनी जिज्ञासा राखि प्रश्न गर्दा विभिन्न मानिसले हामीलाई हुमागाईं भनिएकोमा तर्क वा मत प्रकट गरे ति निम्न छन् ।

(१) वैदिक कालदेखिनै विभिन्न ऋषिमुनिहरूले आआफ्नो विद्वता प्रदर्शन गरे कसैले के गरे कसैले के गरे उनीहरूले नौलानौला काम गरे कसैले वेदका मन्त्रोच्चारणद्वारा नै अग्निको प्रज्वलन गर्न सक्षम भए, त्यसै मन्त्रोच्चारणद्वारा निकालिएको अग्नि द्वारा यज्ञ, महायज्ञ कोटी होम, लक्षहोम, जस्ता यज्ञहरू गर्ने गरे, यज्ञको माध्यमद्वारा नै अतिबृष्टि, अनाबृष्टि जस्ता समस्याहरूको समाधान गर्न प्रारम्भ गरे, मानिसहरूमा धार्मिक आस्था जागृत भयो । यज्ञद्वारा नै अनिष्ठ साधना हुन्छ, मानव जातीको सुःख सम्बृद्धि हुन्छ भन्ने विश्वास भयो । त्यसैको फलस्वरूप आजसम्म पनि मानिस जन्मेपछि न्वारन गर्दा, ब्रतवन्ध गर्दा, बिबाह गर्दा, अतिबृष्टि, अनाबृष्टि हुँदा, देवी देवताको पुजाआजा गर्दा अग्निको स्थापना गरी होम गर्ने चलन हिन्दु समाजमा यद्यपि छँदैछ । कतिपय हिन्दुहरूको घरमा अहिले पनि बर्षको एक पटक कार्तिक महिनामा चतुर्थी गर्ने भनी होम गर्ने चलन छ । यज्ञको माध्यमद्वारानै आफ्नो लक्ष प्राप्ति हुन्छ भन्ने भावना, विश्वास जागृत हुन गयो त्यस्तो काम गर्न विशेषज्ञता हासिल गरेका ब्राह्मणहरूलाई विस्तार विस्तार होमेगाई भनी भनिन लागियो । यस्को प्रारम्भ चाहि धनन्जय ऋषि वा उन्का सन्तान (दरसन्तान वा कुनै छोरा

नाती वा पनाती पनि हुन सक्छन्) का पालादेखि प्रारम्भ भएको हुन सक्छ । होमागाई भनेका होम होमादी कार्यमा विशेषज्ञता हासिल गरेको, सक्षम, दक्ष, अधिकृत व्यक्ति वा समूह हो । पछि त्यो सक्षम व्यक्ति वा समूहले आफ्ना सन्तान दरसन्तानलाई उक्त कार्यमा प्रशिक्षण, तालीम दिने हुनाले तिनलाई पनि होमेगाईं भनिएको हो भन्ने मत प्रकट गरे । कालान्तरमा सबै हुमेगाईहरूले कर्मकाण्ड पेशा पनि गरेनन् र सो होमहोमादि कार्य अरु ब्राह्मणहरूले पनि गर्न प्रारम्भ गरे विवाहको विविधिकरणले गर्दा सबै होमेगाईलाई धार्मिक नियम अनुसार पुरेत्याई गर्ने अधिकार पनि दिएन । तर पनि थर चाहिँ कायम नै रह्यो होमेगाईको लेखाई समयसमय सँगै परिवर्तित हुँदै हाल आएर अधिकांश होमेगाईंहरूले हुमागाईं लेखि लगभग एकरूपता कायम भएको छ ।

(२) दास्रो मत अनुसार हुमागाईंको थर ठाँउका आधारमा भएको हो भन्ने छ । इवरान क्षेत्रवाट हिन्दुहरूलाई गैर हिन्दुहरूले लखेटे, कुटपिट गरे, जनै चुडाली दिएर वेईज्जत गरे हिन्दु धर्मावलम्बिहरूलाई त्यस ठाँऊमा बसिटिक्न दिएनन् र त्यहाँबाट भागी हिन्दु ब्राह्मणहरू भारत हुँदै नेपालको पश्चिम भागबाट बैतडी झुलाघाट हुँदै द्रोनाचल दुल्लु जस्लाई आजभोली दैलेख भनिन्छ क्षेत्रमा आई बसे जुनजुन ठाँउमा बसे त्यस ठाउँ अनुसारको थरका नामाकरण भएको हो भन्ने त्यसक्षेत्रका वन्धुवान्धवहरूको भनाई छ जसअनुसार निम्न स्थानमा रहे बसेका व्यक्ति वा समुहहरूको निम्न लिखितानुसार थर कायम भएको हो भन्ने भनाई छ ।

| **ठाँउका नाम** | **बस्ने मानिसका थर** | **ठाँऊका नाम** | **बस्ने मानिसका थर** |
|---|---|---|---|
| लम्सु बाट | लम्साल | दह बाट | दाहाल |
| भूर्ति बाट | भूरत्याल | भुरसु बाट | भुषाल |
| बासि बाट | बस्याल | लम्जी बाट | लम्ज्याल |
| प्याकुरी बाट | प्याकुरेल | रिज बाट | रिजाल |
| धमालि बाट | धमला | खार बाट | खरेल |
| दवाडा बाट | दवाडी | धिता बाट | धिताल |
| हुमेगाऊ बाट | हुमेगाईं | कोईरेल बाट | कोईराला |
| पोखरा बाट | पोखरेल | | |

उपरोक्त तालिका अनुसार हामी हुमागाईंहरू दैलेखको राउतकोट गा.वि.स वडा नं.३ होमेगाँऊमा बसोबास गर्ने भएकाले हामी होमेगाई भएका हौं भन्ने भनाइछ । जे जति हुमागाईंहरू पूर्व पश्चिम उत्तर दक्षिण जो जहाँ पुगेका भए पनि ति सम्पूर्ण हुमागाईंका पूर्खा दैलेखको हुमेगाँउवाटनै फैलेका हुन् भन्ने प्रस्ट छ भनि भन्दछन् ।

(३) श्री शाके १५२५ आषाढ ५ सुदिन २ मा दैलेखमा धनन्जय गोत्रका मानिस अनिरुद्र पाध्याका नाति माहारुद्रका छोरा चार भाई जेठा कमलापति पाध्या, माहिला ततु पाध्या, साईला जयपति पाध्या, कान्छा भूपति पाध्याहरूलाई पन्चकोशी क्षेत्रका पाँच ठाउमा पाठपुजा गरी

आफ्नो कुलाचारमा चलेको काम गरी हामिले दिएको बक्सेको क्षेत्रको जमिन भोग गरी राजा प्रजाको जय मनाउनु जो हरण गर्ला साट्ठी बर्ष बिष्टाको किरा होला भनी तत्कालीन राजले लालमोहर प्रदान गरेका थिए ति चारभाई चारठाँऊका जमिन दिई लिई चा रठाँउको पुजाआजा गरी बस्न थाले जसलाई दिइएको चित्रबाट प्रष्ट पार्न सकिन्छ ।

**(क) कमलापतिः–** यिनी महारुद्र उपाध्यायका जेठा छोरा । यिनी दैलेख जिल्लाको राउतकोटको होमेगाँऊमा बसोबास गरी होम होमादि कार्य गरेर यिनी होमेगाई बने र यिनका सन्तान दरसन्तान त्यहाँबाट पूर्व, पश्चिम, उत्तर, दक्षिण जहाँ गएपनि तिनीहरू हुमागाईं भनि चिनीन कहलिन थाले र तिनीहरूको थर हुमागाईं भयो त्यहाँदेखि आजसम्म भएका हुमागाईंहरूको त्यही थर छ ।




**(ख) ततु पाध्याय :–** यिनी महारुद्र उपाध्ययका माहिला छोरा हुन । यिनी साविक दैलेख हाल अछाम जिल्लाको तुसी धमाली भन्ने ठाँऊमा बसोबास गरी बसे उनी र उनका छोरा नाती सन्तान दर सन्तानको धमला थर कायम भयो । आजसम्म पनि उनका शाखा सन्तानलाई धमला भनि चिनिन्छ ।

**(ग) जयपति :–** यिनी महारुद्र उपाध्यायका साहिला छोरा हुन । यिनी बाँसी भन्ने ठाउँमा बसोबास गरी बसे र उनी र उनका सन्तान दर सन्तानको थर बस्याल कायम भयो र यसरी उनी र उनका सन्तान दरसन्तानलाई बस्याल भनी चिनिन्छ ।

**(घ) भूपति :–** भूपति यिनी महारुद्र उपाध्यायका कान्छा छोरा हुन उनी रिजु गाउँ भन्ने ठाँऊमा बसोबास गरे उनी र उनका सन्तान दर सन्तानको थर रिजाल कायम भयो यसरी एउटै बाबुका छोरा अलगअलग चार ठाउँमा अलगअलग कामकाज व्यवहार गरी आएका हुँदा उनीहरूका अलगअलग चार थर कायम भएको भन्ने प्रमाण दैलेख निवासी श्री कृष्णप्रसाद उपाध्यय हुमागाईं र दैलेखमा रहेका हुमागाईं बन्धुवान्धवहरूसँग छ र भन्नु हुन्छ ।

(४) बि.सं. १७०१ तिर होम होमादीका ज्ञाता, विशेषज्ञ, अधिकृत व्यक्ति पं. नितु पाध्ये

उपाध्याय ब्राह्मण आई काभ्रे भन्ज्याङमा बसोबास प्रारम्भ गरेका थिए उनी पहिला धनन्जय गोत्रीय रिजाल थरका कट्टर धार्मिक थिए धर्ममा आस्थावान् थिए । उनी पुजा पाठ होमहोमादी नित्यकर्म नगरी खाना पनि खाँदैन थिए । उनी वेदका मन्त्रद्वारा अग्नि प्रज्वलनगरी त्यसै अग्निद्वारा उनले असंख्य गाई पालेका थिए तिनै गाईका घिउले चरु मुछि होम होमादि गर्दथे । यिनको चमत्कारिता निष्ठा, ख्यातिदेखि तत्कालीन राजा उनीसँग प्रसन्न भै उनीलाई होमेगाईको पदवि दिए र उनैका पालादेखि उनी र उनका सन्तान दरसन्तानलाई होमेगाई, हुमेगाई, हुमागाईं भन्ने गरिएको हो र कतिपय हुमागाईंहरूले यिनैका पालादेखि हुमागाईंको उत्पत्ति वा प्रारम्भ भएको भनी भन्दछन् ।

उपरोक्त कुराहरू मध्ये कुन चाहिँ कुरा हुमागाईंको उत्पत्ति सम्बन्धमा सहि हो वा अन्य कुनै तथ्य छन् भन्ने कुरा पछि कुनै व्यक्ति, व्यक्ति समुह वा कुनै संघ वा संस्था यस कार्यमा लागि अनुसन्धान गर्न लागि परे र पत्तालागेमा पछि पुष्टि हुने नै छ । यस सम्बन्धमा यस पङ्तिकार हाल कुनै टिप्पणी वा आफ्ना मन्तव्य व्यक्त गर्न आवश्यक ठान्दैन र पछि प्रमाणले पुष्टि हुने आशा राख्दछ ।

हुमागाईंहरू विभिन्न थरीको उद्गमस्थल अर्थात उत्पत्तिस्थल दैलेख जिल्लाको राहुतकोट गा.वि.स.को हुमेगाउ, डाँगर गाँऊ र त्यसको वरपर, काभ्रे जिल्लाको दाप्चा हुमेगाईथोक, फुलबारीको बाँसखर्क, भिडावारी, प्रपर काभ्रे, कुशादेवी, भुभिडाँडा, विहावर, बल्थली, बतासे, जाईडोल, पनौती, पात्लेखेत, काठमाडौं उपत्यकाका तिनै जिल्ला र आसपासका ठाउँहरूमा, बिराटनगर, पाँचथर, ईलाम, झापा जिल्लाको विभिन्न ठाउमा, भारतको आसाममा मुख्य वस्ती रहेको छ । हाल आएर शिक्षा, स्वास्थ्य, पेशाको खोजीमा हुमागाईंहरू देशको विभिन्न भागका साथै अमेरिका, जर्मन, क्यानाडा, जापानका साथै विश्वका विभिन्न देशमा बसोबास गर्न पुगेका छन् । हुमागाईंहरूको प्राचीन वस्तीमा दैलेखको राउतकोट गा.वि.स. वडा नं. ३ मा रहेको हुमेगाऊ, काभ्रेपलान्चोक जिल्लाको दाप्चा डराउने पोखरी गा.वि.स.को हुमागाईं थोक र काभ्रे नित्य चण्डेश्वरी गा.वि.स. प्रमुख रहेको पाइन्छ ।

## (क) काभ्रेपलान्चोक जिल्लाको दाप्चा डराउने पोखरी गा.वि.स.को हुमागाईं थोक

काभ्रेपलान्चोक जिल्लाको दाप्चा साविक डराउने पोखरी गा.वि.स. वडा नं. ८ र हाल दाप्चा काशीखण्ड नगरपालिका वडा नं. १४ मा पर्ने हुमागाईंथोक जहाँ वि.सं. १७४८ भन्दा केही अगि पण्डित हेमानन्द पाध्या अधिकारी भक्तपुर दरबारमा राजा जगत् प्रताप मल्लको समयमा राज गुरु भएर दरबारमा वसेका थिए । हेमानन्दकी छोरी हाम्रा पुर्खा (नाम उल्लेख गर्न बांकी) ले विवाह गरेको हुनसक्छ । पण्डित हेमानन्द पाध्या अधिकारीका छोरा रामानन्द, केशवानन्द र छोरी पट्टीका छोरा वा हेमानन्दका नाती हुम्यागाञीहरू बली पाध्ये, रवि पाध्ये र एकचित्त पाध्ये

हुम्यागाऋीहरू (मामा र भानिजहरू) ले तत्कालीन राजाबाट वि.सं. १७४८ मा विर्ता पाई दाप्चामा आई बसोबासको प्रारम्भ गरेका हुन अधिकारीहरू बसोबास गरेको ठाउँलाई अधिकारीथोक र हुम्यागाऋीहरू बसोबास गरेको ठाउँलाई हुमागाईंथोक नाम रहन गएको वा भनिएको हो । समग्र हुमागाई बन्धुबान्धवहरूको वंशावली लेख्ने शिलशिलामा काभ्रे पलाञ्चोक दाप्चा डराउने पोखरी गा.वि.स. वडा नं. ८ (हाल दाप्चा काशीखण्ड नगरपालिका वडा नं. १४) हुमागाईंथोकमा रहे बसेका र त्यस ठाँउबाट अन्यत्र बस्न पुगेका हुमागाईं बन्धुहरूको छरिएर रहेका वंशहरूको वंशावली संकलन गर्ने कार्य भएको हो । त्यो भागको बंशावलीलाई हुमागाईं वंशावली अन्तर्गत दाप्चाली हुमागाईंको वंशावली नाम दिईएको छ । दाप्चाली हुमागाईं भन्नाले उपाध्याय हुमागाईं र तिनका पुत्र वा सन्तानहरू भनी बुझिन्छ । तत्कालीन समयमा उपाध्याय, उपाध्याय हुमागाईं ब्राह्मणहरू यस क्षेत्रमा बस्तथे र त्यहाँबाट पेशा, व्यवसाय तथा स्थानाभाव तथा अन्य कारणले गर्दा उनीहरू फुलवारीको बाँसखर्क, भिडावारी, वाल्तीङ्ग, सिन्धुलीको कपिलकोट, चैनपुर, मजुवा, भोजपुरको दिङ्गला चिउरीबोट, पाँचथर, ईलाम, झापाका विभिन्न स्थान र हाल आएर, उदयपुर, सर्लाही, माहोत्तरीको जनकपुर, रौतहट, कलैयाको निजगढ, खैरा, मकवानपुरका विभिन्न स्थानका साथै पश्चिम कैलालीको धनगढीसम्म, भारतको आशाम राज्यका विभिन्न स्थान र भुटानका विभिन्न भागमा समेत छरिएर रहे बसेका छन् । काम वा पेशा वा जीवनयापनका विभिन्न उपायहरूको खोजिमा भौतारिंदै आज अमेरिका, जापान, जर्मनसमेतमाबसोवास गर्न पुगेका छन् ।

## (ख) काभ्रेपालान्चोक जिल्लाको काभ्रे नित्यचण्डेश्वरी गा.वि.स. काभ्रे

काभ्रेपालान्चोक जिल्लाको काभ्रे साविक नित्यचण्ड श्वरी गा.वि.स. काभ्रे हाल धुलिखेल नगरपालिका वडा नं. १०, ११, १२ र १३ वडाहरू पर्दछन् । यो स्थान हुमागाईंहरूको ऐतिहासिक एवम् प्राचीन, प्रामाणिक स्थान हो । यसै स्थानमा १७ औं शताब्दितिर होम होमादीका ज्ञाता, विशेषज्ञ, अधिकृत व्यक्ति पं. नितुपाध्ये उपाध्याय ब्राह्मण आई बसोबास प्रारम्भ गरेका थिए उनी कट्टर धार्मिक थिए धर्ममा आस्थावान् थिए । उनी पूजापाठ होमहोमादी नित्य कर्म नगरी खाना पनि खाँदैन थिए । उनले असंख्य गाई पालेका थिए तिनै गाईका घिउले चरु मुछि होम होमादि गर्दथे । कतिपय हुमागाईंहरूले ता यिनैका पालादेखि हुमागाईंको उत्पत्ति वा प्रारम्भ भएको भनी भन्दछन् र तिनैलाई हुमागाईंहरूका परमेश्वर र उनलाई परमेश्वर नितुपाध्ये भनी सम्बोधन पनि गर्दछन् । यथार्थ अनुसन्धानको क्रममा छर्लङ्ग हुँदै जाने नै छ । नितुपाध्याय हुमागाईं उपाध्याय हुमागाईं थिए उनी ऐतिहासिक प्रामाणिक व्यक्ति थिए यस्मा कुनै शंका छैन । यस्का बारेमा लामो ऐतिहासिक कथन छ । यिनका दुई पत्नी थिए भनिन्छ, यिनी यस स्थानमा आउनु पूर्वनै विवाह भैसकेको थियो उनकी धर्मपत्नी साथै थिईन । भनिन्छ तत्कालीन समयमा बहुपत्नी प्रचलन थियो त्यसैले उनले अर्को विवाह गरे वा परिस्थिति वस उनले अर्को विवाह त्यसै काभ्रे भन्ने स्थानका

बडाल थरका उपाध्याय ब्राह्मणकी बैकल्या  त्यस समयमा बैकल्या भन्नाले अन्यत्र बिबाहको लागि काम कुरा छिनेको तर बिबाह कार्य सम्पन्न नहुँदै विबाहको लागि काम कुरो छिनेको केटाको मृत्य भएमा त्यस्ता केटीलाई बैकल्या भनी नामाकरण गरिन्थ्यो र त्यस्ती केटीको यस जुनीमा विबाह गर्नुहुदैन भनिन्थ्यो बिधवा सरह मानिन्थ्यो) छोरी तत्कालीन राजाको आग्रहमा उपाध्याय ब्राह्मण नितुपाध्याले गरेका भनिन्छ र तिनै बैकल्या स्त्रीबाट जन्म लिएका तिन भाई जोगिदाश, तुलाराम र दामोदर हुमागाईंहरू थिए । ति तिनभाई उपाध्याय ब्राह्मण पुत्र जैशि ब्राह्मण थिए र तिनैका सन्तान दरसन्तान हुमागाईं थरका आजका काभ्रे आसपासका जैसि ब्राह्मण जो काभ्रे जिल्लाको विभिन्न स्थानमा धेरै संख्यामा फैलिएर रहे बसेका छन् ।

काभ्रेमा बसोबास गरेका र काभ्रेबाट अन्यत्र रहन बस्न पुगेका हुमागाईं बन्धुहरूलाई हुमागाईं बंशावलीमा हुमागाई बंशावली अन्तरगत काभ्रेली हुमागाईंहरूको बंशावली भनी उल्लेख गरिएको छ । नितुपाध्येका कान्छि पत्नीका सन्तान दरसन्तानहरू उनका तिनभाई छोरा जोगिदास, तुलाराम र दामोदर मध्ये कुन भाईका खलक कुन हुन भनी एकिन गर्न बंशावली संकलकलाई सारै गाह्रो पर्दछ । सकेमा यी तिन भाईको लहरो समाई वंशावली तयार गर्न सजिलो हुने थियो ।

जे भएपनि नितुपाध्येका कान्छी पत्नीका सन्तान दरसन्तानहरू काभ्रे भन्ज्याङ्ग, दारिम्बोट, पानीट्यांकी, सुडिखोला, धुलीखेल, बनेपा, पात्लेखेत, पात्लेखेतको पुछार, तिनपिप्ले, होक्से, बतासे गाविसका विभिन्न स्थान, पनौती नगरपालिकाका विभिन्न स्थान, बल्थली, कुशादेवी गा.वि.स.का विभिन्न स्थान, विहावर, काठमाडौं उपत्यकाका तिनै जिल्ला र उपत्यका आसपासका विभिन्न स्थानमा, बिराटनगर, तराईका सुनसरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुरका साथै अन्यत्र स्वदेश तथा विदेशका धेरै स्थानमा रहे बसेका छन् ।

## (ग) दैलेखको राउत कोट गाविस वडा नं. ३ मा रहेको हुमेगाऊ

दैलैख जिल्ला आफैमा विभिन्न थरहरूको उत्गमस्थल, उत्पत्ति स्थल हो । प्राचिनकालमा यसै जिल्लाको विभिन्न स्थानमा बसोबास गरेबाट विभिन्न थरको प्रादुर भाव भएको छ । राउतकोट गा.वि.स. वडा नं. ३ मा रहेको हुमेगाऊ, प्राचीन समयदेखि नै होम होमादी गर्ने स्थान भनी प्रख्यात छ । यस ठाउँमा प्राचीन समयदेखिनै एक होमकुण्डको निर्माण गरी त्यस स्थानमा अखण्ड होमहोमादी गर्ने गरिन्थ्यो त्यस स्थानमा बसोबास गर्ने धनन्जय गोत्रीय उपाध्याय ब्राह्मणहरू जसलाई होम होमादी कार्यका अधिकृत मानिन्थ्यो । त्यस गाउँलाई होमेगाऊ र त्यस स्थानका मानिसलाई होमेगाई भनिन्थ्यो । त्यहाँको जमिन हुमेगाईहरूले बिर्ता पाएका थिए । त्यस ठाँउका मानिसले त्यहाँको जमिन उपयोग गरेबापत कुनै तिरो भरो गर्नुपर्दैन थियो अर्थात सरकारी कर दस्तुर लाग्दैन थियो । त्यहाँका मानिसहरू त्यो स्थान नै हुमागाईंहरूको उत्पत्ति स्थान हो त्यस स्थानबाट अन्यत्र गएका मानिसहरूले आफूलाई होमेगाई भन्ने गरेका हुन भन्ने मान्यता

राख्दछन् । त्यस स्थानमा भएका र अन्यत्र गएका हुमागाईं उपाध्याय हुमागाईं ब्राह्मण र ब्राह्मणपुत्र जैशी ब्राह्मण, क्षेत्री, खत्री क्षेत्री हुमागाईंहरू छन् ।

समग्र हुमागाईं बन्धुबान्धवहरूको वंशावली टिप्ने, लेख्ने सिलसिलामा विभिन्न स्थानमा रहे बसेका हुमागाईं बन्धुहरूको आर्थिक, राजनैतिक, सामाजिक, शैक्षिक, सांस्कृत अवस्थासम्म पनि अवलोकन गर्न अवसर प्राप्त भयो । आर्थिक दृष्टिले हेर्दा हुमागाईंहरू निम्न वर्गका र निम्न मध्यम वर्गका हुमागाईंहरू नै बहुसंख्यक संख्यामा पाइयो । उनीहरू मेहनती, परिश्रमी, लगनशील, मृदुभाषी पाईयो । मेहनत नगरी उनीहरूलाई जीवन निर्वाह गर्न गाह्रो हुने अवस्था पाईयो । उनीहरूको मुख्य पेशा कृषि, कर्मकाण्डी, साना-साना नाङ्लो पसलेदेखि मध्यमस्तरका व्यापारीसम्म पाईयो, धार्मिक दृष्टिले सम्पूर्ण हुमागाईंहरू हिन्दु धर्मावलम्बी यसै धर्मको सम्प्रदायमा केही विभक्तसम्म भएको पाईयो अधिकांश बन्धुहरू हिन्दु संस्कार अनुसारका चाडपर्व मनाउने देवदेवीको पुजा गर्ने कतिपय हुमागाईंहरूका घरमा आज पनि विभिन्न प्रकारका पान्चायन देवताको पुजाआज नगरी खाना पनि नखाने परम्परा वा चलन पाईयो । हुमागाईंहरूको शैक्षिक अवस्था पनि मध्यमस्तरको पाईयो सबै तहको शिक्षामा प्रतिनिधित्व छ तर त्यती सन्तोषप्रद छैन प्रतिनिधित्वचै विद्यावारिधि (Ph.D) सम्म पनि छ । सरकारी नोकरीमा निम्नस्तरका देखि उपसचिव, सहसचिवसम्म पुगेका र शिक्षक पेशामा संलग्न पनि केही प्राप्त भए । पत्रकारितामा पनि फाट्ट-फुट्ट बन्धुहरू लागेको, बैदेशिक रोजगार, बैदेशिक व्यापारमा पनि केही हुमागाईंहरू संलग्न भै कार्य गरेको पाईयो । राजनीतिमा पनि केही हुमागाईंहरू संलग्न भै विभिन्न पार्टीमा लागेको पाईयो तिनीहरू धेरै माथिसम्म जान नसकेको गाउँ, नगर र जिल्लास्तरका सदस्य तथा जिल्ला पार्टी सभापतिसम्म भएका पाइयो । निर्वाचनमा भाग लिदा सांसदसम्मको टिकटपाई विजय हासिल गरेको पाईयो ।

मानव सभ्यताको विकासका साथै मानिसहरूको वसोवास खानपिन विधि व्यवहारमा पनि परिष्कृत हुदै गयो । मानिसहरूले आफ्नो परिचय दिदै गए । परापूर्वकालमा ऋषिमुनिहरूको नामअनुसार उनीहरूका सन्तती अर्थात सन्तानले तिनै ऋषिमुनिको नामबाट कस्का खलक भन्दा फलाना ऋषिका खलक भनी परिचय दिने गरियो पछि त्यो नै गोत्रमा परिणत भएको हुन सक्छ । जस्तैः कस्यप ऋषिका सन्तानले काश्यप गोत्र, अत्रि ऋषिका सन्तानले आत्रेय गोत्र र हामी धनन्जय ऋषिका सन्तान वा सन्तति भएकाले धनन्जय गोत्र भनिएको हो । भनिन्छ धनन्जय ऋषि नै होमेगाईं थिए । बैदिक कालदेखिनै होमहोमादि कार्य गर्ने गरिन्थ्यो, वेदका मन्त्रोत्चारणबाट अग्नि प्रज्वलन गरी होम होमादि कार्य गर्ने, होम होमादि कार्यका ज्ञाता विशेषज्ञ, अधिकृत व्यक्तिहरूलाई होमागाई भनिएको र पछि कालान्तरमा हम्यागात्री, होमेगात्री, हुमेगात्री, हुमागाँई हुँदै हाल आएर हुमागाईं लेख्ने गरिएको छ । यो पनि समय सँगसँगै परिस्कृत हुदै आएको कुरा हो । हुमागाईंको गोत्र धनन्जय गोत्र हो । हुमागाँईका रिजाल, गुरागाँई, बस्याल, भुषाल, दुलाल,

मरासिनी, बस्नेत, कुकुरकट्टे, खलेल, खुलेल, गैरीपिप्ले, पंगेनी, बुढाथोकी, भण्डारी आदि थरहरू सगोत्री थर पर्दछन् । धार्मिक परम्परा अनुसार सगोत्री आर्थात् एकै गोत्र भएकाहरू विच बिबाह गर्नु हुन्न भनिन्छ ।

यो वंशावली तयार गर्दा प्रत्येक परिवारको एक सदस्यसँग (कुनै परिवारसँग प्रत्यक्ष भेट त कुनै परिवारका सदस्यसँग टेलिफोन वार्ता (कुराकानी) भै नाम संकलन भएको छ । यस बंशावली संकलन कार्यमा धेरै दाजुभाइ बन्धुबान्धवहरूले सहयोग गर्नुभएको छ जस जसले यस कार्यमा सहयोग गर्नुभएको छ वहाँहरू सबैलाई मेरो र हुमागाईं समाजको तर्फबाट समेत धन्यवाद टक्राउँदछु । टिप्ता, लेख्ता वा सुनाईमा कुनै गल्तीभै गल्ती लेख्न पुगेको भएमा यसै पुस्तकको अगाडि पानामा देखिएका टेलिफोन नम्बरहरूमा खबर गरी सुधार्न सच्याउन सकिने छ । अन्य भूलचुक भएमा सम्पूर्ण बन्धुबान्धवहरूले क्षमा गर्नुहोला । जो-जो दाजुभाइ बन्धुबान्धबहरूको नाम यस वंशावलीमा छुटन गएको छ । उहाँहरूले हुमागाईं समाजमा वा म सँग व्यक्तिगत रूपमा समेत सम्पर्क गरी लेखाउन सक्नु हुनेछ पछि अन्तिम बंशावली निकाल्दा समावेश गरी प्रकाशन गरिनेछ ।

# दैलेख रावतकोटको हुमेगाउँ र हुमागाईं वंशावली



– **कृष्ण प्रसाद उपाध्याय हुमागाईं**
*दैलेख रावतकोट-३, हुमेगाउँ*

हाम्रा पुर्वजहरू इवरान क्षेत्रबाट आततताइहरूको चपेटामा परी त्यहाँबाट बिस्थापित हुँदै भारतमा प्रवेश गरेका र भारत हुँदै नेपालको पक्षिम भागबाट नेपाल भित्रियेको र नेपालको बैतडी झुलाघाट हुँदै द्रोनाचल दुल्लु क्षेत्रमा आईबसेको भन्ने कुरा इतिहासले बताएको छ। यसमा समस्थल उखरा जमिन देवताको तपोभूमि समेत भएकोले यहाँ तत्कालीन समय १५ सय शताब्दीतिर मानिसको बसोबास भएको भन्ने दुल्लुको दामुपलको शिलालेखबाट प्रष्ट हुन्छ। यो क्षेत्र धेरै मानिसको उदगम स्थल वा क्षेत्र हो। यहाँबाट धेरै थरका मानिस पूर्वपश्चिम अन्य ठाउँमा गएका हुन। विभिन्न थरका ब्राह्मण अन्य जातिका थर यस प्रकारले भएको छ। निम्न थरहरू गाऊँ ठाँऊबाटै थर भएको पाईयो। जस्तैः

| ठाउँका नाम | बस्ने मानिसका थर | ठाऊँका नाम | बस्ने मानिसका थर |
|---|---|---|---|
| लम्सु बाट | लम्साल | दह बाट | दाहाल |
| भूर्ति बाट | भूरत्याल | भुरसु बाट | भुषाल |
| बासि बाट | बस्याल | लम्जी बाट | लम्ज्याल |
| प्याकुरी बाट | प्याकुरेल | रिज बाट | रिजाल |
| धमालि बाट | धमला | खार बाट | खरेल |
| दवाडा बाट | दवाडी | धिता बाट | धिताल |
| हुमेगाऊ बाट | हुमेगाईं | कोईरेल बाट | कोईराला |
| पोखरा बाट | पोखरेल | | |

यस्तै अनेक थरका मानिस यस क्षेत्रबाट थरको उत्पत्ति भएको भन्ने यहाँको सबै ठाउँको अध्ययन अनुगमनबाट प्रष्ट बुझिन्छ। यसै आधारबाट हुमागाईं, हुमेगाईं थरका मानिसको उद्गम स्थल राउतकोट हुमेगाँउ नै हो भन्ने कुरा प्रष्ट हुन्छ। हुमेगाईंहरू यहाँबाटै अन्यत्र गएका हुन भन्ने कुरामा दुईमत छैन।

पन्चकोशी क्षेत्र दैलेख रावतकोट होमेगाँऊ निवासी होमेगाई धनन्जय गोत्रका बन्धुहरूको परिचय यस प्रकार छ। यहाँ १६ सय शताब्दीतिर दक्षिण भारतबाट नेपालको पश्चिम झुलाघाट हुँदै यस क्षेत्रमा बसोबास गर्न आएका मानिसहरूमा हाम्रा पुर्खाहरू पनि आई राउतकोटमा बसेका

र सो क्षेत्र देवक्षेत्र भएको पंचकोशी क्षेत्रमध्ये श्रीस्थान ज्वालाको मन्दिरको पाठकी पुजारी भै बसेको भन्ने कुरा दैलेखको कागजात लालमोहरबाट देखिन्छ र सोही ठाँऊमा होम यज्ञ गरेरमात्र खाना खाने गरेकोले होमे गाँउ भन्ने गरिएको र त्यहाँ बस्ने ब्राह्मणलाई होमेगाईं भनेकाले तेही थर कायम भयो र यहाँ बस्ने र यहाँबाट बाहिर गएकालाई पनि होमेगाईं, हुमेगाईं, होमागाईं, हुमागाईं भन्ने गरियो सम्पूर्ण होमेगाईंको पुर्ख्यौलि थलो रावतकोटको हुमेगाँऊ हो ।

यहाँ रिजाल थरका ब्राह्मण पनि पछि बसोबास गरी आएको पनि पाइयो । हाल होमेगाईं र रिजालको बसोबास छ । तर अधिक मानिसले थर नलेखी पाध्या, उपाध्याय, लेखेका र हालका पिढीहरूले हुमेगाईं भएकाले पनि २०४० सालभन्दा पछिका पिढीले रिजाल लेखेका छन् तापनि हुमेगाईं नै हुन भन्ने समेत प्रष्ट गरेको छु ।

***मेरा राय***

*पहिलेबाट हालसम्मको ईतिहास भनाई, सुनाई र लेखसमेतबाट धनन्जय गोत्रका धमला, रिजाल, हुमागाईं, बस्याल, एउटै बंशका हुन् र काम र ठाँऊ अनुसार थर छुट्टाछुट्टै भएका हुन भन्ने समेत यस जिल्लाको इतिहासले प्रष्ट पारेको छ । यहाँ बासी भन्ने ठाँऊ पनि छ, रिजुभ न्ने ठाँऊ पनि छ, हुमेगाउँ भन्ने ठाऊँ पनि छ । साविक दैलेख हाल: अछाम धमाली भन्ने ठाँऊ पनि छ । यसकारण एउटै सन्तती अलग-अलग बसेर अलग-अलग थर भएको हो भन्ने समेत प्रष्ट देखिएको छ । हामीहरूले बंशावली अलग-अलग बनाएर मूल वंसावली ४ थरका बन्धुको भेलाबाट खण्ड-खण्ड गरी सभा बसेर गरेमा धेरै राम्रो हुने देखियो । सम्भव भए सो गर्न म अनुरोध गर्दछु । साथै मसँग भएका कागजको प्रतिलिपिहरू पनि यसै साथ पठाएको छु । प्रकाशित गरिने बंशावलीमा समावेश गरिदिन हुन अनुरोध गर्दछु ।*

*रावतकोटमा अघि १५ सय शताब्दीतिर आएका हुमेगाईं र पछि रनु खानाबाट आएका रिजाल भन्ने समेत पाईयो । रावतकोटमा रिजाल थर र हुमागाईं थरका ब्राह्मणको वासस्थल छ अर्थात यहाँ हाल दुई थरका बन्धुहरू छन् । केही जानकारी तथा वंशावली पठाएको छु । अरुको संकलन गर्न ढिला भएकोले पछि पठाउँदै गर्नेछु ।*

**– कृष्ण प्रसाद उपाध्याय हुमागाईं**
*दैलेख राउतकोट ३, हुमेगाँउ*

यहाँ होमेगाईं बन्धुहरूले रुमालमष्टालाई कुलदेवताको रूपमा पुजा गर्दछन् । कुलदेवी विन्धवासिनी मानी पुजा गर्दछन् । जेष्ठ पूर्णमाका दिनमा बैदिक बिधिले पुजा गरिन्छ । यहाँ वलिदिने प्रथा छैन । यस गाँऊमा अरु थरीले दाडेमष्टाको पुजा गर्दछन् । पुजा वैशाख, कार्तिक, श्रावण महिनामा हुन्छ र बोकाको बलिदिन्छन् । बोका देवता आउने धामीले दाँतले काटने गर्दछ । यस्मा कालीभगवतीको रूप मानिन्छ ।

धनन्जय गोत्रका हुमागाईं कसो गरी भए भन्ने कुरामा अघि १६ रौं शताब्दीमा भएको लेख प्रमाण तामापत्र शिलापत्रको आधारमा भनाई सुनाईको आधार मानी भएका कुराहरू म अनिरुद्र उपाध्यायका छोरा माहारुद्रका ४ भाई छोरा, कमलापति, तनु, जयपति, भूपति ४ भाईमा जेठा कमलापति, माईला तनु, साईला जयपति र कान्छ भूपति हुन । यिनीहरू ४ ठाउमा बसोबास गरी बसेका तत्काली राजाहरूले गुठ बिर्तादिई गुरु प्रोहित बनाई देवताको मन्दिरमा पाठ पुजा गरी बस्ने गरेको भन्ने समेत पाईयो । चार मध्ये कमलापति रावतकोटमा बसेका र पन्चकोशी श्रीस्थानको पाठपूजा गर्ने र प्रत्येक दिन होम यज्ञ गरेर मात्र खाना खाने भएकाले होम गर्ने गाँऊ भन्ने गरियो र त्यहाँ बस्ने ब्राह्मणहरूलाई होमेगाईं, हुमेगाईं, हुमागाईं भन्ने गरेको पाईन्छ र त्यसैलाई हाल थर मानियो यस्तै रिजु बस्ने रिजाल, बासि बस्ने बस्याल, धमालि बस्ने धमला भन्ने गरिएको र थरसमेत ठाउँको नामका आधारमा भन्ने गरेको पाईयो । धनन्जय गोत्रका धमला, हुमागाईं, बस्याल र रिजाल एउटै मुलपुरुष अर्थात एउटै बाबुका ४ भाई छोराहरू चार थरमा परिणत भएका हुन भन्ने कुरा प्रष्ट छ । कागजातहरूमा अघि १८ सयतिर घरमा आगलागी भै सम्पूर्ण कागजात नष्ट भएकोले पाउन सकिएन पछिका राजाले तपाईका घरमा आगलागी भै सबै सनद लालमोहोरसमेत नष्ट भएकाले अर्को लालमोहोर गरिदियौं भनी लालमोहोर समेत गरेको पाइएकोले यो कुरा सत्य हो भन्न सकिन्छ । सबै प्रमाणको आधारमा र भनाई सुनाईको आधारमा हुमागाईंको उदगमस्थल रावतकोट दैलेख पन्चाकोशी क्षेत्रमा नै हो । हाल पूर्वपश्चिम जाहाँ भएपनि यसै ठाउँबाट अनेत्र गएर होमेगाईं वा हुमेगाईं थर लेखेका हुन भन्ने पूर्ण आधार छ । धेरै थरी मानिसको उदगमस्थल र थर यसै दुल्लु क्षेब दैलेखबाट भएको समेत देखिएकोले होमेगाईको पनि थर यसै ठाँऊबाट भएको हो भन्न सकिन्छ ।

आर्को एउटा कुरा मैले भेटेका बुढा पुराना मान्छेले भनेको र मैले सुनेको कुरा एक जना हुमेगाई ब्राह्मण अघि यज्ञमा बेदको मन्त्रद्वारा अग्नी प्रज्वलित गर्थे र ति ब्राह्मणको हत्केलामा र खुट्टाको पैतालामा समेत रौ थिए । तिनी यहाँबाट बस्ती सरिगये । जानाको कारण यहाँ एउटा बलियो जोद्धा मान्छे रहेछ उस्ले धेरै भैसीपाली बस्तो रहेछ । भैसींको रागो काखमा च्यापेर ब्राह्मणको खेतमा राती लगि छोडिदिंदो रहेछ बाली खाए र राँगो अघाएपछि काखमा च्यापी गोठमा लग्दो रहेछ । प्रत्येक दिन खेतको बाली नष्ट गरेकाले मानिस पत्तो नलागेकोले तिनकी बाहुनीले ज्योतिषी कहाँ गैछन् ज्योतिषले खेतमा खिर्राको दाउरा बालिदिनु भनी अक्षता दिई पठाएछन् । ती बाहुनीले ज्योतिषीले भनेभ्कै गरी आगो बालिछन् । पहिले जस्तैः रागो ल्याएर खेतमा छोडेछ आगो ताप्न लागेछ । पछि त्यस मानिसको शक्ति कम भएछ र राँगो उठाउन सकेनछ । राँगो हिडाएर गोठमा लिएर गएछ । बिहान बाहुनी गएर हेर्दा सबै बालि खाएको रहेछ । त्यो राँगोको पाईला हेर्दै गोठमा गैछन् र मेरो धान किन चराएको अथवा खुवाएको भनेकाले उनलाई गाली बेईज्जती गरी दिएछ । त्यसबेला ब्राह्मणलाई कसैले त भनी उच्चारण गरेमा ठूलो

अपराध सम्झिने रहेछ सो सहन नसकी बाहुनी खिर्राको रुखमा पासो लगाई मरिछन् र अर्को ठूलाघरी थापाले पासो काटेछ हाल तिनी बाहुनीलाई हुमेगाउ कि बाहुनी देउती भएकी भनी पुजा गर्दछन् । यसबाट पनि हुमेगाईको उदगम स्थल यही हो भन्ने प्रमाणित हुन्छ । ति ब्राह्मण बाहुनी मरेको वियोगमा ठाउँ छोडि गएका हुन भनी भन्ने गरेको समेत पाईयो । ति ब्राह्मण पूर्व गएका पहिलेका तिनी हुनुपर्छ । अर्कोपछि गएको हुनुपर्छ भन्ने मेरो तर्क छ । यो आधारबाट हुमागाईंको पुर्ख्यौली थलो राउत कोट हुँमेगाउ नै हो ।

***प्राप्त लालमोहोरको उतार अर्थात प्रतिलिपी***

*श्री दुर्गा*

*श्री बैश्वानर क्षेत्र दुरलेङ्गेनगरे पन्चकोशि ज्वालामाला क्षेत्र सुभस्थाने दनत बिराट पिठ धिष्टे देवना परिचानी यतमण धर्मराज, युधिष्टिर,परसुरामा क्षेत्र परोत्सोर श्रीभवादी श्रीदिसामिन भद्रकण्ड धनन्जय त्री प्रवार धनन्जय गोत्रके ब्राहामन बैसानर क्षेत्रके पाठ पुजा जारि के श्रीमाहा रुद्र पाध्ये उनका सन्तान कमलापति, तनु, जयपति, भुपति चार भाईले पाँच स्थानमा पाठपुजा गरी आफ्नो कुलाचारमा चलेको कामगरि हामिले दिएको बक्सेको क्षेत्रको जमिन भोग गरि राजा प्रजाको जयमनाउनु जो हरणगर्ला साट्ठी बर्ष बिष्टाको किरा होला श्री शाके १५२५ आषाढ ५ सुदिन सुभम्*

*तपसिल*

*जेठा कमलापति पाध्या*

*माहिला तनु पाध्या*

*साईला जयपति पाध्या*

*कान्छ भूपति पाध्या*

# वंशावली तयार गर्ने चासो यसरी बढ्यो



– विनोद (गोविन्द) हुमागाईं
*केन्द्रीय सदस्य, हुमागाईं समाज नेपाल*

आजभन्दा करिब १६ वर्ष अगाडि २०५६ साल जेठ १५ गते थापाथली इन्जिनियरिङ क्याम्पसमा १५० जना भन्दा बढी हुमागाईं बन्धुहरूको भेला भएको थियो । सो भेलामा हुमागाईंहरू कहाँ-कहाँ छन्, कसरी बसेका छन्, उनीहरूको अवस्था कस्तो छ, अब हुमागाईंहरूको खोजी हुनुपर्छ भन्ने विषयमा छलफल भयो । सोही कार्यक्रममा हुमागाईं बन्धुहरूको संस्था हुमागाई समाज नेपालको तर्फबाट हाम्रा आदरणीय दाई शिव प्रसाद हुमागाईंलाई सम्मान गरिएको थियो ।

त्यस भेलामा मैले आजभोलि कतिपय देखेका, चिनेका कोही पनि हुमागाईं बन्धुलाई चिन्दैनथे । राजनीतिज्ञको हिसाबले शिव प्रसाद हुमागाई र नेपाल टेलिभिजनमा समाचार वाचकको हिसाबले लक्ष्मण हुमागाईंलाई चिन्दथे । त्यतिबेला म जागिरको सिलसिलामा काठमाडौंमा नै भएकाले सो भेलामा उपस्थित हुने मौका पाएको थिए । भक्तपुरको थाकलमाथ मेरो मामा घर, त्यहींको सरस्वती मा.वि.मा कक्षा ८ देखि एस.एल.सी. सम्मको अध्ययनका क्रममा मेरा समकालीन स्कूलका साथीहरूलाई हुमागाईं भनेको थर अचम्म लाग्दथ्यो एकदिन कक्षा सञ्चालनको क्रममा प्र.अ. मुकुन्द प्रसाद फैंजुले नेपाली पढाउनु हुन्थ्यो मलाई एउटा प्रश्न सोध्नुभयो मैले उहाँले सोधेको प्रश्नको उत्तर अर्कै अर्थ लाग्ने दिए होला मेरो उत्तर भुईमा खस्न पाएको छैन सरले भन्नुभयो "अर्थ न वर्थ गोविन्द हुमागाईं" मेरो नाम पनि गोविन्द थियो । सबै साथीहरू गलल्ल हाँस्न थाले, म ट्वाल्ल परेर हेरेको हेरै भएँ ।

साथीहरूलाई बोलाउन सजिलो भएर होला कसैले हुमे भन्थे कसैले गाइने भन्थे । थापाथलीको भेलापछि मलाई पनि आफ्नो ठाउँमा भएका हुमागाईंको वंश खोज्न मन लाग्यो र एकदिन जागिरको समय मिलाएर मेरो जन्मस्थान बल्थली पुगेर त्यहाँका समाजसेवी, धर्म-कर्ममा आस्था राख्ने आफ्नो परम्परा रितिरिवाजलाई सधैं ध्यान दिने पुराना कुराहरूको ज्ञान भएका गाउँले सबैले मानेका मेरा ठूला बुबा, वेदप्रसाद हुमागाईं सामु एउटा कपी र कलम लिएर उपस्थित भएँ र भने बा मलाई हाम्रो पूर्खा जान्ने इच्छा भयो हाम्रा पुर्खा कहाँबाट आएका हुन भनिदिनु भए म सबै कुरा यस कपीमा टिप्ने थिएँ भनेपछि ल तैले मेरो मनको इच्छा र चाहनाको कुरा गरिस् तैले बुझ्ने गरी टिप म बताउँछु । ठूला बुबाले सबै कुरा बताएपछि मलाई थाहा भयो हाम्रा पुर्खा काभ्रे जिल्लाको काभ्रे भज्याङ्गबाट बल्थली गई बसोबास गरेका रहेछन् । लामो

समयसम्म बल्थलीमा बसोबास गरिरहेका हुमागाईं परिवारहरूको वंशावलीको कपी मेरो दराजमा थन्कियो । यसैक्रममा फेरि २०६७ साल चैत्रमा हामी करिब ६०/६५ जना हमागाईंहरूको जमघट मिनभवन क्याम्पसमा भयो । लामो समयको अन्तरालपछि त्यतिबेलाको अवस्था देशमा जातियताका कुरा, धर्मका कुरा, संगठनका कुरा यी यावत् कुराले हामीलाई पनि छोयो, अब हुमागाईंहरू पनि एक जुट हुनुपर्छ, हुमागाईंहरूको खोजी तीव्र हुनुपर्छ । यो जमाना कम्प्युटरको हो, इमेल इन्टरनेटबाट हुमागाईंको खोजी हुनुपर्छ देशै भरी, विदेशतिर ठाउँ-ठाउँबाट जिल्लाका हरेक वस्तीबाट हुमागाईंहरूको पहिचान हुनुपर्छ भन्ने अभियानका साथ हामी अगाडि बढ्यौं ।

यसै क्रममा मैले संकलन गरिराखेको वंशावलीको कपी लिएर मेरा प्रिय भतिजा जयराम हुमागाईं समक्ष पुगे र सो वंशावलीलाई भतिजको सहयोगले कम्प्युटरमा टाइप गरी प्रिन्ट निकाल्ने काम पनि सम्पन्न गरियो । २०६७ साल जेठ ७ गते हुमागाईं समाज नेपालको पहिलो राष्ट्रिय भेला बनेपाको अरनिको सभा भवनमा भव्य रूपमा सफल भयो । त्यस भेलाबाट हुमागाईंहरूको खोजी गर्ने, वंशावली तयार गर्ने लगायतका कामहरू अगाडि बढाउनका निम्ति २१ सदस्यीय मूल कमिटी गठन भयो । मैले अगाडि देखिनै तयार गरेर राखेको पहिलो पल्ट बल्थलीको वंशावली फ्लेक्स प्रिन्टमा तयार बनाएर मूल कमिटीलाई दिएको थिए । त्यसमा जयराम भतिजको ठूलो सहयोग छ । आज ३७ जिल्लामा हुमागाईंहरू रहेको र त्यसमध्ये करिब २३ स्थानमा हुमागाईं बन्धुहरूलाई समेटी हुमागाईं समाजको उप-कमिटी बनिसकेको छ । हालसम्म प्राप्त भएका वंशावलीको नामावलीलाई संकलन गरी प्रारम्भिक वंशावली समावेश गरी हुमागाईं दर्पणमा प्रकाशित भएको छ । त्यस वंशावलीको टिपोटमा कतै त्रुटी भएमा कतै गल्ती भएमा क्षमा माग्दै पछि सच्चाइनुका साथै छूट भएका परिवारहरूको पनि खोजी गरी छिट्टै पूर्ण आकारको वंशावली प्रकाशन गरिने छ । अझै पनि धेरै जिल्लामा हुमागाईंको खोजी कार्य बाँकी नै छ । बन्धुहरू यहाँनेर भन्न मन लागेको के हो भने संसारमा कोही मानिस एउटै गुण, एउटै चरित्र भएका हुँदैनन् सर्वगुण सम्पन्न कोही पानी हुँदैनन् आफ्नो त्याग तपस्या र मेहनतले नै मानिस अगाडि बढ्ने हो र आफ्नो जाति वंशको पहिचान दिने हो ।

यो मामिलामा राज्यले दिएको अधिकार स्वतन्त्रता, स्वतन्त्र धर्म मान्ने, विचार राख्ने अधिकार सबैलाई छ । यो नितान्त हुमागाईंको रगतको खोजी हो । हुमागाईं जातिको खोजी हो । हामी हाम्रा छिमेकी अर्कै जातका, धर्मका मानिसलाई सहयोग गर्ने हुमागाईं हाम्रै कुलका, वंशका बन्धुहरूलाई किन माया नगर्ने, किन सहयोग नगर्ने, आज म जति पनि हुमागाईंको बन्धुहरूप्रति प्यारो छु, परिचित छु यसमा गाउँका समकालीन दाजुभाइहरूको माया र सहयोगले भएको छु त्यसमा मेरो दृढ चाहना, दृढ संकल्प, अटुट परिश्रम र मेहनत अनी लगनशीलताको पनि कमी छैन । म सदैव आफ्नो वंशको खोजीका निमित्त निरन्तर लागि रहनेछु ।



**- Bhumika Upadhyaya Humagain**
*President of Woman, Humagain Samaj Nepal*



The word yoga itself is a remedy of all types of disease. It has been developed and practiced for thousand of years by our sages and this is now known world over as a part of Hindu culture. It was first presented in a formal and systemic written work by great "Patanjali". The term yoga was defined by sage Patanjali as "chitta - vriti - nirodh". Which means as : mind - its result in awakening our hidden potentialities. It provides us physical, mental and spiritual well-being with a long life. Practising "yog" helps the chakras to absorb more positive energy from the universe while cleansing our spirit of negative emotion, thoughts and beliefs.

There are seven chakras found as written in the ancient and modern books as well. They are as follows:-



1) THE MOOLADHARA CHAKRA
2) THE SWADHISTHAN CHAKRA
3) THE MANIPURA CHAKRA
4) ANAHATH CHAKRA
5) THE VISHUDDHI CHAKRA
6) THE AGYA CHAKRA and
7) THE SAHASRARA CHAKRA.

Music helps to activate or stimulate the chakras. Hence, along with each " ASANA" a particular piece of music has been played to activate the concerned chakra. The name of the chakra stimulated and music has been given with each "ASANA".

Here by I would like to educate my conscious readers' about " OMKAR" which is not only essential but also call as a "JEEWAN DAYEENEE MAHA MANTRA".

***"OMKAR" according to the ancient Hindu philosophical text, the BHAGAWAD GITA, it is said that AUM*** is the origin and the Energy source of the whole universe. In other words, AUM represents GOD. AUM is the root of all MANTRAS. A MANTRA is a typical combination of words which affects the surroundings and human beings through vibrations. These Mantras should be chanted numerous times to get the desired miraculous results. Each and every Mantra starts with AUM and mostly ends with AUM. OMKAR recitation is an important YOGIC practice. The vibration resulting from repeated OMKAR recitation increases the efficiency of Cells and the concerned Organs.

How to proceed: —

1) Sit in SUKHASANA'

2) Keep our hands in Gyan Mudra.

3) And take a deep breath and while Exhaling chant "OM".

4) Repeat 5 to 7 times.

The Advantages are:— In the OMKAR recitation the pronunciation " A" creates vibration, which affects the spinal cord to increase its efficiency . The second pronunciation "U" creates vibration in the throat and affects the thyroid glands, while the last pronunciation "M", brings the vibrations to the brain centres, as a result of which, the efficiency of the brain increases. Therefore, the effect of OMKAR chanting increases concentration, memory, receiving power of the brain and ultimately decreases the level of fatigue. Chanting increases concentration, memory, receiving power of the brain and ultimately decreases the level of fatigue.

(AGYA CHAKRA).

Remaining important components will be published in the next issue.

Bhumika Upadhyaya Humagain

Cell No. 9841503455

# पूर्वी नेपालमा हुमागाईंहरूको अवस्था



**– लक्ष्मी खतिवडा (हुमागाईं)**

*सचिव, हुमागाई समाज (महिला समिति)*

नेपालको पूर्वी सिमानामा अवस्थित रमणीय जिल्ला इलामको नाम्सालिङ गा.वि.स. माङचोक गाउँमा मेरो जन्म भएको हो । भारतको सीमा नजिकै रहेको र दार्जिलिङको प्रभाव परेको यो जिल्ला निकै उर्वर, रसिलो र हरियाली भएकै कारण आन्तरिक तथा वाह्य पर्यटनका लागि पनि उपयुक्त मानिन्छ । यहाँ राणा शासनकालमा स्थापित चिया बगानहरू ज्यादै मनमोहक छन् ।

नेपाल विविध जातजातिले भरिएको मुलुक हो यसको प्रभाव हाम्रो गाउँमा पनि रहेको थियो । ब्राह्मण, क्षेत्री, मगर, घले, कुलुङ, थुलङ, राई, लिम्बु थरहरूको बसोबास भएता पनि ब्राह्मणहरूको बाहुल्यता छ । मैले स्थानीय प्राथमिक विद्यालयमा तीन कक्षासम्म र वि.सं. २००५ मा नै स्थापित नाम्सालिङ माध्यमिक विद्यालयमा सात कक्षासम्म अध्ययन गरें । त्यस बेलासम्म मैले हुमागाईं थर भएको कसैलाई देख्न र सो थर सुन्न पाइनँ । गुरागाईहरू थर भएका साथीहरू थिए । सात-गाईं हुन्छन् भन्ने गरिन्थ्यो । तर भन्दै जाँदा गाईं जोडिएका सात थर पु¥याउन धौधौ पर्थ्यो ।

घरायसी कारणले झापा बसाइ सरेपछि नाम्सालिङ माध्यमिक विद्यालय छोडेर झापाको जन आदर्श माध्यमिक विद्यालय, शिवगञ्ज, झापा र प्रवेशिकापछि धरानको महेन्द्र वहुमुखी क्याम्पसमा अध्ययन गरें र सोपछि शंकरदेव क्याम्पस पुतलीसडकमा अध्ययन गर्दा पनि मैले हुमागाईं थरका साथीहरू भेटिनँ । रेडियो, पत्रपत्रिका आदिबाट काभ्रेपलाञ्चोकमा 'हुमागाईं' हरूको बसोबास रहेको जानकारी भएको थियो ।

स्नातकोत्तर अध्ययनकै क्रममा पाँचथरबाट भारतको आसाम बसाईं सरी जानुभएका तर नेपालमै अध्ययन गरिरहुन भएका हुमागाईं थर भएकासँग मेरो विवाह भयो । मलाई यो थर भन्न पनि मन लाग्दैनथ्यो । हामी त्यस समयमा भद्रपुरमा बस्थ्यौं, हुमागाईं थर भएका कसैसँग भेटघाट भएन । बिजुलीको बिल तिर्न जाँदा हुमागाईं थर देखेर छक्क पर्दै यो थर भएका तपाईंहरू मात्र हुनुहुन्छ भनी हामीलाई भन्ने गर्दथे ।

झापामा त्यस समयमा हामीले अन्य बन्धुहरूसँग सम्पर्क गर्न सकेनौं । त्यसैले मलाई सधैं यो थर अल्पसंख्यकमा परेको जस्तो लाग्थ्यो । घर आसाम जाँदा हामी पाँचथर नवमीडाँडाबाट

यहाँ आएका र हाम्रो मूल थलो काभ्रेको दाप्चा हो भन्ने कुरा ससुराबुबाले गर्नुहुन्थ्यो । काम गर्ने सन्दर्भमा आफ्ना बन्धुहरूसँग भेटघाट हुँदा सामान्य रूपमा कहाँका हुमागाईं भन्ने चर्चा हुन्थ्यो र म चाहिँ अलमलमा नै पर्ने गर्थें ।

आफ्ना पूर्वजहरूप्रति सम्मान गर्ने र आफ्नाप्रति सहयोग गर्ने हाम्रो संस्कार हो । यही संस्कार अनुसार आफ्ना वंशको खोजी गरी आफ्ना पूर्वज र आफन्त पहिचान गर्न विभिन्न गोत्र र थरका वंशावलीहरू प्रकाशन भैसकेका छन् । 'हुमागाईं' हरूको पनि बसाइ फरक फरक स्थानमा भएको, पहिचान हुन नसकेको र हाम्रो यकीन संख्या कति छ थाहा नभएका सन्दर्भमा सो पत्ता लगाई वंशावली निकाल्नु पर्छ भन्ने सोचाइले 'हुमागाईं समाज नेपाल' नामक संस्था दर्ता भएको रहेछ । यसका लागि नेपालभित्र हुमागाईं थर भएका व्यक्तिको नाम ठेगाना पत्ता लगाउन निर्वाचन अयोगमा भएको मतदाता नामावलीबाट हुमागाईं थर भएका व्यक्तिको मात्र नामावली तयार गरी उपयोग गरिएको थियो ।

'हुमागाईं' धनञ्जय गोत्रभित्रको एक थर हो । नेपालको पश्चिमदेखि पूर्वसम्म विभिन्न स्थानमा हुमागाईंहरूको बसोबास रहेको र विश्वको विभिन्न देशहरूमा समेत हाम्रा बन्धुहरूको बसोबास रहेको छ । ब्राह्मण थरबाट स्वतः क्षेत्री र जैसी हुने सामाजिक परम्परा बमोजिम यो थर पनि अछुतो रहेको छैन । जे भएता पनि असंख्य जात, जाति, संस्कार, परम्परा र प्रथाले भरिएको सिङ्गो संसार एउटै समाजजस्तो भएको सन्दर्भमा अहिले हामी जो जहाँ, जे भए पनि हामी एकै वंशका हौं, आफन्त हौं ।

विवाह गरेका बखतमा अल्पसंख्यक जस्तो लागेको यो थर भएका हामी देशभर करिब ९० हजारभन्दा बढी रहेछौं । यो संख्या खोजी गरी वंशावली निकाल्न विभिन्न स्थानमा समिति गठन भई सक्रियतापूर्वक आफन्त र पूर्वजको खोजी कार्य जारी रहेको छ । हालसम्मका खोजी कार्यबाट प्राप्त उपलब्धिहरू समावेश गरी प्रारम्भिक वंशावली प्रकाशन भएको छ । हुमागाईं समाजको यो अग्रसरता प्रारम्भिक वंशावली प्रकाशनपछि हुमागाईंहरूको उन्नति, संरक्षण र प्रवर्धनमा लाग्न सकोस् यही शुभकामना व्यक्त गर्दछु । निकट भविष्यमा नै यस पूर्ण विवरण प्राप्त गरी वृहत वंशावली प्रकाशन हुनेमा विश्वस्त छु ।

# प्रवासमा फस्टाएका हुमागाईं



– नारायणप्रसाद हुमागाईं
*कोलकाता, भारत*

सन् २००८ को बि-कम परीक्षा सम्पन्न गरेर त्यसको परिणामको प्रतीक्षा नगर्दै सागर दर्यानी र बिनोद कुमार होमगाई बसेर कुन व्यापार गर्ने भन्ने विषयमा छलफल गरे । सागरको सोच मुम्बईमा एउटा बेकरी खोल्ने रहेको थियो भने बिनोदको प्रस्ताव रह्यो कोलकाताबाट फाष्ट फूड मःमः को प्रयास गर्ने । केही मःमः उत्पादनमा रहेका केटाहरूसँग छलफल गरेर योजना अगाडि बढाउने काम गरे । शुरुमा भा.रु. ३० हजार सापट लिएर व्यवसाय सुरु गर्ने निर्णय गरे । यसका लागि सागरका बाबु जगदिश दर्यानीको जादवपुर घरमा बसेको भाडावालालाई अन्त घर खोज्न सल्लाह दिएर त्यसै ठाउँमा मःमः उत्पादन गर्न शुरु गर्दै कोलकातामा रहेका स्पेन्सर चेनस्टोका प्रमुखसँग बसेर सम्झौता गरी सेप्टेम्बर २००८ मा दक्षिण कोलकाताको टालिगञ्ज गाछतला भन्ने ठाउँबाट बिक्री प्रारम्भ गरे । त्यसको केही दिनपछि, अभिसार नामको मल (Mall) मा अर्को स्टल खोले । त्यसपछि कोलकाताको सबभन्दा ठूलो महल साउथ सिटीमा स्टल राख्न स्पेन्सरले नै लगायो । स्पेन्सरका रास बिहारी लगायतका कयौं अन्य ठाउँमाहरूमा स्टल स्थापना गरे । सँगै उनीहरूले बिग बजार र पैन्टालुनसँग सम्झौता गरे । यसको साथसाथै कोलकाताभित्र रहेका बिगबजारका विभिन्न शाखाहरूले वाउ मःमः (WOW MO:MO:) को स्टल राख्न अनुमति प्रदान गरे । यी प्रचारका कारणले कोलकाता र यसका वरिपरि रहेका अन्य धेरै महल र फुड कोर्टहरूले मःमःको रुचि देखाएर स्टल राख्न अनुमति प्रदान गरे ।

उनीहरूको आकांक्षा यतिमा मात्र सीमित रहेन, भारतका अन्य सहरहरूमा पनि यसैगरी सञ्जाल (Chain Stalls) राख्ने सोच बनाउँदै कोलकाता लगायत पुने, बैंगलोर, चेन्नाई, कोचि र केही महिना अघिबाट दिल्ली, नोयड़ा आदिमा आफ्ना स्टोर र रेष्टुराँहरू खडा गरिसकेका छन् ।

यसमा रातदिन परिश्रम गर्ने र योजना तयार गर्ने बिनोद होमगाई र सागर दर्यानी हुन् । पहिलो सुरुवातमा Yo Foods India को WOW MO:MO: नामबाट संचालन गरेका थिए । पछि त्सलाई ब्रान्डेड गरे । २०१५ बाट WOW MO:MO: लाई WOW MO:MO: Private Limited कम्पनी बनाएर परिचालन गरिरहेका छन् । यी दुबै जना कम्पनीका प्रथम डाइरेक्टर हुन् र यिनीहरूका नाममा ४०-४० प्रतिशत शेयर छ । १० प्रतिशत शेयर २०१५ मा Indian Angel Netwok लाई बेचेका छन् बाँकी रहेको १० प्रतिशत आफ्ना योग्य पुराना कर्मचारीहरूलाई दिनेगरी आफैंसँग राखेका छन् ।

## कामको फैलावट र योजना

जब जब एउटा स्टल सम्पन्न हुन्छ फेरि अर्को कहाँ र कसरी गर्ने भन्ने योजना कस्न सुरु गर्छन् । त्यसको आर्थिकको पाटो तयार गर्दै उनीहरू त्यहाँ ओर्लिहाल्छन् । त्यहाँको प्रणालीलाई तयार गरेर कुनै खास व्यवस्थापकलाई दायित्व सुम्पिन्छन र आफूले रेखदेख गर्छन् । कामको क्षेत्रमा आफ्ना नगिचका व्यक्ति रहँदा परिचालन गर्न अप्ठ्यारो पर्छ भन्ने सोचले विशेष अनुभवी र योग्य व्यक्तिको छनोट गर्छन् । यसैगरी हालसम्म भारत भरी ६० भन्दा अधिक स्टलहरू निर्माण गरिसकेका छन् भने ७०० भन्दा धेरै व्यक्तिहरू यो व्यवसायमा कार्यरत छन् ।

भविष्यमा भारतका विभिन्न मेट्रो पोलिटन र औद्योगिक नगरहरूमा यसको सञ्जाल फैलाउने सोच उनीहरूको रहेको छ । माथि नै उल्लेख गरिसकियो उनीहरू कुन कुन शहरमा रहेका छन् भनेर । अब बाँकी रहेका ठाउँहरूमा कुन प्रकारले स्थापित हुन सकिन्छ त्यो प्रयत्नमा उनीहरू लागिपरेका छन् ।  त्यसपछिको योजना नेपालमा हुनेछ भन्ने कुरा उनीहरूले बताउदै आएका छन् ।

## गुण, विशेषता र अवसरहरू

यिनीहरूमा आआफ्नै खाले विशेष गुणहरू भएकोले व्यवसायमा राम्रो सफलता देखिएको छ । पढाइमा एउटै कलेज, एउटै विषय र दुबैको चासो व्यवसायिक क्षेत्रमा भएको हुनाले दुबैजना मिलेर व्यवसाय गर्ने मन बनाएर ओर्लेका थिए । बिनोदमा रहेको सरलपन, गम्भीर दायित्वबोध, शान्त, शालीन, मिजास, साथीहरूमाथि विश्वास गर्ने अभ्यास र आफ्नो रुचिको काममा अरूलाई हम्मेसा सहयोग गर्ने अनि त्यस्तै सागरमा रहेको परम्परागत व्यवसायको सम्बन्ध, दुरदर्शिता, तुरुन्तै निर्णय गर्न सक्ने र नयाँ नयाँ योजनाको प्रारूप परिकल्पना गर्ने भएको हुनाले व्यापार विस्तार गर्न सुविधा रहेको छ । सुरुको अवस्थामा आर्थिक क्षेत्रमा परिवारिक बोझ खासै थेग्नु नपर्ने र अन्य कुराहरूमा पारिवारिक सुझाव र सहयोग रहेकाले उनीहरूलाई अगाड़ि बढ्न सजिलो भएको छ । २०१३ मा बिनोदको विवाह भएपनि सागरको विवाह गर्न अझै बाँकी छ । ठूलो पारिवारिक चिन्ता र बोझ यतिबेला महसुस नभएकोले उनीहरूलाई सजिलै अगाड़ि बढने मौका छ ।

## चुनौतिहरू

आजको प्रतिस्पर्धामा रहेको विश्व बजारमा व्यवसाय चलाउनु त्यति सजिलो भने छैन । केही भलो चिताउने व्यवसायी भन्दा बाहिरका समुदायबाट खासै सर, सुविधा र सहयोग जुटन मुस्किलै पर्छ । बजारमा धेरै मूल्य राखेर बेच्दा प्रर्तिस्पर्धीहरूले उछिन्ने सम्भावना भएकोले त्यसलाई अति सामान्य फाइदा भन्दा बढि गर्न सकिंदैन । सरकारको भ्याट र अन्य करहरू

प्रणालीमै जोड़िएको हुँदा त्यसलाई नियमित गरी बुझाउनुपर्ने हुन्छ। सेफ र कुक अनि सहयोगीहरू राम्रो काम जानेका व्यक्तिको आवश्यकता हुन्छ। सेल्स्म्यान, व्यवसायी विशेषज्ञहरूलाई राम्रो पारिश्रमिक दिएर राख्नुपर्ने हुन्छ। ठूलो टर्न ओभर रहेको हुनाले त्यहाँ कार्यरत दक्ष व्यक्ति जस्तैः एक्काउन्ट्स् हेर्ने अनुभवी, चार्टर एकाउण्टेन्ट र अडिटरको व्यवस्था गरिएको छ र त्यसै प्रकारको भुक्तान गर्नुपर्ने हुन्छ।

उत्पादन स्थल र स्टलहरूमा तोकिएको सुरक्षा प्रणाली व्यवस्था गर्नु र त्यसको नियमित परीक्षण गरिरहनु पर्छ। सरकारी नीति र नियम पालन गर्ने कुराहरू जहाँ पनि अनिवार्य हुन्छन्। फेरि भारतका विभिन्न राज्यमा व्यापार फैलिएको हुँदा ती राज्यहरूमा केही केही विषय फरक नियमहरू हुने गर्छन्। यी सबै कुराहरूलाई ध्यानमा राखेर चल्नु पनि चुनौतिका कामहरू हुन्।

उत्पादन गुणोस्तर छ या छैन, कहींबाट केही राम्रा नराम्रा भनाइ र सुझावहरू आएका छन् या छैनन्, आफ्ना प्रतिस्पर्धामा रहेका अन्य उत्पादनहरू के कस्ता छन्, श्रमिकहरूका गुनासा के के छन् आदि विषयहरूमा ध्यान पुगेन भने समस्या पैदा हुनसक्छ। यी सबै कुराहरूलाई समन्वय गरेर अघि बढ्नु पर्ने भएकाले चुनौतिपूर्ण कामहरू रहेका छन्।

**प्रचार प्रसार**

शुरुवाती अवस्थामा मःमः ले बजारमा त्यति परिचय पाएको थिएन। वाउ मःमः बजारमा आएपछि प्रचार बढ्दै गयो। यसमा प्रचारका पनि विभिन्न रूप र माध्यमहरू रहे। यो स्वादिष्टको साथै ब्राण्डेड भएकोले उपभोक्ताहरूको माध्यमबाट राम्रो प्रचार भयो। ठूल्-ठूला मलहरूका फूड स्टलहरूमा राखिएको हुनाले व्यक्तिहरूको नजरमा टड्कारो गरी देखिने र भन्ने बितिक्कै माइक्रो ओभनमा तयारी गरेर दिने क्रमले झनै प्रभाव पार्‍यो। विभिन्न समुदायमा चर्चा, मेलाहरूमा प्रदर्शन, आफन्तहरूले गरेको प्रशंसा आदि पनि प्रचारका विषयहरू बने। समाचार माध्यमहरूले गरेका प्रचार प्रसारले राम्रै प्रभाव परेको छ। हाल कहीं पनि एउटा मल वा स्टोर तयार हुने बितिक्कै त्यहाँ अन्य खानपानको साथमा अनिवार्य हुँदै गएको देखिन्छ।

